# सामाजिक सुरक्षा योजना

## सम्बन्धी अध्ययन प्रतिवेदन,२०६७

नेपाल सरकार

सामाजिक सुरक्षा योजना अध्ययन कार्य समिति

# नेपाल सरकार

# सामाजिक सुरक्षा योजना सम्बन्धी अध्ययन प्रतिवेदन

## २०६७

## सामाजिक सुरक्षा योजना अध्ययन कार्य समिति

# दुई शब्द

विश्वका विकसित देखि अल्पविकसित मुलुकहरूसम्म सबैले आफ्ना नागरिकलाई क्षमताशिल र सयोग्य नागरिकको रूपमा विकास गर्न ठूलो लगानी गरेका छन् । आफ्ना नागरिकको सेवामा राज्यले आफ्नो जिम्मेवारी निभाउनु पर्दछ नै । यसमा राज्यले अबलम्बन गरेको शासकीय प्रणाली, मुलुकको आर्थिक तथा सामाजिक अवस्थाले मुलुकलाई सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्न निर्देशित गर्दछ ।

कतिपय देशहरूमा नागरिकलाई गर्भावस्थाको स्याहार देखि बालकको उचित लालन पालन र विकास, बाल संरक्षण अनुदान, उमेर अनुसार शिक्षाकालागि शैक्षिक बृत्ति, सक्रिय श्रम उमेर समुहका नागरिकको निमित्त रोजगारीको सृजना, रोजगारीको अभावमा संरक्षण, बेरोजगार भत्तादेखि लिएर अशक्त बृत्ति, असहाय भत्ता, अपाङ्गता भत्ता, बृद्ध भत्ताजस्ता विभिन्न किसिमका सुरक्षाका कवचहरु राज्यले प्रदान गरेको हुन्छ । सक्रिय जीवनपश्चात सामाजिक सुरक्षाका विभिन्न सेवा सुविधाहरु उपलब्ध गराउने प्रचलन विश्वका अभिकांश विकसित र प्रायःजसो विकासोन्मुख देशहरूमा पनि पाइन्छ । यसले नागरिकहरूलाई रोजगारको क्रममा आवश्यक सुरक्षा र सेवाको अन्त्य तथा सक्रिय जीवनबाट अवकाश पछि सामाजिक सुरक्षाको प्रत्याभूति गर्नुपर्ने हुन्छ । समाजमा रहेका सबै वर्ग र क्षेत्रको हितका कार्यक्रमका माध्यमबाट नागरिकहरूको सुरक्षा, संरक्षण र विकासमा राज्यको मुख्य दायित्वमा पर्दछ ।

यस्तो सामाजिक सुरक्षाको दायित्व वहन गर्न राज्यले नियमित स्रोतका अलावा कर तथा अन्य स्रोतहरूको जगेर्ना र योगदानमा आधारित विभिन्न कार्यक्रमहरूको सञ्चालन गरेको हुन्छ । ब्यक्तिले आफ्नै सक्रिय जीवनमा सामाजिक सुरक्षा कोषमा गरेको योगदानको आधारमा निजलाई जोखिमको अवस्था र अवकाश पश्चात् सामाजिक सुरक्षा भुक्तानी गरिने प्रचलन संसारभरी नै छ । सामाजिक सुरक्षा कोषको माध्यमबाट श्रम क्षेत्रलाई सामाजिक संरक्षणको न्यूनतम अनुभूति प्रदान गर्न महत्वपूर्ण योगदान पुग्न सक्दछ । यसै क्रममा आर्थिक वर्ष ०६६/६७ को बजेटले सामाजिक सुरिक्षाको क्षेत्रमा युगान्तकारी कार्यक्रमको उद्घोष गरेको छ जसमा पारिश्रमिकबाट आय आर्जन गर्ने नागरिकलाई सामाजिक सुरक्षा कर लगाउने व्यवस्था भएको छ । सामाजिक सुरक्षा करको व्यवस्था प्रारम्भ नगरिएसम्म पारिश्रमिक आय आर्जन गर्ने व्यक्तिहरूबाट करयोग्य आयको पहिलो स्ल्याबमा १ (एक) प्रतिशत कर लगाउने व्यवस्था प्रस्तुत बजेटले गरेको छ ।

बजेटको यसै उद्देश्यलाई परिपूर्ति गर्न वृद्धभत्ता, असहाय भत्ता जस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरु क्रमशः विस्तार गर्दै लगिएको र भविष्यमा यसलाई विस्तार गर्ने सन्दर्भमा सामाजिक सुरक्षा कर लगाउने तर्फ अध्ययन गरिने बजेटको प्रतिबद्धतालाई कार्यान्वयन गर्न मेरो संयोजकत्वमा नेपाल सरकार, ट्रेड यूनियन तथा रोजगारदाताको प्रतिनिधित्व रहेको "सामाजिक सुरक्षा योजना अध्ययन कार्य समिति" गठन भएको हो ।

सामाजिक सुरक्षा योजनाको अध्ययनको क्रममा नेपाल सरकारद्वारा गठित यस समितिबाट पहिलो चार महिनामा विभिन्न सरोकारवाला तथा सहकारी निकाय एवं पदाधिकारीहरूसँगको छलफल तथा अन्तरक्रिया र विशेषज्ञहरूको प्रशिक्षण समेतबाट यो प्रारम्भिक प्रतिवेदन तर्जुमा गरिएको छ । सामाजिक सुरक्षाको विषय बृहत् भएको हुँदा देशगत रूपमा यस सम्बन्धी कार्यक्रमहरूमा विविधताको विस्तृत अध्ययन तथा अनुभव हासिल गरी अन्तिम प्रतिवेदन पेश गरिने छ । यस प्रारम्भिक प्रतिवेदनले सामाजिक सुरक्षा करको व्यवस्थापन गर्न, तर्जुमाको क्रममा रहेको त्रिवर्षिय अन्तरिम योजनालाई सामाजिक सुरक्षाका विषयलाई सम्बोधन गर्न तथा राष्ट्रिय योजना आयोग सामाजिक संरक्षण राष्ट्रिय प्रारूप तयारी समितिलाई नेपालको निमित्त सामाजिक संरक्षणको प्रारूप तयारीमा सहयोग हुने अपेक्षा गरेको छु ।

नेपालमा पहिलोपटक सामाजिक सुरक्षालाई वृहत् रूपमा लाने अवधारणा सहित यस "सामाजिक सुरक्षा योजना अध्ययन कार्य समिति" गठन गरी हामीलाई विश्वासपूर्ण जिम्मेवारी प्रदान गर्नु भएकोमा र समय समयमा प्रदान गर्नु भएको हौसला र मार्गनिर्देशनको लागि माननीय अर्थमन्त्री श्री सुरेन्द्र पोण्डेज्यू प्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छु ।

अन्तमा यस प्रतिवेदन तयारीको क्रममा अत्यन्त चासो र सक्रिया सहभागिताका साथ समितिलाई सधै अगाडी बढ्न उत्प्रेरित गर्ने बरिष्ट आर्थिक सल्लाहकार केशव प्रसाद आचार्यज्यू,नेपाल स्थित अन्तराष्ट्रिय संघ सङ्गठन,यस कार्यमा संलग्न अर्थ मन्त्रालयका उप सचिव लक्ष्मण वहादुर वस्नेत र समितिका सबै पदाधिकारीहरूले गर्नु भएको खुला छलफल, गहन अध्ययन तथा सुझावहरूको निमित्त म समितिका सम्पूर्ण पदाधिकारी तथा महत्वपूर्ण जानकारी प्रदान गरी सहयोग पुऱ्याउनु हुने विशेषज्ञहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।

**कृष्णहरि बास्कोटा**
**सचिव (राजस्व)**
**अर्थ मन्त्रालय**
**मिति २०६७।१।३१**

# सामाजिक सुरक्षा योजना कार्य समिति

| | | |
|---|---|---|
| १. | श्री कृष्णहरि बास्कोटा, सचिव (राजस्व) अर्थ मन्त्रालय | संयोजक |
| २. | मा. श्री विष्णु रिमाल, अध्यक्ष, जिफण्ट | सदस्य |
| ३. | मा. श्री शालिकराम जम्मरकटेल, अध्यक्ष, अखिल ट्रेड युनियन महासंघ | सदस्य |
| ४. | श्री लक्ष्मण बहादुर बस्नेत, अध्यक्ष, ट्रेड युनियन काँग्रेस | सदस्य |
| ५. | श्री पूर्ण चन्द्र भट्टराई, सहसचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य |
| ६. | श्री सोमलाल सुवेदी, सहसचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| ७. | श्री केदार पौडेल, सहसचिव, कानून तथा न्याय मन्त्रालय | सदस्य |
| ८. | श्री दिनेश श्रेष्ठ, प्रतिनिधि, नेपाल उद्योग वाणिज्य संघ | सदस्य |
| ९. | श्री राजकुमार अग्रवाल, प्रतिनिधि, नेपाल उद्योग परिसंघ | सदस्य |
| १०. | श्री लोकमान्य गोल्छा, प्रतिनिधि, नेपाल चेम्बर अफ कमर्श | सदस्य |
| ११. | श्री शान्तराज सुवेदी, सहसचिव, राजस्व महाशाखा, अर्थ मन्त्रालय | सदस्य सचिव |

# विषय-सूची

**सि.नं.** **विषय** **पेज नं**


**भाग १**

**प्रारम्भिक**

१.१ पृष्ठभूमि ........ १

१.२ सामाजिक सुरक्षा योजना अध्ययन कार्य समिति - २०६६ को संरचना ........ १

१.३ समितिको कार्यक्षेत्र ........ २

१.४ अध्ययनको उद्देश्य ........ ३

१.५ अध्ययनको आवश्यकता र महत्व ........ ४

१.६ अध्ययनको क्षेत्र र सीमा ........ ४

१.७ अध्ययन विधि ........ ५

१.८ अध्ययन समयावधि ........ ५

१.९ प्रतिवेदन संरचना ........ ५

**भाग २**

**सामाजिक सुरक्षाको अवधारणा**

२.१ पृष्ठभूमि ........ ६

२.२ परिभाषा ........ ६

२.३ सामाजिक सुरक्षाको अन्तर्राष्ट्रिय मान्यता ........ ८

२.४ सामाजिक सुरक्षाका रणनीतिक अवधारणा (Coneeptual Straegy of Social Security) १४

२.५ सामाजिक संरक्षणका कार्यक्रमहरू (Social Protection Programe) ........ १५

२.६ सामाजिक सुरक्षा (Social security) कार्यक्रम कार्यान्वयन ढाँचा ........ १८

## भाग ३

## सामाजिक सुरक्षा कार्यक्रमको अनुभव र अभ्यास


३.१ थाइल्याण्ड ........ २२

३.२ भियतनाम ........ २५

३.३ मेक्सिको ........ २७

३.४ फिलिपिन्स ........ २९

३.५ इथियोपिया ........ २९

३.६ जोर्डन ........ २९


## भाग ४

## सामाजिक सुरक्षा कार्यक्रम र नेपाल


४.१ पृष्ठभूमि ........ ३१

४.२ सामाजिक सुरक्षा अवधारणाको विकास ........ ३१

४.३ नेपालमा सामाजिक सुंरक्षा सम्बन्धी अवधारणा ........ ३२

४.४ सामाजिक सुरक्षाका नीतिगत व्यवस्था ........ ३३

४.५ नेपालमा सामाजिक सुरक्षा प्रणालीको विद्यमान अवस्था ........ ३५

४.६ नेपालमा सामाजिक सुंरक्षा सम्बन्धी कार्यक्रमहरू ........ ३६

४.७ नेपालमा सामाजिक सुरक्षा कार्यक्रममा संलग्न निकायहरू ........ ३९

४.८ नेपालमा संचालित सामाजिक सुरक्षा र संरक्षणका मुख्य कार्यक्रमहरू ........ ४०

४.९ सामाजिक सुरक्षाको सन्दर्भमा नविन प्रयासहरू ........ ४४

४.१० समस्या ........ ४७

४.११ चुनौती ........ ५०


## भाग ५

## नेपालमा सामाजिक सुरक्षा योजना


५.१ विषय प्रवेश ........ ५२

५.२ नेपालमा सामाजिक सुरक्षाको परिभाषा ........ ५२

५.३ सामाजिक सुरक्षा योजनाको महत्व ........ ५३

५.४ नेपालमा सामाजिक सुरक्षा योजनाको मार्गचित्र ........ ५७

५.५ सामाजिक सुरक्षाको छातामा सामाजिक विमा ..... ५८
५.६ नेपालको प्रस्तावित सामाजिक सुरक्षा योजना ..... ५९
५.७ नेपालको सामाजिक सुरक्षा योजनाका चरणहरू ..... ६०
५.८ सामाजिक सुरक्षा योजनामा ध्यान पुऱ्याउनुपर्ने पक्षहरू ..... ६२
५.९ सामाजिक सुरक्षा योजना सम्बन्धी तयारी प्रक्रिया ..... ६५

## भाग ६

## सामाजिक सुरक्षा कोषको गठन तथा व्यवस्थापन

६.१ सामाजिक सुरक्षा कोष ..... ६६
६.२ अंशदानमा आधारित सामजिक सुरक्षा कोष ..... ६६
६.३ सामाजिक सुरक्षा कोषको संरचना ..... ६७
६.४ सामाजिक सुरक्षा सम्बन्धी कानूनी व्यवस्था ..... ६८
६.५ कोषका सामाजिक सुरक्षा योजना ..... ६८
६.६ सामाजिक सुरक्षाका कार्यक्रमको समष्ठिगत ढाँचा ..... ६९

## भाग ७

## सिफारिश तथा निष्कर्ष

७.१ सुधारकालागि गर्नु पर्ने दीर्घकालिन कार्यहरू ..... ७१
७.२ तत्कालीन कार्य र कार्यान्वयन कार्ययोजना ..... ७४
७.३ निष्कर्ष ..... ७६
७.४ सन्दर्भ सामाग्री ..... ७८

## अनुसूचिहरु

अनुसूची - १ सामाजिक सुरक्षा योजना सम्बन्धी कार्ययोजना..... ८०
अनुसूची - २ सामाजिक सुरक्षा कर नियमावली २०६७..... ८२
अनुसूची - ३ कोष सचिवालयको सङ्गठनात्मक संरचना र दरवन्दी ..... ९२

## सामाजिक सुरक्षा योजना (Social security Plan) सम्बन्धी अवधारणा

### भाग १

# प्रारम्भिक

### १.१ पृष्ठभूमि :

विश्वका विभिन्न मुलुकहरूमा आफ्ना नागरिकहरूलाई सामाजिक सुरक्षा प्रदान गर्न सरकारले विभिन्न किसिमका सुरक्षा योजनाहरू सञ्चालन गर्ने गरेको पाइन्छ । आजको समयमा राज्यको भूमिका गर्भदेखि चिहानसम्म रहने गर्दछ । त्यसमा पनि समाजका सबै वर्ग र क्षेत्रको हीतका कार्यक्रमका माध्यमबाट नागरिकहरूको सुरक्षा, संरक्षण र विकासमा राज्यको महत्वपूर्ण जिम्मेवारी निभाउनु पर्ने हुन्छ । सुयोग्य नागरिकको रूपमा विकास गर्न, आफ्ना नागरिकहरूलाई रोजगारीको सृजना, रोजगारीको अभावमा संरक्षण, रोजगारको क्रममा आवश्यक सुरक्षा र सेवाको अन्त्य तथा सक्रिय जीवनबाट अवकाश पछि नागरिकको सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु राज्यको प्रमुख दायित्व हुन्छ । यसको लागि राज्यले आफ्नो सङ्कलित राजस्वबाट ठूलो रकम ( Huge Amount) लगानी गर्नुपर्ने हुन्छ । यसरी नै नेपालको अन्तरिम संविधानले समेत सामाजिक सुरक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ ।यसलाई वास्तविक रूपमा कार्यान्वयन गर्न नेपाल सरकारले आ.व. २०६६।६७ को बजेट वक्तव्य मार्फत सामाजिक सुरक्षाको अवधारणा ल्याएको छ । बजेट बक्तव्यको बुँदा नं. २८५(क) मा सामाजिक सुरक्षाका कार्यक्रमहरू क्रमशः विस्तार गर्दै लग्ने सन्दर्भमा विद्यमान करारोपणको क्षेत्रमा सामाजिक सुरक्षा कर तथा यस करको सञ्चालन, व्यवस्थापन र उपयोगको निमित्ति आवश्यक अध्ययन गरिने उद्घोष भएको थियो । सो उद्देश्यलाई दीर्घकालिन रूपमा अगाडि बढाउन र सामाजिक सुरक्षाको माध्यामबाट नेपाली जनताको कल्याण तथा यसमा सरकारले गर्नु पर्ने कार्यको दीर्घकालिन दृष्टिकोण सहित सामाजिक सुरक्षा योजनाको तर्जुमाको सन्दर्भमा यो अध्ययन आवश्यक भएको छ ।

### १.२ सामाजिक सुरक्षा योजना अध्ययन कार्य समिति - २०६६ को संरचना :

नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०६६।०७।०८ को निर्णयले सामाजिक सुरक्षा कार्यक्रम विस्तारको निमित्त अर्थ मन्त्रालयका राजस्व सचिव श्री कृष्णहरि बास्कोटाको संयोजकत्वमा देहाय बमोजिम उच्चस्तरीय ***"सामाजिक सुरक्षा योजना अध्ययन कार्य समिति"*** गठन भएको हो । सामाजिक सुरक्षा करको सङ्कलन, व्यवस्थापन तथा यसको उपयोगका सम्वन्धमा अध्ययन गरी सुझाव दिन सरकारी, रोजगारदाता र संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका प्रतिनिधिहरूको समानुपातिक प्रतिनिधित्व (Tripatite) रहेको उक्त उच्चस्तरीय समितिलाई नेपाल सरकार समक्ष व्यवहारिक र कार्यान्वयन योग्य सुझाव प्रस्तुत गर्न कार्यादेश प्राप्त भएको छ ।

१. श्री कृष्णहरि बास्कोटा, सचिव (राजस्व) अर्थ मन्त्रालय — संयोजक

**(क) सरकारी प्रतिनिधि :**

२. श्री पूर्णचन्द्र भट्टराई, सहसचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय — सदस्य

३. श्री सोमलाल सुवेदी, सह सचिव, स्थानीय विकास मन्त्रालय — सदस्य

४. श्री केदार पौडेल, सह सचिव, कानून तथा न्याय मन्त्रालय — सदस्य

**(ख) रोजगारदाता प्रतिनिधि :**

५. श्री दिनेश श्रेष्ठ, प्रतिनिधि, नेपाल उद्योग बाणिज्य महासंघ — सदस्य

६. श्री राज कुमार अग्रवाल, प्रतिनिधि, नेपाल उद्योग परिसंघ — सदस्य

७. श्री लोकमान्य गोल्छा, प्रतिनिधि, नेपाल चेम्बर अफ कमर्श — सदस्य

**(ग) संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका तर्फबाट प्रतिनिधि :**

८. श्री लक्ष्मण बहादुर बस्नेत, अध्यक्ष,ट्रेड युनियन कांग्रेस — सदस्य

९. श्री शालिकराम जम्मरकटेल, अध्यक्ष, अखिल ट्रेड युनियन महासंघ — सदस्य

१०. श्री विष्णु रिमाल, अध्यक्ष, नेपाल ट्रेड यूनियन महासंघ (जिफण्ट) — सदस्य

**(घ) सदस्य सचिव :**

११. श्री शान्तराज सुवेदी, सह-सचिव, राजस्व महाशाखा, अर्थ मन्त्रालय — सदस्य सचिव

## १.३ समितिको कार्यक्षेत्र :

१. **हालको लागि** २०६६ साउनदेखि मासिक पारिश्रमिकबाट कट्टी गरिएको १ प्रतिशत रकम बराबर निकासा प्राप्त गर्ने विधिबारे सुझाव दिने ।

२. विनियोजनबाट प्राप्त हुने रकम छुट्टै खातामा राख्ने र सो खाता सञ्चालनार्थ विधिबारे सुझाव दिने ।

३. छुट्टै खाता सञ्चालन गर्ने र कोष रकमको व्यवस्थापन गर्न आवश्यक पर्ने छुट्टै सचिवालयको संरचना सम्बन्धमा सुझाव दिने ।

४. हालको लागि मासिक पारिश्रमिकबाट कट्टी गरिने १ प्रतिशत रकमको व्यवस्थापन गर्न तत्कालका लागि आवश्यक पर्ने सरकारको कार्यकारी आदेशको ढाँचा सिफारिस गर्ने ।

५. सामाजिक सुरक्षा योजनाको विस्तृत स्वरूप प्रस्ताव गर्ने ।

६. सामाजिक सुरक्षा ऐनको मस्यौदा प्रस्ताव गर्ने ।

७. सामाजिक सुरक्षा योजना सञ्चालनार्थ रकम जम्मा हुन थालेपछि सो रकमबाट योगदानकर्तालाई तत्काल राहत पुऱ्याउन तत्कालीन र अल्पकालीन साना प्रकृतिका योजना तत्कालै सुझाव गर्ने ।

८. यसरी जम्मा हुने रकमबाट मध्यकालीन र दीर्घकालीन योजना सञ्चालन गर्न विस्तृत कार्य योजना प्रस्ताव गर्ने ।

९. यसरी छुट्टै जम्मा गरिने रकममा सरकार **र** निजी क्षेत्रबाट योगदान हुने रकम र प्रस्तावित योजना पनि पेश गर्ने ।

१०. श्रम बजारमा गर्न सकिने संभाव्य सुधारहरूबारे राय पेस गर्ने ।

११. सामाजिक सुरक्षा व्यवस्थाबारे आगामी पौष महिना (डिसेम्बर २००९) मा नेपाल सरकारले गर्ने गोष्ठीको तयारी र व्यवस्थापनमा सहयोग गर्ने ।

१२. सामाजिक सुरक्षा योजना सञ्चालनार्थ अन्य देशको अनुभवसहित समितिले उचित देखेका अन्य रचनात्मक सुझावहरू प्रस्ताव गर्ने ।

१३. यस सम्बन्धी अन्य देशको अभ्यास/प्रणालीहरूको अध्ययन गर्ने ।

१४. अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरू र आइ.एल.ओ.बाट सहयोगको सम्भावनाको खोजी गर्ने ।

## १.४ अध्ययनको आवश्यकता र महत्व :

नेपाल सरकारले आ.व. २०६६।६७ को बजेट वक्तव्य मार्फत सामाजिक सुरक्षा कर लगाउने प्रस्ताव गरेको छ । उक्त आ.व.को बजेट वक्तव्यको बुँदा नं. २८५(क) मा वृद्धभत्ता, असहाय भत्ता जस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरू क्रमशः विस्तार गर्दै लगिएको र भविष्यमा यसलाई विस्तार गर्ने सन्दर्भमा सामाजिक सुरक्षा कर लगाउने तर्फ अध्ययन गरिने भनिएको छ । नेपाल सरकारको नीति र कार्यक्रमको कार्यान्वयन उद्घोषको रूपमा बजेट मन्तव्यको व्यवस्थालाई कार्यान्वयन गर्नेक्रममा नेपालका ट्रेड यूनियन महासंघहरू र रोजगारदाता सङ्गठन समेतको सहकार्यतामा यसलाई संस्थागत विकास गर्न अपरिहार्य भएको हुंदा सबै सरोकारवालाहरू बीच सहमती कायम गर्न यस अध्ययनको आवश्यकता परेको हो ।

यसैगरी सुमधुर श्रम सम्बन्धको विकास गरी औद्योगिक वातावरणको सृजनागरी आय आर्जन गर्ने अवस्थाबाट बन्चित हुने अवस्थामाआयको निरन्तरताकोलागि सहयोग गर्न तथा समाजमा रहेका वृद्ध, असहाय, अपाङ्ग, तथा अक्षम नागरिकलाई जीविकोपार्जनमा आइपर्ने जोखिमको सामना गर्न सामजिक सुरक्षा योजना लागु गर्न आवश्यक हुन गएको छ ।

## १.५ अध्ययनको उद्देश्य :

नेपाल सरकारबाट बृहत् सामाजिक सुरक्षा सम्बन्धी योजना सञ्चालन गर्ने गरी आर्थिक वर्ष २०६६/६७ मा प्रारम्भ गरेको सामाजिक सुरक्षा अवधारणालाई मूर्तरूप प्रदान गर्ने अभिप्रायले यस अध्ययनका निम्न बमोजिम मुख्य उद्देश्यहरू रहेका छन् :-

१. नेपालमा सामाजिक सुरक्षाको सुव्यवस्थित प्रणालीको प्रारम्भ गर्नु,

२. सामाजिक सुरक्षामा राज्यको भूमिका स्पष्ट गरी एकिकृत प्रणालीको स्थापना गर्नु,

३. एकिकृत सामाजिक सुरक्षा प्रणाली अन्तर्गत कुन कुन जोखिमलाई आबद्ध गर्ने हो त्यसको स्किमहरूको विकास तथा प्राथमिकताक्रमको निर्धारण गर्नु,

४. सामाजिक सुरक्षामा आवश्यक पर्ने योगदान तथा सुविधा सम्बन्धमा अध्ययन गरी विस्तृत कार्ययोजना प्रस्ताव तयार गर्नु ।

## १.६ अध्ययनको क्षेत्र र सीमा :

नेपाल सरकारबाट समय समयमा विभिन्न सामाजिक संरक्षण कार्यक्रमहरूको कार्यान्वयनको प्रयास भएतापनि सामाजिक सुरक्षाको समग्र पक्षलाई बृहत् रूपमा समाविष्ट हुने गरी सामाजिक सुरक्षा योजनाको अवधारणा तयार गर्ने उद्देश्य साथ गठन भएको यो पहिलो उच्चस्तरीय समिति हो । यो अध्ययनको मुख्यत निम्न कार्यक्षेत्र रहेको छ :

१. नेपाल सरकारले आ.व. २०६६।२०६७ को बजेट वक्तव्यको बुँदा नं. २८५(क) मा वृद्धभत्ता, असहाय भत्ता जस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई विस्तार गर्ने सन्दर्भमा सामाजिक सुरक्षा योजनाको खाका तयार गर्ने उदेष्यले सामाजिक सुरक्षाका विविध पक्षहरूको सम्बन्धमा अध्ययन तथा विश्लेषण गर्नु यस अध्ययनको क्षेत्र रहेको छ ।

२. चालु आ.ब बाट सङ्कलित सामाजिक सुरक्षा करको व्यवस्थापन तथा यसको उपयोगका सम्वन्धमा अध्ययन विश्लेषण गरी संस्थागत प्रबन्धको खाका तर्जुमा गर्नु यस अध्ययनको अर्को महत्वपूर्ण कार्यक्षेत्र रहेको छ ।

३. नेपालमा विभिन्न समयमा विभिन्न किसिमका सामाजिक सुरक्षासँग प्रत्यक्ष र परोक्षरूपमा आबद्ध कार्यक्रमहरू सञ्चालन भएका र यी कार्यक्रमहरू मुलुकभर छरिएको सन्दर्भमा सबै कार्यक्रमहरूको अध्ययन गरी प्रतिवेदन पेश गर्न संभव नभएकोले हाल चालु कार्यक्रमहरूको आधारमा अध्ययन विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

४. सामाजिक सुरक्षाका कार्यक्रमहरूका दृष्टिले उत्कृष्ट र नेपालको आर्थिक सामजिक अवस्थासँग मिल्दो मुलुकहरूको व्यवहारिक कार्यान्वयन अवस्था र प्रभावको बारेमा स्थलगत जानकारी हासिल गर्न नसकिएतापनि उपलब्ध विवरणको प्रतिबेदनमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.७ अध्ययन विधि:

अध्ययनको क्षेत्र नेपालभर सञ्चालित सामाजिक सुरक्षा सम्बन्धी समग्र विषयवस्तु तथा अन्तर्राष्ट्रिय अभ्यासहरू समेटिएको छ । विषयक्षेत्रको सैद्धान्तिक तथा व्यवहारिक पक्षहरूमा प्राप्त विवरणहरू, आलेख, पाठ्यसामाग्री तथा प्रकाशनहरूमा अध्ययन केन्द्रित गरिएको छ । अध्ययनको क्रममा सरोकारवालाहरूको प्रारम्भिक धारणा सङ्कलन, साझेदार सहकारी निकायहरूसँग छलफल, अन्तरक्रिया, कार्यशाला गोष्ठी आदिका माध्यामबाट प्राप्त जानकारी र तथ्यांकलाई विश्लेषणात्मक अध्ययन गर्ने प्रयास गरिएको छ । अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा मुख्य रूपमा निम्न विधिहरू अपनाइएको छ :

- मौजुदा सामाजिक संरक्षण सम्बन्धी व्यवस्था तथा  यस सम्बन्धी पूर्वाधारको समीक्षा ।
- धारणाहरूको सङ्कलन तथा अध्ययन ।
- कार्यशाला गोष्ठीको आयोजना ।
- विज्ञ तथा विषयगत सरोकारवालाहरूसँग परामर्श तथा छलफल ।
- विवरण सङ्कलन ।

## १.८ अध्ययन समयावधि :

यो अध्ययन कार्य २०६६ कार्तिक ८ गते बाट प्रारम्भ गरी चार महिनाभित्र प्रारम्भिक प्रतिवेदन पेश गरिएको छ । प्रारम्भिक प्रतिवेदनको सम्बन्धमा छलफल भई प्राप्त प्रतिक्रियाको सम्बन्धमा पुनः सरोकारवाला तथा त्रिपक्षीय छलफल गरी प्राप्त सुझावलाई समेत उपयुक्त अनुसार आवश्यक समायोजन गरेर अन्तिम प्रतिवेदन पेश गरिनेछ ।

## १.९ प्रतिवेदन संरचना :

समितिले आफूलाई सुम्पेको कार्यक्षेत्रको अधीनमा अवधारणापत्रको तयारी गरेको छ । प्रस्तुत सामाजिक सुरक्षा सम्बन्धी प्रतिवेदनलाई पाँच भाग र अनुसूचीमा विभाजन गरिएको छ । प्रथम भागमा प्रारम्भिक परिचय सहित विषय प्रवेश रहेको छ भने दोस्रो भागमा सैद्धान्तिक अवधारणात्मक परिचय उल्लेख गरिएको छ । त्यस्तै गरी सामाजिक सुरक्षाका कार्यक्रम गर्ने अग्रणी मुलुकहरूको  अनुभव तेस्रो खण्डमा विश्लेषण गरिएको छ भने चौथो भागमा नेपालमा सामाजिक सुरक्षाका आधारहरू प्रस्तुत गरिएको छ । पांचौ भागमा सिफारिश तथा निष्कर्षहरूलाई समेटिएको छ । सन्दर्भ सामाग्री र अन्य विषयहरूलाई अनुसूची खण्डमा प्रस्तुत गरिएको छ ।

# भाग २
# सामाजिक सुरक्षाको अवधारणा

## २.१ पृष्ठभूमि :

सामजिक सुरक्षा नेपालमा मात्र नभई समकालीन विश्वका विभिन्न मुलुकहरूमा कार्यान्वयन भइरहेको छ । देश र सङ्गठन अनुसार सामाजिक सुरक्षाका कार्यक्रम र अवधारणामा विभिन्नता पाइने भएकोले यस सम्बन्धी दृष्टिकोणमा प्रशस्त फरक पाउन सकिन्छ ।

सामजिक सुरक्षा मानवीय सुरक्षा र संरक्षणको महत्वपूर्ण पक्ष हो, जसले कमजोर तथा सहायता आवश्यक भएको अवस्थामा सुरक्षाको सुनिश्चित गराई व्यक्तिलाई उसको भविष्यको जोखिम न्यून गर्न सहयोग पुऱ्याउदछ । यसले मानिसहरूलाई जोखिमबाट बचाउन तथा यस्ता जोखिमबाट हुन सक्ने क्षतिको सामना गर्ने क्षमता विकास गर्न सहयोग गर्दछ ।

सामाजिक सुरक्षा त्यस्ता पहलहरूको समष्टिगत स्वरूप हो, जसले मानव पूजीको संरक्षण र विकास गर्न सहयोग गर्दछ । श्रम बजारमा आवश्यक सामाजिक सुरक्षा प्रणालीको स्थापना गर्दछ र बेरोजगार तथा जेष्ठ नागरिकहरूलाई लक्षित बीमा तथा अन्य प्रणालीबाट आयको सुरक्षाको व्यवस्था गर्दछ । सामाजिक सुरक्षाका कार्यक्रमहरूले जोखिममा रहेका व्यक्ति, घर परिवार तथा समुदायलाई जोखिममा आयको राम्रो व्यवस्थापन गर्न सहयोग पुऱ्याउँदछ ।

सामाजिक सुरक्षा त्यस्ता नीति तथा क्रियाकलापहरूको समग्र स्वरूप हो, जसमा मूलतः कमजोर, सीमान्तकृत र जोखिममा रहेका नागरिकको जविकोपार्जन र कल्याणको निमित्त आवश्यक संरक्षण र प्रबर्द्धन (Protect & Promote) का कार्यहरू गरिन्छ ।

जस अन्तर्गत निम्न कुराहरू समोत समाहित हुने गरेको पाइन्छ :

- गरिब तथा असाहायहरूलाई गरिने आयको वितरण वा हस्तारण (Income transfer-Cash), उपभोग्य बस्तुको सहायता (Consumption Transfer-Food)
- जीविकोपार्जनको अभावमा सुरक्षाको जोखिममा परेकाहरूको लागि संरक्षण (Protect the vulnerable against livelihood risks)
- वञ्चितिकरणमा परेका सीमान्तिकृत र पिछडावर्गलाई सम्मानपूर्वक जीवनको निमित्त सामाजिक अवस्थामा सुधार (Enhance the social status and rights of people who are socially excluded and marginalized) ।

## २.२ परिभाषा :

Wikipedia, encyclopedia का अनुसार सामाजिक सुरक्षाले "गरिवी, वृद्धावस्था, असक्तता, बेरोजगारी आदिका कारण सामाजिकरूपमा अग्राह्य अवस्थामा रहेका नागरिकहरूको सामाजिक

बीमा कार्यक्रम अन्तर्गत संरक्षण गर्दछ" भनी परिभाषित गरेको पाइन्छ । विकिपेडिया अनुसार सामाजिक सरक्षामा मुख्यत निम्न कुराहरू पर्दछन् :

१. सामाजिक बीमा (Social insurance) जसका योगदानकर्ता सदस्यहरूले पेन्सन, असक्तता बीमा, survivor benefits, बेरोजगार बीमा जस्ता सुविधा पाउन सक्दछन् ।

२. आयको निरन्तरता ( Income maintenance) : मुख्यतः रोजगारी गुमेको अवस्था, निबृत्त अवस्था अशक्तता र बेरोजगारीको अवस्थामा नगद सहायता गरिने सामाजिक सहयोग मूलक (Social Assistance) कार्यक्रम ।

३. सेवा (Services) : रोजगार सम्बन्ध अन्तर्गत सम्बद्ध सङ्गठनबाट प्रदान हुने स्वास्थोपचार लगायतका सहयोग कार्यक्रमहरू जुन Service carecenter को रूपमा रहेका हुन्छन् ।

४. आधारभूत मानवीय सुरक्षा (Basic necessties security): यदाकदा समाजमा आधारभूत मानवीय आवश्यकताहरू जस्तै खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा र स्वास्थ्य सुविधाआदिलाई पनि सामाजिक सुरक्षाको दायरामा (Safetynet Program) समाविष्ट गर्ने गरेको पाइन्छ ।

- सामाजिक संरक्षण कुनै समाज वा राजनैतिक व्यवस्था भित्र रहेको सामाजिक रूपमा बञ्चितिमा परेका, जोखिम वा नाजुक अवस्थाको विरूद्ध सञ्चालन गरिने सार्जजनिक कार्यहरूलाई जनाउँदछ । *-Overseas Development Institute-ODI.*
- सामाजिक संरक्षणभनेको आम्दानीको जोखिमपूर्ण (मानिसलाई नाजुक अवस्थामा पुऱ्याउन सक्ने) अवस्थाबाट मुक्ति दिन वा त्यस्तो अवस्थालाई व्यवस्थित गर्न अपनाइने विविध उपायहरूको समष्टि हो जसमा श्रम बजारमा हस्तक्षेप, सार्वजनिक रूपमा स्वीकृति प्राप्त बेरोजगारी, लक्षित आय समुह वा बृद्ध बृद्धाहरूको बीमा व्यक्ति, घरपरिवार र समुदायलाई सहयोग आदि पर्दछन् । *-World Bank.*
- ILOले निम्न तथा घट्दो जीवनस्तरबाट व्यक्ति तथा परिवारहरूलाई संरक्षण गर्नकोलागि सुविधा दिन अपनाइएको सार्वजनिक र सामुहिक व्यवस्थालाई सामाजिक सुरक्षाको रूपमा लिएको देखिन्छ । नागरिकहरूलाई आधारभूत आयको सुरक्षाद्वारा संरक्षणको सुनिश्चितता प्रदान गर्न अवलम्बन गरिने सार्वजनिक उपायहरू जस्तै विमारी, बेरोजगारी, कमाउने सदस्य गुमाउदा आदि अवस्थामा सुरक्षाका पक्षहरू समाहित हुन्छन् । (Social security is the adoption of public measures to ensure basic income security to all in need of protection, in order to relieve want and prevent destitution by restoring up to a certain level income which is lost or reduced by reason of inability to work or to obtain remunerative work due to the occurrence of

various contingencies: sickness, unemployment, old age, employment injury, family responsibilities, maternity, invalidity or death of the breadwinner; and acccess to medical care.)

- श्रम बजारको कुशल प्रबर्द्धन गरेर, आर्थिक जोखिमहरू घटाएर, आम्दानीमा हुने घाटा, व्यवधान तथा अन्य अप्ठारो परिस्थितिबाट बच्न सक्ने क्षमता विस्तार गर्दै गरिवी तथा विपन्नताको जोखिमपूर्ण अवस्थामा रहेकाहरूको अवस्थामा सुधारका निमित्त अपनाइने नीति तथा कार्यक्रमहरूलाई सामाजिक संरक्षण भनिन्छ । *-ADB*
- सामाजिक संरक्षणमा गरिवी र नाजुक तथा जोखिमपूर्ण अवस्थामा रहेका जनताहरूको संरक्षण गरी जीवकोपार्जनका अवसरको प्रबर्द्धन तथा उनीहरूको कल्याणका निमित्त अपनाइएका नीति तथा सञ्चालित कार्यक्रमहरू पर्दछन् । *-मलावी राष्ट्रिय सामाजिक संरक्षण प्राविधिक समिति*
- सामाजिक संरक्षण बस्तु तथा सेवाहरूको त्यस्तो वितरण प्रणाली हो जसले व्यक्ति तथा घरपरिवारहरूलाई जोखिम तथा सङ्कट सँग जुध्न मद्धत गर्नका साथै मानवीय जीवनचक्रमा न्यूनतम सम्मानपूर्वकको जीवनस्तर र कल्याणको सुनिश्चितता प्रदान गर्दछ ।
- सामाजिक संरक्षण समग्र सामाजिक नीतिको एक अभिन्न अंग हो । सामाजिक नीतिले सामाजिक नीतिका संपूर्ण पक्ष तथा औजारहरूलाई इङ्गित गर्दछ जुन मानव जीवनको भलाईसँग सम्बन्धित छ । यसमा स्वास्थ्य, शिक्षा, आवास, खानेपानी तथा सरसफाई, बालसंरक्षण, सामाजिक संरक्षण, युवा विकास, रोजागारी तथा जिविकोपार्जन, सामाजिक एकिकरण, अपराध तथा न्याय लगायत संपूर्ण अर्थव्यवस्थालाई दिशा निर्देश गर्ने कानूनी ढांचा समेत पर्दछन् । *-यूनिसेफ*

माथिका परिभाषामा सङ्गठनको कार्यक्षेत्र र दृष्टिकोणका आधारमा विविधताहरू देख्न सकिन्छ । सरलरूपमा भन्दा सामाजिक सुरक्षा नागरिकहरूहरूलाई राज्यले स्वास्थ्य, शिक्षा, जोखिमयुक्त तथा निबृत्त अवस्थामा विभिन्न सामाजिक सेवासँग सम्बन्धित विषयमा प्रदान गरिने सेवा वा सुविधाहरूलाई जनाउदछ । सामाजिक सुरक्षासँग सम्बन्धित सेवा राज्यले प्रत्यक्ष र अप्रत्यक्षरूपमा नागरिकहरूलाई प्रदान गरेको हुन्छ । नेपालको सन्दर्भमा प्रत्यक्षरूपमा सामाजिक सुरक्षावापत उपलव्ध भत्ता वा वृत्ति रकम हो भने अप्रत्यक्षरूपमा औषधोपचार, अस्पताल, सवारी साधन आदिमा उपलव्ध गराईएको सुविधा हो ।

## २.३ सामाजिक सुरक्षाको अन्तराष्ट्रिय मान्यता :

सामाजिक सुरक्षा यस्तो संयन्त्र हो जसले कुनै पनि जोखिमको कारणबाट आयआर्जन गर्न मानिसलाई संरक्षण दिन्छ । यसले खास गरेर वृद्ध, बेरोजगार, बिरामी, अपाङ्ग, घाइते वा सुत्केरी

भएको कामदार तथा कर्मचारीलाई सहयोग गर्दछ र कमाउने व्यक्तिको निधन भएको अवस्थामा आश्रित परिवारलाई जीवनयापनका लागि निश्चित आय स्रोतको प्रत्याभूति दिलाउनेछ । अर्थात सामाजिक सुरक्षाले श्रम उत्पादकत्वलाई अभिवृद्धि गरेर गरिबी हटाउनमा मद्दत गर्नुको साथै कामदार तथा कर्मचारीहरूलाई उमेर वा दुर्घटना वा अन्य कुनै कारणले कामबाट अलगिनुपर्दाको जोखिमबाट सुरक्षित राख्नेछ । सामाजिक सुरक्षा यस प्रकारको सामाजिक कल्याण हो जसमा गरिब, असहाय, असमर्थ, केटाकेटी, बुढाबुढी तथा बेरोजगारलाई आर्थिक सहयोग, स्वास्थ्य सुरक्षा, बीमा, उपदान तथा निवृत्तभरणजस्ता माध्यमहरूबाट सुरक्षित गरिनेछ । सामाजिक सुरक्षाको दायरा निकै फराकिलो हुन्छ । यसमा कामदार तथा कर्मचारीहरूको सुरक्षासम्बन्धी धेरै कुराहरूलाई समेट्न सकिनेछ । कुन क्षेत्रका कामदार तथा कर्मचारी एवं निजका आश्रित परिवार विशेषलाई केकति सामाजिक सुरक्षा उपलब्ध गराउने भन्ने कुरा कामदारहरूको योगदान क्षमता, रोजगारदाता र राज्यको आर्थिक सामर्थ्यतामा निर्भर गर्नेछ । आजको समयमा सामाजिक सुरक्षालाई मानिसको एउटा आधारभूत मानव अधिकारको रूपमा स्विकारिएको छ ।

तर अन्तराष्ट्रिय श्रम सङ्गठनको अध्ययन अनुसार विश्वमा हरेक पाँच जना मध्ये एकजनाले मात्र पर्याप्त मात्रामा सामाजिक सुरक्षा पाएका छन् भने विश्वकै आधा जनसंख्या सामाजिक सुरक्षाविहीन् छन् । अधिकांश विकासोन्मुख मुलुकहरूमा १० प्रतिशतभन्दा कम कामदारहरूले मात्र सामाजिक सुरक्षा पाएका छन् । खासगरी महिलाहरू बढी क्रियाशिल हुने अनौपचारिक अर्थतन्त्रमा सामाजिक सुरक्षाको अभाव रहेकोछ ।

सामाजिक सुरक्षालाई महत्वकासाथ अगाडि ल्याएर सबै नागरिकहरूलाई निवृत्तिभरण तथा स्वास्थ्य सुविधा प्रदान गर्न सम्भव छ भन्ने तथ्य मध्यमस्तरीय आर्थिक स्थिति भएका मुलुकहरूले प्रमाणित् गरेका छन् । कम आय भएका केही मुलुकहरूले सरकार, नीजिक्षेत्र, बैकिङ्ग क्षेत्र तथा सामुदायिक संस्थाहरू बीचको सहकार्य द्वारा सामाजिक सुरक्षाको पहुँच बढाउन सकेका छन् । यसको अर्थ हो, हामी पनि नेपालमा सामाजिक सुरक्षा प्रणालीको विकास गर्न सक्दछौ ।

**(क) संयूक्त राष्ट्रसंघको मान्यता :**

संयूक्त राष्ट्रसंघले सामजिक सुरक्षाको विषयलाई विभिन्न बडापत्र तथा अभिसन्धीहरूका माध्यमबाट पत्याभूत गर्न सदस्य राष्ट्रहरूलाई उत्प्रेरित गरेको देखिन्छ ।

(१) मानव अधिकारको विश्वव्यापी घोषणा :

धारा २२- समाजको सदस्यको हैसियतमा प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार हुने छ र प्रत्येक व्यक्तिलाई राष्ट्रिय प्रयत्न र अन्तर्राष्ट्रिय सहयोग मार्फत तथा प्रत्येक राज्यको सङ्गठन र साधन अनुरूप उसको प्रतिष्ठा र व्यक्तित्वको स्वतन्त्र विकासकालागि अपरिहार्य आर्थिक सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्ने अधिकार हुने छ ।

धारा २५- प्रत्येक व्यक्तिलाई स्तरयूक्त जीवनको अधिकार छ, जसअन्तर्गत परिवारको स्वास्थ्य र कल्याणकोलागि पर्याप्त जीवनस्तरको अधिकार छ र यस अन्तर्गत खाना कपडा घर तथा

औषधोपचारका सुविधाहरू र आवश्यक सामाजिक सेवाहरू पनि सम्मिलित छन् र विरामी, असमर्थता, विधुर/विधवा, बुढेसकाल वा निजको नियन्त्रण बाहिरको अरू कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार छ ।

(२) आर्थिक सामजिक तथा सांस्कृतिक अधिका मानव अधिकार सम्बन्धी (International Covenant on Economic, Social and Cultural Rights ) अभिसन्धीका प्रावधानहरू :

*धारा ९ यस प्रतिज्ञापत्रका पक्ष- राष्ट्रहरू प्रत्येक व्यक्तिको सामाजिक बीमा लगायत सामाजिक सुरक्षाको अधिकार स्विकार गर्दछन् ।*

*-The UN Chief Executives' Board (CEB) suggests a social protection floor consisting of essential social services, and*

*-A basic set of essential social transfers, for the poor and vulnerable to provide a minimum income security, including health care.*

- The right to social security constitutes a **basic human right** and is enshrined as such in the Universal Declaration of Human Rights, the International Covenant on Economic, Social and Cultural Rights , and in other major United Nations human rights instruments .

Nonetheless, the international human rights instruments and their supervisory mechanisms have remained mostly silent as to the definition of this right. Also according to the aims and purposes set out in the Preamble to the ILO Constitution, the extension of social security worldwide has consistently been one of the main objectives of the Organization. This mandate, restated in 1944 in the Declaration of Philadelphia , part of the ILO Constitution, recognizes the "solemn obligation of the International Labour Organization to further among the nations of the world programmes which will achieve", among others, ***"the extension of social security measures to provide a basic income to all in need of such protection and comprehensive medical care"***, as well as ***"provision for child welfare and maternity protection"***, thereby extending the protection from workers to all those in need. In this perspective, at the International Labour Conferences in 2001 and 2008, ILO constituents reaffirmed the Organization's fundamental role in the promotion and extension of social security and its obligations in this respect.

- The extension of social security to all calls for the implementation of a basic social security benefit package for all those in need. The results of recent ILO research have shown that basic social security can be afforded by virtually all countries and that it

would constitute an effective tool in the fight against poverty and in reaching the Millennium Development Goals .

- ***Social security Conventions and Recommendations*** are the main tools through which the ILO pursues its mandate for extending social security coverage to all, through the **Social Security (Minimum Standards) Convention, 1952 (No. 102)** as the flagship Convention, as well as through other up-to-date social security Conventions.

**(ख) अन्तर्राष्ट्रिय श्रम संगठनको सामाजिक सुरक्षा अवधारणा :**

कामदार तथा कर्मचारीहरुको सामाजिक सुरक्षालाई संस्थागत रुपमा सुनिश्चित गर्ने गरी अन्तर्राष्ट्रिय श्रम सङ्गठनले सन् १९५२ मा महासन्धि नं. १०२, The Social Security (Minimum Standards) Convention, 1952 No.102 पारित गरेको छ । यो महासन्धि नं. १०२ आधारभूत सामाजिक सुरक्षाको सिद्धान्तहरुमा आधारित छ । आई.एल.ओ. अभिसन्धि नं. १०२ ले सामाजिक सुरक्षाका निम्नबमोजिम नौवटा विषयहरुमा न्यूनतम मापदण्डहरु निर्धारित गरेको छ :

१. औषधोपचार सुविधा
२. बिरामी हुँदाको सुविधा
३. बेरोजगारी सुविधा
४. बृद्धावस्थाको सुविधा
५. रोजगारीमा हुने दुर्घटना र चोटपटक बापतको सुविधा
६. परिवार र बालबच्चाको हेरचाह सुविधा
७. मातृत्व संरक्षण सुविधा
८. अशक्तता सुविधा
९. आश्रित परिवार हेरचाह सुविधा ।

सामाजिक सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको उपर्युक्तबमोजिमका मापदण्डहरुमध्ये कम्तिमा तीनवटालाई सदस्य राष्ट्रहरुले अनिवार्य पालना गर्नु पर्छ । यसबमोजिम निर्दिष्ट गरिएका कुनै तीनवटा सुविधाहरुको सुनिश्चिततालाई प्रत्याभूत गरी बाँकी मापदण्डहरु क्रमिक रुपमा अवलम्बन गर्नुपर्ने हुन्छ । सामाजिक सुरक्षा योजना कार्यान्वयनमा रोजगारदाता र कामदारहरुको तर्फबाट एकतर्फी रूपमा वा संयूक्त रूपमा बीमा योगदान हुनुपर्छ । कतिपय अवस्थामा करको माध्यामबाट पनि यसको प्रत्याभूत गर्न सकिन्छ । आई.एल.ओ. ले सन् २००३ मा सबै कामदार तथा कर्मचारीहरुलाई सामाजिक सुरक्षा माथिको पहुँच बढाउन विश्वव्यापी अभियानको थालनी गरेको थियो । सामाजिक सुरक्षाको दायरालाई व्यापक तुल्याई गरिबीलाई कम गर्नको निमित्त

अन्तर्राष्ट्रिय श्रम सङ्गठनले विशेष जोड दिई आएको छ । सामजिक सुरक्षा अभियानका सन्दर्भमा आइ.एल.ओ अभिसन्धिनं १०२ का सिद्धान्तहरू यस प्रकार रहेकाछन् ।

१. सामाजिक सुरक्षाका लागि निर्दिष्ट सुविधाहरूको सुनिश्चितता,
२. सामाजिक सुरक्षा सम्बन्धी स्कीमहरूको व्यवस्थापनमा रोजगारदाता र कामदारहरूको सहभागिता,
३. सामाजिक सुरक्षा सम्बन्धी प्रावधानहरूको व्यवस्था र सोको कार्यान्वयनमा राज्यको सामान्य जवाफदेहीता,
४. वीमा योगदान वा कर निर्धारण प्रक्रियाद्वारा सुविधाहरूको लागि सामूहिक योगदान ।

आइ एल ओ अभिसन्धि नं १०२ लाई हाल सम्म ४३ वटा सदस्य राष्ट्रहरूले अनुमोदन गरेका छन । अनुमोदन गर्ने पहिलो राष्ट्र स्विडेनले १२ अगष्ट १९५३ मा अनुमोदन गरेको थियो भने पछिल्लो राष्ट्र मोण्टेनेग्रोले ३ जुन २००६ मा अनुमोदन गरेकोछ । ४३ राष्ट्र मध्ये यूरोपका २९ राष्ट्रहरू, ६ दक्षिण अमेरिकी राष्ट्रहरू, ४ अफ्रिकी राष्ट्रहरू, २ एसियाली राष्ट्रहरू र २ अन्य राष्ट्रहरू छन् । एशियाबाट जापान र इजरायल मात्र यस अभिसन्धिका अनुमोदनकर्ता राष्ट्रहरू हुन् । विद्यमान स्थितिमा नेपाल लगायत विकासोन्मूख राष्ट्रहरूले यो अभिसन्धिलाई अनुमोदन गरेका छैनन् । यतिको लामो समयका बाबजुद ४३ राष्ट्रहरूले मात्र अनुमोदन गर्नु र अनुमोदन गर्ने राष्ट्रहरू सबैले खुल्ला अनुमोदन नगरी सशर्त अनुमोदन गरेकाले यस अभिसन्धिको विश्वव्यापी कार्यान्वयन अवस्था फितलो रहेको छ । यो महासन्धी कम अनुमोदन हुनुमासबै श्रमिकलाई कम्तिमा तीनवटा जोखिममा सहयोग प्रदान गर्नु पर्ने कुराको ग्यारेण्टी गर्नु पर्ने अवस्था मुख्य कारण रहेको छ । अरू महासन्धी अनुमोदन पश्चात कार्यान्वयन गरिन्छ भने यो महासन्धी कार्यान्वयन गरेपछि मात्र अनुमोदन हुने प्रकृतिको रहेको छ ।

सामाजिक सुरक्षाको सन्दर्भमा अन्तराष्ट्रिय श्रम सङ्गठनको आदिवासी जनजातिहरू सँग सम्बन्धित महासन्धि नं १६९ पनि ध्यान योग्य रहेको छ । नेपाल पक्ष रही सकेको उक्त महासन्धिको धारा २४ मा ***"सामाजिक सुरक्षाका व्यवस्थाहरू सम्बन्धित समूहहरूलाई सम्बोधन गर्न क्रमिकरूपमा विस्तार गरिने छ, र सो सेवा विनाभेदभाव उनीहरूमा लागू गरिने छ"*** भनिएको छ ।

**(ग) एसियाली विकास बैंकको सामाजिक सुरक्षासम्बन्धी अवधारणा :**

एसियाली विकास बैंकको अवधारणाअनुसार दक्ष श्रम बजारलाई प्रवर्द्धन गरेर, मानिसहरूको जोखिमलाई न्यून गरेर तथा सङ्कट, अवरोध एवं आयको नोक्सानीबाट सुरक्षित रहने क्षमता वृद्धि गरेर गरिबी एवं नाजुक स्थितिलाई कम गर्न निर्धारण गरिएका नीति तथा कार्यक्रमहरूलाई सामाजिक संरक्षण (Social Protection) का उपायहरु भनिएको छ । ए.डी.बी.को परिभाषाअनुसार सामाजिक संरक्षणमा श्रम बजार, सामाजिक बीमा, सामाजिक सहयोग, लघु एवं इलाका विशेष उपायहरु र बालबालिका संरक्षण गरी पाँच किसिमका क्रियाकलाप समावेश गरिएका छन् :

- श्रम बजार (Labour Market) मा श्रम मापदण्डहरु, सक्रिय श्रम बजार कार्यक्रमहरु र मुक्त कमैयासम्बन्धी कार्यक्रमहरु पर्दछन् ।
- सामाजिक बीमा (Social Insurance) अन्तर्गत बेरोजगारी, अस्वस्थता, अशक्तता, काम गर्दाको चोटपटक र वृद्ध अवस्थाका जोखिमहरुलाई न्यून गर्न लागू गरिने बीमा कार्यक्रमहरु पर्दछन् ।
- सामाजिक सहयोग (Social Assistance) अन्तर्गत ज्येष्ठ नागरिक भत्ता, विधवा भत्ता, कामको लागि खाद्यान्न, वृद्ध आवास गृह, महिला कार्यक्रम आदि पर्दछन् ।
- लघु तथा इलाका विशेष उपायहरु (Micro and Area Based Schemes) अन्तर्गत कल्याणकारी कोष, लघु वित्त कार्यक्रम, लघु बीमा कार्यक्रम, सामुदायिक सहयोग समूह, सामुदायिक स्वास्थ्य बीमा कार्यक्रमहरु आदि पर्दछन् ।
- बालबालिका संरक्षण (Children Protection) अन्तर्गत बालबालिका संरक्षण, बाल श्रम नियन्त्रण कार्यक्रम आदि पर्दछन् ।

**(घ) विश्व बैंकको अवधारणा**

विश्व बैंकको नेपाल स्थित कार्यालयले विगत केही समय देखि नेपालको सामाजिक संरक्षणको खाका सम्बन्धी बार्षिक अध्ययन गर्दै आएको छ । यस अध्ययनमा सामाजिक सुरक्षा र संरक्षणलाई एकिकृत रूपमा ग्रहण (पर्यायवाची रूपमा समावेश) गरी नेपालमा यस सम्बन्धी अभ्यासको सिंहावालोकन गर्ने गरेको छ ।

विश्व बैंकले सामाजिक संरक्षणको अवधारणालाई बढी प्राविधिक रुपमा व्याख्या गरेको छ । सामाजिक संरक्षण अन्तर्गतका नीतिहरुले घर परिवारलाई जोखिमहरुको उचित व्यवस्थापन गर्न र आघातहरुको असरलाई न्यूनीकरण गर्नका लागि अवसरहरुको सृजना गर्ने बैंकको धारणा देखिन्छ ।

विश्व बैंकले सामान्यतया सामाजिक सुरक्षाका प्रमुख तत्वहरूलाई अन्तर्राष्ट्रिय प्रचलनमा रहेको जोखिम व्यवस्थापनको उपागम (Approach) अन्तर्गत नै राखेर विश्लेषण गर्दछ । सामाजिक जोखिम व्यवस्थापनले पुस्तैनी (Chronic) गरिवी र जोखिममा परेकाको सम्बोधनका निमित्त सामाजिक सुरक्षालाई एउटा नीति तथा हस्तक्षेपको रूपमा स्वीकार गर्दछ, जस्तै न्यून आय र उपभोग तथा यसमा देखिने उच्च फासला दुवै अवस्था । सामाजिक संरक्षणले नागरिकहरूको जीवनका विभिन्न आयामहरूमा आइपर्ने Chronic गरिवी, जोखिम तथा खतराहरूका अन्तरबस्तुहरूको सम्बोधन र सामना गर्न सक्षम तुल्याउँदछ । यी जवाफी रणनीतिहरू व्यापक रूपमा विभिन्न नीतिहरू, सरकारी हस्तक्षेप, नागरिक समाज लगायतका विभिन्न सरोकारवाला (Actors) जस्तै गैरसरकारी सङ्गठन तथा अन्य सामाजिक सङ्गठनहरू र अनौपचारिक सहयोगी संजालको कृयाकलापबाट समेत प्रभावित भएको हुन्छ ।

विश्वबैंकले सामाजिक सुरक्षाको अवधारणागत स्पष्टताका निमित्त ***सामाजिक सुरक्षा व्यवस्थापन***लाई निम्नबमोजिका ***चार सम्भाग***हरूमा छुट्याएर विश्लेषण गर्न सुझाव गरेको छ :

(क) नीति तथा कार्यक्रम जसले घरपरिवार तथा समूहहरूमा आइलाग्ने ***सम्भावित जोखिम तथा खतराहरूलाई न्यूनिकरण गर्न सक्दछन्*** ।

(ख) नीति तथा कार्यक्रमहरू जसले परिवारहरूको आयलाई सहजीकरण गर्दै जोखिमको न्यूनिकरण गर्न मद्धत पुऱ्याउने जसले ***स्वास्थ्यका जोखिमहरू वा मौसमी बेरोजगारी वा आजिवन जीवनयापनमा सहयोगी हुने*** किसिमको होस् ।

(ग) कार्यक्रमहरू जुन ***गरिवी निवारणको उद्देश्य बाट संचालित नभएतापनि*** लक्षित परिवारहरूलाई विद्यमान ***उच्च गरिवीबाट दिगो रूपमा मुक्त हुन प्रत्यक्ष मद्धत*** पुऱ्याउदछन् ।

(घ) कार्यक्रमहरू जसले ***गरिवी निवारणको आन्दोलनलाई*** अल्पकालिन तथा दीर्घकालिन दुवै रूपमा ***प्रबर्द्धन*** गर्दछ ।

**(ङ) डी.एफ.आई.डी. को अवधारणा**

बेलायतको अन्तर्राष्ट्रिय सहयोग निकाय Department of International Development ले स्वीकार्न नसकिने स्तरको नाजुकता जोखिम र वञ्चितीको स्थितिबाट राहत दिलाउन गरिने सार्वजनिक कार्यहरूलाई सामाजिक संरक्षणको रूपमा व्याख्या गरेको छ । डी.एफ.आई.डी. को मान्यताअनुसार सामाजिक संरक्षणमा यस्ता नीतिहरु समाविष्ट हुनेछन् जसले मानिसहरु, उनीहरूको घर परिवार र समुदायलाई आघात र जोखिमबाट सुरक्षित राख्नमा सघाउ पुऱ्याउनेछ । यस अर्थमा सामाजिक संरक्षणले मानिसहरूलाई आफ्नो जीविका माथि नियन्त्रण कायम गर्नमा र उनीहरूको मानव अधिकार हासिल गर्नमा मद्दत पुग्नेछ ।

## २.४ सामाजिक सुरक्षाका रणनीतिक अवधारणा (Coneeptual Straegy of Social Security):

सामाजिक सुरक्षाको विषयमा स्पष्ट सैद्धान्तिक आधार औल्याउन कठिन छ तथापि यसमा सामाजिक आर्थिक र अधिकारमा आधारित तीन मुलभूत अवधारणा समेटेको पाइन्छ । यसैलाई सामजिक सुरक्षाको रणनीतिक अवधारणाको रूपमा हेर्ने गरिन्छ ।

**(क) <u>Social - "Social Risk Management"</u> :**

सामान्य अवस्थामा पनि अत्यन्त सङ्कटपूर्ण वा दारूण जीवन व्यतित गरिरहेका नागरिकहरूको सामाजिक जोखिम व्यवस्थापनको लागि सामाजिक संरक्षको ढाँचा तर्जुमा गरिएको हुन्छ । यो मूलतः मानिसको जीवनवृत्ति संरक्षमा केन्द्रीत रहने गर्दछ । सङ्कटकालिन अवस्था वा प्राकृतिक प्रकोपको अवस्थामा विपत्ति बाट प्रभावित मानिसहरूको सङ्कट व्यवस्थापन निमित्त पनि सामाजिक

जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको (नगद वा बस्तुगत सहयोग) सञ्चालन हुने गर्दछ । यसैले सङ्कटको व्यवस्थापन पनि सामाजिक संरक्षणको क्रमको संभागको रूपमा लिइन्छ । सामजिक जोखिम व्यवस्थापनको उपकरणलाई सामाजिक संरक्षण वा मानवीय जीवन यापनमा सहयोगी दुबै रूपमा लिन सकिन्छ ।

**(ख) <u>Economic -"Transformative Social Protection"</u> :**

यो मूलतः समाजको रूपान्तरणसँग सम्बन्धित छ, जुन मानवीय जीवनस्तरमा सुधार वा गुणस्तरीय मानवीय जीवनको प्रबर्द्धनको निमित्त अवलम्बन गरिन्छ । मानिसहरूलाई गरिवीको कुचक्र वा अतिविपन्नताको दलदलबाट माथि ल्याउन आय, मानवीय अवस्था वा वञ्चिती लगायतका कारण सामाजिक दृष्टिले गरिवीको रेखामुनी रहेका सीमान्तकृत र जोखिममा परेका व्यक्ति/समुदायलाई सम्बोधन गर्नु पर्ने हुँदा राज्यको तर्फबाट सहयोग पुऱ्याई उनीहरूको आर्थिक तथा सामाजिक रूपले रूपान्तरण गर्नु आवश्यक हन्छ । यसले समाजमा विद्यमान सामाजिक गरिवीलाई न्यून गर्दै लैजान्छ । यस अन्तर्गत समावेशी अवधारणा अन्तरनिहित रहन्छ । व्यक्ति समुदायलाई एक अवस्थाबाट अर्को अवस्थामा रूपान्तरण गर्न यसले मद्धत गर्दछ । यसैले सामाजिक संरक्षणलाई आर्थिक बृद्धि वा विकासको परिवर्तनकारी अवयवको रूपमा पनि बुझ्न सकिन्छ ।

**(ग) <u>Right Based -"Univer sal Social Minimum"</u> :**

यसले सम्मानयुक्त मानवीय जीवनको मान्यता अनुसारको सामाजिक संरक्षण प्रणालीको अपेक्षा गर्दछ । यो सिद्धान्तले सरकार दाता र नागरिक लेता हो भन्ने अवधारणा भन्दा माथि उठेर अधिकारमा आधारित संरक्षण र विकासको मान्यता स्थापित गर्दछ । सिद्धान्ततः सरकारको मुख्य काम नै नागरिकको सेवा र हित हो । अतः जनताको सेवामा समर्पित हुनु सरकारको कर्तव्य हो । यसमानेमा सङ्कट वा जोखिममा परेका जनताले सेवा पाउनु उनीहरूको अधिकार नै भएकोले यसलाई अधिकारमा आधारित सामाजिक संरक्षण भनिन्छ । यो नागरिक जागरणको प्रतिफल हो । जनताका अधिकार स्वरूप सरकारले न्यूनतमरूपमा जनताप्रति निर्वाह गर्नुपर्ने उत्तरदायित्व बहनस्वरूप गर्नु पर्ने कार्यहरू Univer sal Social Minimum अन्तर्गत पर्दछन् ।

सामाजिक सुरक्षा मुलुक र जनताको अवस्था अनुसार फरक फरक दृष्टिकोण र स्किम हुन सक्दछन् । उदाहरणको लागि :-

- अति गरिब बिपन्न परिवारलाई – नगद अनुदान वा भत्ता
- घरबार विहिन सुकुम्बासीलाई – आवास
- अशिक्षा र अज्ञानतामा – शिक्षा र चेतनाको प्रबन्ध
- कमजोर स्वास्थ्यमा – आधारभूत स्वास्थ्य सुविधा
- बेरोजगारलाई – रोजगारी खोज्न र नपाउदा सम्म जीबनबृत्ति सहयोग

## २.५ सामाजिक संरक्षणका कार्यक्रमहरू (Social Protection Programe)

सामाजिक सुरक्षा र सामाजिक संरक्षणलाई सामान्यरूपमा पर्यायबाची रूपमा बुझ्ने गरेको पाइन्छ । देशगतरूपमा उस्तै कार्यक्रमलाई कतै सामाजिक संरक्षण त कतै सामाजिक सुरक्षाको रूपमा उल्लेख हुने गरेबाट समेत यस्तो अष्पष्टता बढ्न सहयोग पुगेको पाइन्छ । नेपालमा विगतमा सामाजिक सुरक्षा र संरक्षणको स्पष्ट परिभाषित हुने गरेको देखिदैन तथापि राष्ट्रिय योजना आयोगमा सामाजिक संरक्षण सम्बन्धी कार्यसमिति र अर्थ मन्त्रालयमा सामाजिक सुरक्षा सम्बन्धी समितिको गठनले यसको तात्विक भिन्नतालाई एकहद सम्म देखाउन पुगेको छ ।

वास्तवमा सामाजिक संरक्षणले सामाजिक नीतिको एक मुख्य भागलाई जनाउँदछ, जसमा विभिन्न किसिमका योजना वा कार्यक्रमहरू समाविष्ट हुन सक्दछन् र यसमा समाविष्ट विभिन्न कार्यक्रमहरूमा सामाजिक सुरक्षा पनि एक मुख्य संभागको रूपमा रहन्छ । यसअर्थमा सामाजिक संरक्षणको बृहत् स्वरूपमको एक प्रमुख अवयवको रूपमा सामाजिक सुरक्षालाई लिनु पर्ने हुन्छ ।



**(क) सामाजिक सहयोग (Social Assistance) :**

सरकारी कोषबाट व्यहोरिने गरी राज्यका नागरिकहरूलाई प्रदान गरिने विभिन्न प्रकारका सेवाहरूलाई समामाजिक सहयोगको श्रेणीमा राख्ने गरिन्छ । उदाहरणकोलागि स्वास्थ्य क्षेत्रमा प्रवाह गरिने निशुल्क स्वास्थ्य सेवा, प्रजनन् स्वास्थ्य सुविधा, शिक्षा क्षेत्रमा प्रदान गरिने निःशुल्क शिक्षा, छात्रबृत्ति कार्यक्रम यस्तै सामाजिक सुरक्षा सम्बन्धी वित्तीय हस्तान्तणका जेष्ठ नागरिक भत्ता, बाल संरक्षण अनुदान, कामको निमित्त खाद्यान्न तथा नगद जस्ता कार्यहरू सामाजिक सहयोगको रूपमा गणना गरिन्छ ।

**(ख) सामाजिक बीमा (Social Insurance) कार्यक्रम :**

कामदार वा व्यवस्थापनको योगदान वा अंशदान रहने सामाजिक संरक्षण सम्बद्ध कार्यक्रमहरूलाई यसमा समावेश गर्ने गरिन्छ । उदाहरणकोलागि स्वास्थ्य बीमा, कार्यस्थलको दुर्घटना बीमा, यसैगरी सामाजिक सुरक्षाका विषयहरूमा कर्मचारी संचयकोष, निबृत्तिभरण, बेरोजगार बीमा, प्रजनन् स्वास्थ्य बीमा आदि यसमा समावेश गरिन्छ ।

**(ग) सामाजिक सुरक्षा सञ्जाल Social Safety Net:**

समाजमा बञ्चितीमा परेका वा पारिएका, दलित, सिमान्तीकृत तथा जोखिमपूर्ण अवस्थामा रहेका नागरिकहरूलाई सामाजिक सुरक्षाको निश्चत दायरामा ल्याउन सञ्चालन गर्ने कार्यक्रमलाई सामाजिक संरक्षण कवच भनिन्छ । अनेकौ कारणले राष्ट्रिय मुलधारमा आइनपुगेका यस्ता समुदाय र वर्गको पहिचान गरी उनीहरूलाई विशेष व्यवस्था गरी समग्र राष्ट्रिय प्रवाहमा समाहित गरेपछि मात्र राज्य प्रणालीबाट प्रवाहित सेवा सुविधा र अवसर प्राप्त गर्न सक्ने भएकोले यस्ता वर्गलाई विशेष सुरक्षा कवचको आवश्यकता पर्दछ ।

**(घ) श्रम कानून ( Labour Legislation ) सम्बन्धी कार्यक्रम :**

श्रम कानून बमोजिम गरिने विभिन्न किसिमका संरक्षका विषयहरू यसमा पर्दछन् । उदाहरणकालागि कार्य समय, कार्यस्थलको सुरक्षा, न्यूनतम ज्याला, कार्यवातावरण आदि विषयहरूलाई लिन सकिन्छ ।

माथिको धारणामा सामाजिक सहयोग, सामाजिक बीमा, सामाजिक सुरक्षा सञ्जाल तथा श्रम कानून बमोजिमका व्यवस्था गरी चारवटै विषयक्षेत्रमा सामाजिक सुरक्षाको विषय समाविष्ट भएको देखिन्छ । सामाजिक सुरक्षाको विषयमा अन्तराष्ट्रिय श्रम सङ्गठन (ILO) को सामाजिक सुरक्षा सम्बन्धी अभिसन्धी नं १०२ ले विस्तृत अवधारणाको रूपमा व्याख्या गरेको छ । अन्तराष्ट्रिय श्रम सङ्गठनको यस अवधारणा संगठित तथा व्यवस्थित किसिमको देखिन्छ । यस महासन्धीले सामाजिक सुरक्षाका विषयलाई निम्न बमोजिम नौ भागमा विभाजित गरेको छ :

१. औषधोपचार सुविधा
२. विरामी हुंदाको सुविधा

३. बेरोजगारी सुविधा
४. बृद्धावस्थाको सुविधा
५. रोजगारीमा हुने दुर्घटना र चोटपटक बापतको सुविधा
६. परिवार र बालबच्चाको हेरचाह सुविधा
७. मातृत्व संरक्षण सुविधा
८. अशक्तता सुविधा
९. आश्रित परिवार हेरचाह सुविधा

उक्त अभिसन्धीको पक्ष राष्ट्रले तत्काल कम्तिमा तीनवटा स्किम लागू गर्नु पर्ने हुन्छ ।

## २.६ सामाजिक सुरक्षा (Social security) कार्यक्रम कार्यान्वयन ढाँचा :

### (क) समश्रेणीगत आयाम (Horizontal dimension):

यो बढीभन्दा बढी नागरिकलाई सामाजिक सुरक्षाका तरकिवहरू (Scheme) योजना समाविष्ट गर्ने प्रणाली हो जसमा अनौपचारिक क्षेत्र समेत समावेश हुन्छ । यस आयाम अन्तर्गत राज्यले राजस्वबाट सङ्कलित रकम विनियोजनको माध्यमबाट आफ्नो क्षमता अनुसार राज्यका सम्पूर्ण नागरिकलाई समाहित गरी सेवा सुविधा उपलब्ध गराउने प्रयास गर्दछ । राज्यले कुन वर्ग, क्षेत्र एवं समूह र उमेरका नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति दिने भन्ने निर्क्योल कानूनको माध्यमबाट निर्धारण गर्दछ । यसले सामाजिक संरक्षणका चार आधारभूत सामाजिक सुरक्षा सबैलाई स्वास्थ्य उपचार सुविधा, बेरोजगारी तथा गरिबहरूलाई सुविधा, बालबालिकालाई सुविधा, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई सुविधाको व्यवस्था समावेशिष्ट हुन्छ । (Increasing the number of people covered by social security schemes, including those in the informal economy, through the provision of the 4 basic social security guarantees of the social protection floor, as promoted by the ILO) समश्रेणीगत आयामले समेट्ने प्रमुख विषयहरु निम्न छन् ।

१. राज्यले निर्धारण गरेको न्यूनतम आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच,
२. राज्यले निर्धारण गरेको न्यूनतम आधारभूत पोषण (Nutrition) तथा शिक्षामा बालबालिकाहरूको पहूँचको प्रत्याभूति हुनुपर्दछ । बालबालिकाका परिवार राज्यले निर्धारण गरेको न्यूनतम गरिबीको रेखाभन्दा तल रही बालबालिकाले पोषण तथा शिक्षा नपाएमा त्यसको राज्यद्वारा प्रत्याभूति,
३. सक्रिय उमेर समूहका सबै नागरिकहरूलाई राज्यले आयआर्जनको अवसर उपलब्ध गराउनु पर्दछ । राज्यले यसरी श्रम बजारमा आफ्ना नागरिकलाई प्रवेश गराउन र आय आर्जनको अवसर उपलब्ध गराउन नसकेमा सामाजिक सुरक्षा सहायता स्वरूप न्यूनतम आम्दानीको रूपमा बेरोजगार सहायता (Unemployed Assistance) उपलब्ध गराउने,

४. राज्यले निर्धारण गरेको निश्चित उमेर पार गरेका वृद्धवृद्धा, असहाय, अपाङ्गता भएका व्यक्ति एवं गरिबीको न्यूनतम तहभन्दा मुनीका नागरिकहरूलाई पेन्सन वा बृद्ध अवस्था भत्ताको माध्यमबाट सामाजिक सुरक्षा प्रदान ।

**(ख) उर्ध्व श्रेणीगत आयाम (Vertical dimension):** रोजगार प्रदान गर्ने निकायले आफ्नो संस्था वा कम्पनीमा कार्यरत कामदारहरु र सरकारले आफ्ना निजामती, जङ्गी, प्रहरी, शिक्षक लगायत विभिन्न निकायमा कार्यरत कर्मचारीहरूलाई उनीहरूले योगदान कोष (Contribution fund) मा गरेको योगदानको आधारमा र राज्यकोष वा संस्थाको आफ्नै कोषबाट विशेष व्यवस्था गरेर कामदार कर्मचारीहरूलाई कार्यरत रहेकै अवस्थामा वा अवकाशपछि उपलब्ध गराउने सामाजिक सुरक्षा सुविधाहरु यस आयाममा पर्दछन् । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) को सामाजिक सुरक्षा सम्बन्धी अभिसन्धी नं १०२ मा उल्लेख भएअनुसारका खासगरी नियमित पारिश्रमिकका अतिरिक्त औषधोपचार सुविधा (Medical Care Benefit), विरामी हुँदाको सुविधा (Sickness Insurance Benefit), बेरोजगारी सुविधा (Unemployment Benefit), बृद्धावस्थाको सुविधा, कामगर्दा हुने दुर्घटना र चोटपटक बापतको सुविधा (Employment injury insurance benefit), परिवार र बालबच्चाको हेरचाह सुविधा, मातृत्व संरक्षण बीमा सुविधा (Maturity Insurance Benefit), अपाङ्गताको सुविधा, आश्रित परिवारको हेरचाह सुविधालाई यसमा पर्दछन् । (Implementation of social insurance schemes as defined by ILO Convention No.102 )

सामाजिक सुरक्षाप्रणालीलाई व्यवस्थित कार्यान्वयन गर्ने क्रममा horizontal and vertical एकसाथ वा आपसमा समाहित रूपमा पनि synergic तवरले कार्यान्वयन गर्ने रणनीति अवलम्बन हुनसक्दछ । समश्रेणीगत आयाम (Horizontal Dimentation) र उर्ध्व श्रेणीगत आयाम (Horizontal Dimention) अन्तर्गत प्रदान गरिने विभिन्न सामाजिक सुरक्षा योजनाहरु निम्नानुसार रहेका छन् ।

## सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन ढांचा

| | | |
|---|---|---|
| | Civil Service & Private Secter Employees | |
| सामाजिक बीमाबाट सञ्चालन हुने कार्यक्रमहरू | ९ | आश्रित परिवार सुविधा |
| | ८ | अशक्तता सुविधा |
| | ७ | मातृत्व संरक्षण सुविधा |
| | ६ | परिवार र बालबच्चाको हेरचाह सुविधा |
| | ५ | रोजगारीमा घाइते सुविधा |
| | ४ | बृद्धावस्था सुविधा |
| | ३ | बेरोजगारी सुविधा |
| | २ | विरामी सुविधा |
| | १ | औषधोपचार सुविधा |

| | |
|---|---|
| राज्यकोषले प्रदान गर्ने | सबैलाई स्वास्थ्य उपचार, |
| | बेरोजगार तथा गरिवहरूलाई सहयोग, |
| | बालबालिकालाई सुविधा |
| | जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई सुविधा |

### संरक्षण हुनेहरू

| | | | | | |
|---|---|---|---|---|---|
| निजामती तथा सार्वजनिक क्षेत्रका कामदार | निजी क्षेत्रका कामदार | अनौपचारिक क्षेत्रका कामदार | बेरोजगार | बालबालिका | जेष्ठ नागरिक |




सामाजिक संरक्षण अन्तर्गत सीमान्तकृत गरिब समुदाय/व्यक्तिलाई Safetynet अन्तर्गत ल्याउन सरकारले गर्ने लगानी संरक्षणको (Protection) लागि हो । सामाजिक संरक्षणले व्यक्ति समुदायलाई Vulenarability बाट जोगाउदछ । समयको अन्तरालमा लगातारको प्रयास र लगनीबाट व्यक्ति /समुदाय Vulenarability बाट Prevention को Stage मा पुग्दछ ।

प्रगतिको यो क्रम बढ्दैजाँदा व्यक्ति/समुदाय Growth र Development मा पुग्दछ । तसर्थ सामाजिक संरक्षणको (Social Protection) वृहत् दायरामा धेरै Stage हुन्छन् र अन्तमा यसको परिणति Development र Growth मा पुग्दछ । त्यसकारणले सामाजिक संरक्षणलाई Devemental पनि भनिन्छ ।

## भाग ३

# सामाजिक सुरक्षा कार्यक्रमको अनुभव र अभ्यास

सबैको निमित्त सामाजिक सुरक्षा भन्ने मान्यताका साथ विश्वका विभिन्न मुलुकहरूले सामाजिक सुरक्षाको प्रबन्ध र विस्तारका क्षेत्रमा विभिन्न किसिमका योजना तथा कार्यक्रमहरू सञ्चालनमा ल्याएको पाइन्छ । यसक्रममा उक्त मुलुकको शासन व्यवस्था, आर्थिक अवस्था, सामाजिक बनौट, सेवाको वितरण र पहुँच तथा भू भौगोलिक अवस्था आदिले सामाजिक सुरक्षाका कार्यक्रमहरूमा विभिन्नता पाइन्छ । कतिपय विकसित देशहरुमा बृद्ध, असहाय, विधवा, अपाङ्गता भत्ता मात्र होइन बेरोजगार भत्ता नै उपलब्ध गराउने गरिएको छ भने विश्वका अन्य कतिपय देशहरुमा बेरोजगार बाहेक अन्य भत्ता तथा सुविधाहरु सामाजिक सुरक्षा सुविधाको रुपमा उपलब्ध गराउने गरिएको पाइन्छ । विश्वका यस्ता अभ्यासहरू मध्ये केही अभ्यासहरू यस प्रकार रहेको देखिन्छः

## ३.३ थाइल्याण्ड :

थाइल्याण्ड सरकारले राज्य कोषबाट बहन गर्ने तथा अंशदानमा (Contributory) आधारित सामाजिक सुरक्षाका कार्यक्रमहरू गरी दुवै किसिमका सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । थाइल्याण्डमा सञ्चालनमा रहेका कार्यक्रमहरूमा अंशदानमूलक कार्यक्रमहरूले तुलनात्मकरूपमा फराकिलो क्षेत्र समेटेको पाइन्छ । राज्यकोषबाट सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रममा मुख्यतः सबैकोलागि स्वास्थ्य सेवा कार्यक्रम, सरकारी कर्मचारीहरूका निमित्त निबृत्तिभरण तथा स्वास्थ्योपचार कोष कार्यक्रम, राज्य सरकारका कर्मचारीहरूलाई निशुल्क स्वास्थ्य बीमा कार्यक्रम, ससाना सामाजिक सहयोगका थुप्रै कार्यक्रमहरू (Schemes) रहेका छन् ।

**(क) <u>अंशदानमा आधारित सामाजिक सुरक्षा (Contributory Social Security)</u>**: अंशदानमा आधारित सामाजिक सुरक्षामा मूलतः पाँच किसिमका कार्यक्रम रहेकाछन्ः

१. **कामदार सहयोग कोष** (**Workmen's Compensation Fund**)ः यस स्किमले खासगरी कारखाना तथा व्यवसायजन्य सुरक्षाका विषयहरूलाई समेटेको पाइन्छ । यस्तो कोष एकभन्दा बढी कामदार रहेको सबै प्रतिष्ठानमा रहेको र व्यवस्थापनले नै सबै रकमको दायित्व लिएको हुन्छ ।

२. **सामाजिक सुरक्षा कोष (Social Security Fund)**:

- गैरकृषि क्षेत्रका उद्यमहरूमा काम गर्ने कामदारहरूलाई यस कार्यक्रमले समेटेको छ ।
- यसमा खासगरी बिमारीको कारणले काम गर्न नसक्ने अवस्थामा सहयोग, प्रजनन स्वास्थ्य, काम गुमेको अवस्थामा कामदरको संरक्षण, मृत्यूको अवस्थामा आश्रितको सुरक्षा,

बाल संरक्षण अनुदान, बेरोजगार बीमा र जेष्ठ नागरिक भत्ता समेत समाविष्ट रहेको छ । यस कार्यक्रमले हाल ८८ लाख कामदार तथा ४ लाख स्वरोजगारलाई समेटेको छ ।

- यस कोषमा कामदार, उद्यमकर्ता तथा सरकारको सामुहिक अंशदान रहेको छ ।
- यस कोषमा सन् १९९८ देखि जेष्ठ नागरिक भत्ता तथा बाल संरक्षण अनुदान समावेश भएपछि यस कोषको आकार ज्यादै ठूलो भएको छ ।

३. **सञ्चयकोष** (Provident Fund): कम्पनी कम्पनी अनुसार विभिन्न प्रकृतिको अंशदानमा आधारित सञ्चयकोष कार्यक्रम एउटा महत्वपूर्ण सामाजिक सुरक्षा कार्यक्रमको रूपमा रहेको छ । यस्तो कोषको व्यवस्थापन गर्ने कम्पनी कामदार, रोजगारदाताको संयूक्त समितिले छनौट गर्दछ । यस्तो कोष व्यवस्थापन गर्ने कम्पनीको नियमित अनुगमन तथा मूल्यांकन गर्ने भिन्दै संस्थागत व्यवस्था मिलाइएको छ । यस अंशदान प्रणालीमा सहभागिता कामदारको अंशदान २ देखि १५ प्रतिशत र करिब यत्तिनै हिस्सा रोजगारदाताले अंशदानको रूपमा व्यहार्ने गरेको छ । कामदारले ५५ वर्ष सो भन्दा बढी उमेर पुगी सेवाबाट अवकाश भएपछि यसको निबृत्त लाभ पाउने व्यवस्था रहेको छ । यस कार्यक्रममा मूलत सरकारी कर्मचारी, विभिन्न कम्पनी तथा निजी क्षेत्रका उद्यम प्रतिष्ठानहरू संलग्न छन् । सन् २००७ मा ८१८७ रोजगारदाता प्रतिष्ठान का करिब २० लाख सहभागी रहेका र यसको कारोबार ४४२ विलियन भाट् पुगेको छ ।

४. **सरकारी निवृत्तिभरण कोष** (Government Pension Fund- PDF): सन् १९८७ मा स्वेच्छिक रूपमा संलग्न हुन पाउने स्किमको रूपमा प्रारम्भ गरिएको यस कोषमा १९९६ बाट सबै सरकारी कर्मचारीलाई अनिवार्य हुने गरी लागू गरिएको छ । प्रारम्भमा सञ्चय कोषमा कर्मचारी र सरकारले तलब भुक्तानीको ३/३ प्रतिशत योगदान गर्नु पर्ने व्यवस्था रहेको थियो । तर सन् २००८ मा यस विधानमा परिमार्जन गरी कर्मचारीले ३ प्रतिशत देखि १२ प्रतिशत सम्म रकम दाखिल गर्न सक्ने तर सरकारले ३ प्रतिशत मात्र सञ्चयकोष थप गर्ने व्यवस्था मिलाइएको छ । हाल यस कार्यक्रममा ११ लाख ६० हजार कर्मचारीहरू आवद्ध रहेका छन् ।

५. **निजी विद्यालय शिक्षकहरुको सञ्चयकोष (Private School Teachers Welfare Fund- PSWTF)** : श्रम सम्बद्ध कानूनले नसमेटेका निजी क्षेत्रमा सञ्चालन भएका विद्यालयमा कम तलब तथा न्यून सुविधामा काम गरिरहेका शिक्षकहरूको सामाजिक सुरक्षाको निमित्त यो कार्यक्रम सन् १९७५ बाट निजी विद्यालय सम्बन्धी ऐन बमोजिम प्रारम्भ गरिएको हो । यसमा शिक्षकले आफ्नो पारिश्रमिकको बढीमा ३ प्रतिशत सम्म कट्टा गर्ने, यसै गरी त्यति नै रकम रोजगारदाताले समायोजन गर्नु पर्ने र सरकारले शिक्षकको योगदानको दोब्बर रकम दाखिला गर्ने व्यवस्था गरिएको छ । यसबाट उपचार सुविधा, मृत्यु भएको अवस्थामा परिवार तथा

आश्रितलाई सहयोग, काम गर्न असक्षम भएको अवस्थामा सहयोग र राजिनामा वा निबृत्त भएपछि एकमुष्ट रकम पाउन सक्दछन् ।

**ख) सरकारी कोषबाट नै सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रमहरु :**

१. **सरकारी कोषबाट सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रम (Government non contributary Social Security Scheme):** सरकारी कर्मचारी र सरकारी स्वामित्वका प्रतिष्ठानहरूको निमित्त स्वास्थ्योपचार सुविधा, निवृत्तिभरण, बाल संरक्षण अनुदान, मुत्यूकर्म सहयोग तथा अपाङ्गता भएका व्यक्तिलाई दिइने भत्ता समावेश रहेकाछन् । ६० वर्षको उमेर पुरा गरेमा वा २५ वर्षको सेवा पुरा गरेका वा ५० वर्ष पुरा भई सम्बन्धित संस्थाले अवकाश दिने निर्णय गरेका निवृत्त कर्मचारीहरूले यस कार्यक्रमबाट एकमुष्ट उपदान रकम लिने वा पेन्सन सुविधा मध्ये एक रोज्न पाउने व्यवस्था रहेको छ । सन् २००७ सम्ममा ३,३३,१४३ जनाले निवृत्तिभरण र ९,२७७ जनाले एकमुष्ट उपदान लिएका छन् ।

२. **कर्मचारीहरुको निमित्त स्वास्थ्य सुरक्षा तथा स्वास्थ्योपचार सुविधा (Non Contributery health care- The civil Service Medical Benefit Scheme CSMBS):** यस कार्यक्रमको मुख्य उद्देश्य सरकारी कर्मचारी तथा तिनका परिवारलाई औषधोपचार सुविधा उपलब्ध गराउनु रहेको छ । यो सरकारी अस्पतालमा उपचारको क्रममा अन्तरंग र बहिरंग दुबै सेवा उपलब्ध हुन्छ । यस कार्यक्रमले करिब ४० लाख व्यक्ति लाभान्वित हुने गरी समेटेको छ । यस कार्यक्रमको प्रतिव्यक्ति लागत दिनानुदिन बढिरहेको (१९९७ मा प्रतिव्यक्ति ५७०० भाट् रहेकोमा सन् २००७ मा ९१०० पुगेको) सरकारी तथ्यांकले देखाएको छ ।

३. **सबैकोलागि स्वास्थ्य कार्यक्रम (Non Contributery health care- Universial health care):** सन् २००१ मा प्रारम्भ भएको यो कार्यक्रममा अन्य सामाजिक सुरक्षाका कार्यक्रमले नसमेटिएकालाई समावेश गरिएको छ । यो ३० भाट् स्वास्थ्य सुरक्षा योजनाको रूपमा चर्चित रहेको छ । यसमा अस्पतालहरूबाट प्रदान गरिने बहिरंग सेवा, गर्भावस्थाको प्रजनन स्वास्थ्य तथा प्रसुति सेवा, दन्त उपचार सेवा, प्रतिरोधात्मक स्वास्थ्य सुविधा, आकस्मिक स्वास्थ्य सेवा आदि समाविष्ट रहेको छ । थाइल्याण्ड सरकारले सन् २००७ मा यस कार्यक्रमको निमित्त ९१.४ बिलियन भाट् खर्च गरेको छ ।

४. **सामाजिक सहयोग (Social Asistabnce):** सामाजिक विकास तथा मानव सुरक्षा मन्त्रालयबाट कार्यान्वयन हुने यस कार्यक्रमले बालबालिका, पिछडिएका महिला, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक लोपोन्मुख समुदाय, घरबार विहिन सुकुम्बासी, मगन्ते, प्राकृतिक प्रकोप पिडित तथा आतंकबाट पिडितहरूलाई लक्षित सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गर्दछ । यस कार्यक्रमले मनोपरामर्श, तालिम तथा क्षमता विकासका अवसर, बस्तुगत सहायता, आकस्मिक उद्धार तथा आश्रय जस्ता क्रियाकलापहरू गरिन्छ । अपाङ्गता भएका व्यक्ति, बृद्ध गरिब तथा एचआइभी ग्रसित व्यक्ति वा निजका बालबालिकाहरूले यस

कार्यक्रमबाट नगद सहयोग समेत प्राप्त गर्दछन् । यो कार्यक्रम पूर्णतः विकेन्द्रीत कार्य ढांचामा आधारित रहेको र यस्तो सहायता पाउने व्यक्तिको छनौट प्रान्तिय तथा स्थानीय सरकारहरूले गर्ने गर्दछन् । यस मन्त्रालयको बजेट अपेक्षाकृत सानो रहेको जुन सन् २००७ को बार्षिक बजेट ८.६ मिलियन भाट् थियो ।

## ३.२ भियतनाम :

भियतानाममा अवलम्बन गरिएका सामाजिक सुरक्षाका कार्यक्रमहरू विकासोन्मुख देशहरूको निमित्त राम्रा र प्रभावकारी कार्यक्रमको रूपमा लिने गरिन्छ । भियतनामका सञ्चालित सामाजिक सुरक्षा योजनाका मुख्य कार्यक्रमहरू निम्न बमोजिम रहेकाछन् ।

**(क) अंशदान सहभागितामा आधारित कार्यक्रम :**

१. **अनिवार्य सामाजिक बीमा** (Compulsory Social Insurance): भियतनाम सरकारले कम्तिमा तीन महिनाको करार वा कार्यअवधि भएका सरकारी तथा निजी क्षेत्रका कामदारलाई अनिवार्य सामाजिक बीमा कार्यक्रम लागू गरेको छ । यसमा घरायसी काम गर्ने कामदार देखि कृषि मजदुर, मत्सव्यवसाय सम्बद्ध कामदार, नुन उद्योग, सहकारी प्रहरी तथा सैनिकहरू समेतलाई समेटेको पाइन्छ । यस कार्यक्रमले समेटेका स्किमहरूमा सेवाबाट निवृत्तिभरण भएपछिको पेन्सन, व्यवसायजन्य रोग तथा दुर्घटना, बिमारीको अवस्थामाको निमित्त सुविधा, प्रजनन स्वास्थ्य सम्बन्धी लाभ तथा आश्रित परिवार सम्बन्धी सुविधाहरू लगायतका सामाजिक सुरक्षाका स्किमहरू समावेश रहेका छन् । सन् २००७ को अन्त्यसम्म ६९ लाख ७० हजार व्यक्तिलाई यसले समेट्न सफल भएको छ, जसको अंशदान रकम अमेरिकी डलर १.४६ विलियन पुगेको देखिन्छ र यसबाट लाभ लिनेको संख्या सो वर्ष २१ लाख रहेको थियो । जसको लागत ०.६७ बिलियन अमेरिकी डलर रहेको छ । अंशदानमा आधारित यस कार्यक्रममा देहाय बमोजिम योगदान रहेको छ ।

| क्र.सं | योगदानकर्ता | वर्ष | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | २००९ | २०१०-११ | २०१२-१३ | २०१४ पश्चात | |
| १ | रोजगारदाता | ५ % | ६ % | ७ % | ८ % | |
| २ | कामदार/श्रमिक | १५ % | १६ % | १७ % | १८ % | |

२. **स्वेच्छिक सामाजिक बीमा** (Voluntearly Social Insurance): भियतनाम सरकारले सन् २००८ बाट स्वेच्छिक सामाजिक बीमाको कार्यक्रम प्रारम्भ गरेको छ । खासगरी अनिवार्य सामाजिक

बीमाको दायरामा नपर्ने दशौं हजार मानिसहरूको सामाजिक सुरक्षाको विषयलाई सम्वोधन गर्ने हेतुले यो कार्यक्रम आरम्भ गरिएको देखिन्छ । तर यसको गति भने सुस्त रहेको पाइएको छ ।

३. **बेरोजगार बीमा कार्यक्रम** **(Unemployment Insurance Program)**: सन् २००९ को अन्त्य तिर मन्दी तथा श्रम बजारमा आएको लचकताबाट सृजित अवस्था आदिले भियतामी मजदुर सङ्गठनहले बेरोजगार बीमाको सम्बन्धमा पहल प्रारम्भ गरेको पाइन्छ । भियतामको यो पछिल्लो प्रयासमा भियतनाम सरकार र मजदुर सङ्गठनहरूको ज्यादै राम्रो सहकार्यतामूखी कार्यक्रमको रूपमा योगदानमा आधारित बेरोजगार बीमा कार्यक्रमको तर्जुमा हुन पुगेको छ । यस कार्यक्रममा मजदुरहरूले आफ्नो पारश्रमिकको १ प्रतिशत हिस्सा योगदान गर्दछन् भने सरकारको तर्फबाट पनि यतिनै रकम समायोजनको रूपमा प्रदान गरिन्छ । यस कार्यक्रममा सहभागी हुन न्यूनतम १२ महिनाको रोजगार सम्बन्धी करार भएको वा स्थाई कामदार हुन आवश्यक छ ।

४. **स्वास्थ्य बीमा** **(Health Insurance)**: प्रारम्भमा औपचारिक क्षेत्रमा दश वा सो भन्दा बढी कामदार कार्यरत प्रतिष्ठानमा यो प्रणाली अनिवार्य गरी प्रारम्भ गरिएकोमा सन् २००५ बाट यस्तो संख्याको सीमा हटाइ औपचारिक क्षेत्रका सबै कामदारलाई अंशदानमा आधारित स्वास्थ्य बीमा अनिवार्य गरिएको छ । गरिबहरूलाई समेत यस कार्यक्रमबाट लाभ दिन समय समयमा सरकारले विशेष अनुदान दिने वा सामाजिक बीमा कार्डको भूक्तानी समेत गर्ने गरेको पाइन्छ । यसलाई क्रमशः सामाजिक सहयोग प्राप्त गर्ने व्यक्ति, सरकारी कर्मचारीका आश्रित परिवार तथा निवृत्त कर्मचारी समेतलाई समावेश हुने गरी विस्तार गरिएको छ ।

| क्र.सं | सहभागी | योगदान | | |
|---|---|---|---|---|
| **क** | **बहालवाला कामदार** | | | |
| १ | कामदार | १ % | पारश्रमिकको | |
| २ | रोजगारदाता | २ % | | |
| ३ | सरकार | | | |
| **ख** | **निवृत्त कर्मचारी** | | | |
| १ | कर्मचारी कामदार | ३% | पेन्सनको | सामाजिक सुरक्षा सङ्गठनबाट भूक्तानी |

**(ख) <u>राज्यकोषबाट बहन हुने सामाजिक सुरक्षाका कार्यक्रमहरु</u> :**

१. **विशेष मद्दत कार्यक्रम** (Special aid): राज्यको कल्याणकारी दायित्व भित्र पर्ने सामाजिक सुरक्षाको क्रियाकलापमा सामाजिक सहयोग एक रहेको छ । सन् १९९६ बाट २००५ सम्म यस ८० लाख मानिसहरूले यस कार्यक्रमबाट लाभ लिन प्रयास गरेको देखिन्छ जसमध्ये १५ लाख व्यक्तिहरू मासिक आर्थिक मद्दत प्राप्तगरी लाभान्वित भएकाछन् ।

२. **सामाजिक सहयोग कार्यक्रम** (Social assistance): असहाय, बृद्ध, अपाङ्गता भएका व्यक्ति, परित्यक्त बालबालिका, एचआइभी संक्रमित गरिबहरू, दुई भन्दा बढी सदस्य अपाङ्गता भएको परिवार, टुहुरा तथा बधुवा बालश्रमिकहरूलाई अपनाउने परिवार आदिलाई सहायता पुऱ्याउने उद्देश्यले सरकारबाट यस्तो सामाजिक सहयोग कार्यक्रमको सञ्चालन गरिएको छ । सन् २००६ को तथ्यांकले यस्तो सहायता पाउनेहरूको संख्या ४ लाख १६ हजार पुगेको छ । यस कार्यक्रमले समेटेको क्षेत्र साँघुरो भएको, सिमित स्रोत साधनको उपलब्धता आदिका कारण यस कार्यक्रमले प्रभावकारिता लिन सकेको छैन ।

३. **स्वेच्छिक स्वास्थ्य बीमा** (Voluntearly Health Insurance): अनिवार्य स्वास्थ्य बीमाको दायरामा नपरेका सबैको निमित्त यो कार्यक्रम कार्यान्वयनमा ल्याइएको देखिन्छ । सन् २००८ मा यस कार्यक्रममा १६ लाख सहभागी रहेको पाइएको छ । यो कार्यक्रमको हाल घाटामा सञ्चालनरत छ ।

४. **गरिव तथा बालबालिकाकोलागि विशेष सहुलियत वा निःशुल्क स्वास्थ्य परिचयपत्र** (Free Health card for Children & Poor): गरिबी तथा भोकमरी नियन्त्रण गर्ने उद्देश्यले गरिवी निवारण कार्यक्रमको एक हिस्साको रूपमा सन् २००२ मा प्रारम्भ गरिएको हो । जसमा गरिब तथा अतिविपन्न परिवार र तिनका बालबालिकालाई आधारभूत स्वस्थ्य सुविधाको प्रत्याभूति गर्न उनीहरूलाई बीमाको आधा सम्म रकम जम्मा गर्न प्रेरित गरिन्छ र यस्तो विशेष सुविधायुक्त स्वास्थ्य परिचयपत्र प्रदान गरिएको छ । यस्तो परिचय पत्रको स्वास्थ्योपचारको रकम राज्य कोषबाट व्यहोरिने व्यवस्था मिलाइएको छ ।

५. **सामाजिक सहयोग** (Social Asistabnce): वृद्धवृद्धा, बालबालिका, पूर्णअपाङ्गता भएका व्यक्ति, मगन्ते, दुई वा सो भन्दा बढी अपाङ्ग व्यक्ति भएको परिवार तथा एचआइभी ग्रसित व्यक्ति, परित्यक्त वा टुहरा बालबालिकालाई अपनाउने परिवारलाई यस कार्यक्रमबाट नगद सहयोग समेत प्राप्त गर्दछन् ।

## ३.३ मेक्सिको :

मेक्सिकोमा सन १९९४ मा टकिला सङ्कट (Tequila Crisis)को परिणामस्वरूप सरकारको सामाजिक खर्च घट्न गएका कारण गरिब, आर्थिक रूपमा नाजुक तथा अति विपन्न समूह/परिवारलाई नराम्रो असर पर्न गयो । फलतः उच्च लागतमा सञ्चालनरत तोरातिल्ला अनुदान कार्यक्रम (Tortilla Subsidies) लाई अनुदानमा संलग्न गराउने खर्चिलो कार्यक्रम

पहिलेदेखि नै थियो र सरकारले सुरक्षा सञ्जाल Safety Net खर्चलाई सुधार गर्ने चाहना पनि राखेको थियो । यसक्रममा मेक्सिको सरकारले सामाजिक सुरक्षाको निमित्त सरलीकृत प्रक्रियाको अवलम्बन गऱ्यो जसमा सरकारका सबै कार्यक्रमहरूको मौज्दात लेखाजोखा गर्ने काम गरियो । कम्प्युटरमा आधारित विस्तृत तथ्यांक विश्लेषण प्रणालीको प्रयोग गर्दै एउटा नगद ट्रान्सफर ( Cash Transfer) कार्यक्रमको तर्जुमा गरियो जसलाई प्रोग्रेसा (Prograsia) परीक्षण कार्यक्रमको रूपमा सञ्चालन गर्ने अधिकार पायो । यस कार्यक्रमको निरन्तर मूल्यांकनमा प्राप्त सकारात्मक नतिजाले यस कार्यक्रमको विस्तारको मार्ग प्रशस्त बन्न पुग्यो ।

कार्यक्रमको विस्तारको लागत अनुमानको सन्दर्भमा वस्तुगत विश्लेषण गरिंदा ग्रामिण क्षेत्रहरूको पूर्व प्राथमिक तथा प्राथमिक विद्यालयहरूमा न्यून हाजिरी, माध्यमिक विद्यालयहरूमा न्यून भर्ना, गरिब श्रमिकहरूको न्यून आम्दानी, गरिब तथा वृद्धहरूको निवृत्तिभरणमा पहुँचको कमी पेन्सन गरिबहरूको न्यून गूणस्तरहिन घरहरू तथा दुर्गम गाँउहरूको आधारभूत पूर्वाधारमा न्यून पहुँचको अवस्था विद्यमान थियो ।

उक्त विश्लेषणबाट जोखिममा रहेका जनसंख्याको अवस्था देहाय बमोजिम प्रकट भयो :

१) ०-४ वर्ष उमेर समूहका बालबालिका संख्या ४६ लाख ।

२) ५ वर्षका पूर्व प्राथमिक उमेर समूहका बालबालिका संख्या ३ लाख ७५ हजार ।

३) प्राथमिक तहका ग्रामिण गरिब बालबालिकाको संख्या २ लाख ७० हजार ।

४) १२-१४ वर्षका निम्न माध्यामिक विद्यालयमा तहमा भर्ना नभएका बालबालिका १९लाख ।

५) १५-२४ उमेर समूहका उच्च माध्यामिक तहमा भर्ना नभएका किशोर किशोरी २२ लाख ।

६) २५-६४ वर्ष उमेर समूहका कामगर्ने सक्रिय जनशक्तिमा गरिबको संख्या ४४ लाख ।

७) ६५ वर्ष भन्दा माथिका गरिब वृद्धहरू २२ लाख ५० हजार ।

८) सामाजिक सुरक्षामा पहुँच भएका श्रमिकहरू ८८ लाख ।

९) कम गूणस्तरको घर भएका परिवारहरू ४८ लाख ।

१०) पानीको सुविधा नभएका दुर्गमा ग्रामिण गरिब जनसंख्या १३ लाख ।

उपरोक्त परिवेशमा मेक्सिको सरकारले सामाजिक सुरक्षा कार्यक्रमको निम्न योजना/कार्यक्रममा अग्रसरता देखायो :

१) पूर्व प्राथमिक तथा प्राथमिक विद्यालयका सुविधा विस्तारगरी सबै बालबालिकालाई पूर्व प्राथमिक तथा प्राथमिक शिक्षा प्रदान गर्ने ।

२) माध्यामिक तहमा भर्ना हुने उमेर समूहका भर्ना नभएका वा विद्यालय नजाने सबै विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने ।

३) सामाजिक सुरक्षाको लागत परिपूर्तिको निमित्त आयकरको क्षेत्र र दायर विस्तार गर्ने ।

४) वृद्धवृद्धाहरूलाई निवृत्तिभरण सुविधा प्रदान गर्ने ।

५) न्यून गूणस्तरको घर भएकालाई कम व्याजमा आवास ऋण सुविधा प्रदान गर्ने ।

६) खानेपानी सुविधा नभएका क्षेत्रमा खानेपानी विस्तार गरी खानेपानी सुविधा उपलब्ध गराउने ।

मेक्सिको सरकारको उक्त सामाजिक सुरक्षा कार्यक्रम प्रोगेसाको लागत विश्लेषण गर्दा कार्यक्रम हेरी प्रतिव्यक्ति न्यूनतम ५४० देखि अधिकतम् १० हजार पेसो लागत लाग्ने अनुमान अनुसार कुल ६० अरब १० करोड पेसोको लागत अनुमान गरियो ।

प्रोगेसाको सन् १९९७ मा पूर्ण कार्यन्वयन प्रारम्भ गरी सन् २००० मा स्तर वृद्धि गरियो । यस अन्तर्गत सन् २००३ मा सामाजिक निवृत्तिभरण सञ्चालन प्रारम्भ भयो । यसैगरी सन् २००७ बाट दिवा स्याहार कार्यक्रम कार्यान्वयन प्रारम्भ गरिएको छ ।

## ३.४ फिलिपिन्सः

फिलिपिन्स सरकारले सामाजिक समता र अवसरको सामाञ्जस्यताको विपन्न र जोखिममा रहेकाहरूका निमित्त विभिन्न किसिमका सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरेको छ । यस क्रममा सामाजक कल्याण र गरिवी निवारणलाई कार्यक्रमको प्रेरक तत्वको रूपमा लिइएको छ । सरकारले सबै सामाजिक संरक्षणका कार्यक्रमहरूको इन्भेण्ट्री समेत राख्ने काम गरेको छ ।

फिलिपिन्समा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरूको व्यवस्थापन समाज कल्याण र विकास विभागले गर्ने गर्दछ । यस विभागले लक्षित नयाँ समाज कल्याण र विकासका कार्यक्रमहरूको सिर्जना र सञ्चालन गरेको छ । यसले लक्षित राष्ट्रिय आवास व्यवस्थाको विकास गरेको छ । यस अलावा प्रमुख राष्ट्रिय कार्यक्रमहरूसँग तथ्यांकहरू आदन प्रदान गर्न नियमहरू समेत तयार पारिएको छ ।

## ३.५ इथियोपिया

इथियोपिया द्वन्दको पिडाबाट लामो समयसम्म अति गरिब मुलुकको पुछारमा रहेको र हाल आएर तिव्र र नयाँ विकासका अवसरहरू तर्फ अग्रसर मुलुककोरूपमा चिनिने गरेको छ । प्राकृतिक प्रकोप र द्वन्दको फलस्वरूप दशकौंदेखिको खाद्य असुरक्षाका कारण अद्यापि यो मुलुक धेरै हदसम्म दाताहरूमा निर्भर रहेको छ । यसर्थ यसका सामाजिक सुरक्षाका कार्यक्रमहरू समेत अधिकतर दाताहरूको सहयोग र परामर्शमा आधारित रहेकाछन् । यस क्रममा सन् २००३ मा प्रमुख दाता राष्ट्रहरू र सरोकारवाला पक्ष सम्मिलित छलफल कार्यक्रमद्वारा खाद्यान्न सुरक्षा रणनीति र कार्यक्रम तयार पारियो । यसैगरी सन् २००५ मा वातावरण विनास समेतलाई ध्यानमा

राखी उत्पादनशील सुरक्षा सञ्जाल कार्यक्रम कार्यान्वयन गरिएको छ । सन् २००६ मा उपरोक्त कार्यक्रमहरूलाई स्तर बृद्धि गरी १०% जनतालाई सेवा पुऱ्याइएको छ ।

## ३.६ जोर्डन :

जोर्डनमा पहिलोपटक सन् १९७८ मा सामाजिक सुरक्षा योजना कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको हो । यहाँ सामाजिक सुरक्षा योजनालाई अझ विस्तार गरी व्यापक बनाउन सन् २००१ मा सामाजिक सुरक्षा कानूनमा संशोधन गरियो र सन् २०१० मा यसलाई पुनः संशोधन गर्न प्रस्ताव गरिएको छ । सन् १९७८ मा २० वा सो भन्दा बढी कामदार कर्मचारी भएका संस्थाहरु यो योजनामा सहभागी हुन पाउने र वृद्धावस्था, अशक्त, बिरामी, पेन्सन, बेरोजगार दुर्घटना (Unemployment injury) भत्ताहरु पाउने व्यवस्था गरिएकोमा दोश्रो संशोधन पश्चात् पाँचजना भन्दा बढी कामदार/मजदुर कार्यरत प्रतिष्ठान पनि यस योजनामा सहभागी हुन पाउने र उल्लेखित सुविधाहरुका अतिरिक्त सम्पूर्ण जोर्डनवासी कामदार र जोर्डनभन्दा बाहिर काम गर्ने जोर्डनीयनहरु पनि यस योजनामा सहभागी हुन पाउने र स्वेच्छिक योगदान गर्नसक्ने व्यवस्था गरिएको छ । यसका अतिरिक्त मातृत्व बिमा सुविधा एवं बेरोजगार विमा सुविधालाई पनि सामाजिक सुरक्षा योजनामा समेटिएको छ ।

# भाग ४

# सामाजिक सुरक्षा कार्यक्रम र नेपाल

## ४.१ पृष्ठभूमि :

नागरिकका विभिन्न किसिमका हकहरू हुन्छन् जसमध्ये सामाजिक सुरक्षा पनि एक हो । राज्यको अवस्था र विकास क्रम अनुसार मौलिक हकलाई विभिन्न पुस्तामा समेत विभाजन गरेर अध्ययन गर्ने गरिन्छ । नेपालको अन्तरिम संविधानले सामाजिक सुरक्षाको हक (धारा १८(४) )श्रम सम्बन्धी हक, स्थास्थ्यको हक आदि प्रदान गरेको छ । समाजको सन्तुलित विकासका निमित्त केही यस्ता आधारभूत विषयहरू महत्वपूर्ण हुन्छन् जसले नागरिकलाई जीवनको सरक्षा र भयबाट मुक्ति दिलाउँदछ ।

सामाजिक समानता वा सामाजिक न्याय प्रदान गर्न सँग पनि सामाजिक सुरक्षालाई आबद्ध गरेर हेर्ने गरिन्छ । सामाजिक सुरक्षााको अभावमा समाजमा कमजोर व्यक्तिले संरक्षण पाउन सक्दैन र आधारभूत सुविधा प्राप्त गर्न कठिन बन्दछ ।  यसबाट गरिब र धनीको फासला समेत बढेर जाने गर्दछ । Social Justice को लागि सामाजिक सुरक्षाको आवश्यकता पर्दछ । Distributive justice मा राज्यले स्रोत साधनको बाँडफाँड र पुनर्वितरणको व्यवस्था गरेको हुन्छ जसले सबै नागरिकलाई राज्यले ध्यान दिन र संरक्षण गर्न सकियोस् । राज्यले रोजगारी, पूर्वाधारको विकास, सुरक्षा संरक्षणमा साधनको वितरण आदि प्रक्रियाले पनि सामाजिक न्यायमूलक सामाजिक सुरक्षामा काम गर्न सक्दछ ।

## ४.२ सामाजिक सुरक्षा अवधारणाको विकासः

सामाजिक सुरक्षा अवधारणाको इतिहास १६ औं शताव्दीमा बेलायतबाट शुरू भएको हो । यस अवधारणा अनुसार बृद्ध वा काम गर्न असमर्थ  मानिसहरूलाई आवासगृह र बेरोजगारहरूलाई काम गर्ने सुविधाको व्यवस्था गरिएको थियो । सत्रौं शताव्दीमा आएर संयुक्त राज्य अमेरिका र क्यानडामा सामाजिक सहयोग प्रणालीको थालनी भएको हो । सोही ताका कामदारहरूको सङ्गठनले आफ्ना कामदारहरू काम गर्न असमर्थ वा मृत्यु भएको अवस्थामा कामदार तथा परिवारका सदस्यलाई आर्थिक सहयोग उपलव्ध गराउने परिपाटीको विकास हुन गयो ।

उन्नाइसौ शताव्दीको सुरूमा संयूक्त राज्य अमेरिकामा कतिपय राज्य तथा स्थानीय निकायहरूले सरकारी कर्मचारीहरूलाई निवृत्तिभरणको व्यवस्था प्रारम्भ गरेको पाइन्छ । यसै समयमा निजी क्षेत्रका उद्यमीहरूले आफ्नो कामदारहरू कार्यरत अवस्थामा घाइते भएमा वा बिरामी पेरमा वा मृत्यु भएमा क्षतिपूर्ति स्वरूप सुविधा तथा सहुलियत दिनु पर्ने गरी कानूनी प्रावधानहरू लागू गरिएको पाइन्छ । सन् १९३० को विश्व आर्थिक मन्दीले सृजित व्यापक बेरोजगारी बाट आम नागरिकहरूको जीवनस्तरमा पर्न गएको दुष्कर प्रभावलाई सामना गर्न यस दशकको शुरूका

वर्षहरूबाट अमेरिकाका कतिपय राज्यहरूले वृद्ध अवस्था निवृत्तिभरण तथा बेरोजगार बीमा कार्यक्रमहरूको थालनी गरेको देखिन्छ ।

## ४.३ नेपालमा सामाजिक सुंरक्षा सम्बन्धी अवधारणा :

**(क) संबैधानिक व्यवस्था :** नेपालको अन्तरिम संविधानमा देहाय बमोजिम सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थाहरू समाविष्ट रहेको पाइन्छ :

१. **सामाजिक सुरक्षा सम्बन्धी हक**: नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ **रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हकको** व्यवस्था गरेको छ जसमा महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएवमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था धारा १८(२) ले गरेको छ ।

२. **श्रमसम्बन्धी हक सम्बन्धी व्यवस्था**: नेपालको अन्तरिम संविधान, २०६३ धारा ३० मा कामदार तथा कर्मचारी वर्गको हकहित संरक्षणतर्फ विशेष प्रावधानहरु राखिएका छन् । यी प्रावधानहरूले श्रमिक वर्गको सामाजिक सुरक्षा प्रत्याभूत गर्नेतर्फ स्पष्ट मार्ग निर्देशन गरेको छ । यसमा प्रत्येक कामदार र कर्मचारीलाई उचित श्रम अभ्यासको हक हुने, कानुनमा व्यवस्था भएबमोजिम प्रत्येक कामदार र कर्मचारीलाई आ–आफ्ना हित रक्षाको निमित्त ट्रेड युनियन खोल्ने, सङ्गठित हुने र सामूहिक सौदाबाजी गर्ने हकको प्रत्याभूति गरिएकोछ ।

३. **आर्थिक सामाजिक सुरक्षाको व्यवस्था**: संविधानले **राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू** अन्तर्गत धारा ३३ (झ) मा राज्यको दायित्वमा सुकुम्वासी, कमैया, हलिया, हरवा चरवा लगायतका आर्थिक सामाजिकरूपले पछाडि परेकावर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने निर्देशक सिद्धान्तको रूपमा समावेश गरेको छ ।

४. **सामाजिक सुरक्षाको विशेष व्यवस्था सम्बन्धी नीति**: संविधानको धारा ३५ राज्यका नीतिहरूमा समेत सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थाहरू समावेश रहेको छ, यसमा धारा ३५ (९) मा राज्यले एकल महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध, अपाङ्ग अशक्त, र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अबलम्बन गर्नेछ भन्ने व्यवस्था रहेको, धारा ३५(१७) मा वृद्ध, अशक्त महिला तथा बेरोजगारलाई कानुनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गर्ने प्रावधान समाविष्ट रहेको छ ।

५. **राज्यको नीति :** देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई रोजगार उपलब्ध गराई काम पाउने अधिकार सुनिश्चित गरी उनीहरूको हक र हितको

संरक्षण गर्दै उद्यमको व्यवस्थापनमा सहभागिता बढाउने नीति राज्यले अवलम्बन गर्ने राज्यको नीतिको रूपमा धारा-३५(७) मा उल्लेख गरिएको छ ।

**(ख) तीनवर्षीय अन्तरिम योजना (२०६४ ६७) मा श्रमिकको सामाजिक सुरक्षाः**

तीनवर्षीय अन्तरिम योजनाले रोजगारीमा संलग्न श्रमजीवी कामदारहरूको आधारभूत हक अधिकारको संरक्षण र उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि श्रम कानुनलाई सक्षम र समय सापेक्ष बनाउनुपर्ने मान्यता राखेको छ । अन्तरिम योजनाले विभेदरहित, सुरक्षित, मर्यादित र स्वस्थ काम गर्ने वातावरणको सृजना गरेर राष्ट्रिय अर्थ व्यवस्थालाई सुदृढ तुल्याउने दीर्घकालीन सोच लिएको छ । लगानी मैत्री वातावरण सृजना गर्नका लागि सामाजिक सुरक्षा समायोजित लचिलो श्रम कानुन ल्याउने नीति रहेको छ । साथै राष्ट्रियस्तरको कल्याणकारी कोषको प्रावधानलाई प्रभावकारी बनाई सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने, सामाजिक सुरक्षा कोषको स्थापना गर्ने साथै अनौपचारिक क्षेत्रमा सामाजिक बीमा तथा लघु वित्त कार्यक्रमहरु ट्रेड युनियनको सहकार्यमा सञ्चालन गर्ने कार्यक्रम निर्धारण गरिएको छ ।

**(ग) श्रम तथा रोजगार नीति, २०६२ः**

नेपालमा श्रम क्षेत्रलाई व्यवस्थित गर्न छुट्टै राष्ट्रिय श्रम नीति, २०५६ कार्यान्वयनमा ल्याइएको थियो । उक्त नीतिको मार्ग निर्देशनअनुसार श्रम क्षेत्रलाई संगठित र व्यवस्थित गर्नेतर्फ केही सकारात्मक कार्यहरु भएको पाइन्छ । तथापि श्रम तथा रोजगारको क्षेत्रमा थप प्रयासहरु गरी न्यायोचित, स्वस्थ एवं मैत्रीपूर्ण श्रम सम्बन्धको विकासमा योगदान गर्ने गरी श्रम तथा रोजगार नीति, २०६२ लाई अँगालिएको छ । यस नीतिले अनौपचारिक क्षेत्रलाई समेत समेट्ने गरी सामाजिक सुरक्षा प्रणालीको विकास गर्दै श्रम बजारलाई क्रमशः सुरक्षित, स्वास्थ, प्रतिस्पर्धी एवं लचिलो बनाउँदै लैजानुको साथै व्यवसायजन्य सुरक्षा स्वास्थ्यको प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ । यस उद्देश्य प्राप्तिका लागि श्रम बजारको लचकता, लगानी मैत्री वातावरण र न्यूनतम सामाजिक सुरक्षाबीच सन्तुलन कायम गर्दै जाने ठोस नीति तथा कार्यनीतिहरु निर्दिष्ट गरिएका छन् ।

**(३) बजेट तथा नीति कार्यक्रममा सामाजिक सुरक्षा :**

यसैगरी नेपाल सरकारको वार्षिक बजेट तथा तद्अनुसारका विनियोजन ऐनले समेत सामाजिक सुरक्षा सम्बन्धी नीतिगत तथा सारभुत व्यवस्थाहरू गरेको छ, जसमा ज्येष्ठ नागरिक, अशक्त अपाङ्ग सम्बन्धी कार्यनीति सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी सम्बन्धी व्यवस्था आदि रहेको पाइन्छ ।

आजको समाज Right base approach मा आधरित विकासमा अग्रसर छ । यसले विकास र शान्तिपूर्ण जीवन विताउने अधिकारको अवधारणा राख्दछ, जसलाई People को Level मा कसरी सहयोग पुऱ्याउने भन्ने कुरा सामाजिक सुरक्षामा पर्दछ । यसैले नेपालको अन्तरिम संविधान, २०६३ ले महिला, बृद्ध अपाङ्ग तथा अशक्त एवं असाहाय नागरिहरूलाई कानूनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षा प्रदान गर्ने गरी मौलिक हकको व्यवस्था गरेको छ ।

## ४.४ सामाजिक सुरक्षाका नीतिगत व्यवस्थाः

१ श्रम ऐन, २०४८

२ श्रम नियमावली, २०४८

३ ट्रेड युनियन ऐन, २०४९

४ औद्योगिक व्यवसाय ऐन, २०४९

५ बोनस ऐन, २०३०

६ बोनस नियमावली, २०३९

७ निजामती सेवा ऐन, २०४९

८ निजामती सेवा नियमावली २०५०

९ कर्मचारीहरूको सेवागत ऐन नियमहरू (स्वास्थ्य सेवा, संसद, शिक्षा, संस्थान आदि)

१० जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३

११ अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९

१२ कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८

१३ बालबालिका सम्बन्धी ऐन, २०४८

१४ बालबालिका सम्बन्धी नियमावली, २०५१

१५ सामाजिक सुरक्षा वितरणकालागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५

१६ मुलुकी ऐन, २०२०

१७ वैदेशिक रोजगार ऐन, २०६४

१८ वैदेशिक रोजगार नियमावली, २०६४

१९ समाज कल्याण ऐन, २०४९

२० कर्मचारी सञ्चयकोष ऐन, २०१९

२१ नागरिक लगानी कोष ऐन, २०४७

२२ बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

२३ स्थानीय स्वायत्त शासन ऐन, २०५५

२४ स्थानीय स्वायत्त शासन नियमावली, २०५६

२५ चियाबगान सम्बन्धी श्रम नियमावली २०५०

२६ श्रमजिवी पत्रकार सम्बन्धी ऐन २०५३ र नियमावली २०५३

२७ जनपद प्रहरी तथा सशस्त्र प्रहरी सम्बन्धी नियमावली र यिनका कल्याणकारी कोष सम्बन्धी निर्देशिका

२८ सैनिक ऐन, नियम तथा सैनिक कल्याणकारी कोष सम्बन्धी नियमावली

२९ न्यायाधिसहरूको सेवा सुविधा सम्बन्धी ऐन तथा नियमावलीहरू

३० त्रिवर्षीय योजना २०६४/६५-२०६६/६७

३१ श्रम तथा रोजगार नीति, २०६२

३२ जेष्ठ नागरिक नीति

३३ बाल श्रम निवारण सम्बन्धी गुरू योजना २०६१-७१

३४ अपाङ्गता सेवा राष्ट्रिय कार्य योजना, २०६०

३५ जेष्ठ नागरिक सम्बन्धि राष्ट्रिय कार्य योजना, २०६०

## ४.५ नेपालमा सामाजिक सुरक्षा प्रणालीको विद्यमान अवस्थाः

नेपालमा कर्मचारीहरूको सामाजिक सुरक्षा व्यवस्थाको थालनी वि.सं. १९९१ मा "सैनिक द्रव्य कोष" को स्थापना गरी थालनी गरिएको हो । राष्ट्रको सेवामा रहेका सैनिकहरूको सेवा निवृत्त जीवनमा आर्थिक सहयोग पु¥याउन यस कोषको स्थापना गरिएको थियो । वि.सं. २००१ मा निजामती कर्मचारीहरूका निमित्त "निजामती प्रोभिडेन्ट फन्ड" को व्यवस्था गरी सेवाबाट निवृत्त भएपछि निजामती कर्मचारीहरूलाई सञ्चित रकमबाट आर्थिक सहयोगको व्यवस्था गरियो । सरकारी कर्मचारीहरूको संचय कोषसम्बन्धी व्यवस्थालाई स्वायत्त निकायद्वारा व्यवस्थापन गर्ने गरी वि.सं. २०१९ मा कर्मचारी संचय कोष ऐन जारी गरिएको पाइन्छ । यस कोषको कार्यक्षेत्रमा क्रमिक विस्तार गर्दै हाल सबै क्षेत्रका सरकारी कर्मचारीका अतिरिक्त दश वा दशभन्दा बढी कामदार तथा कर्मचारी कार्यरत निजी क्षेत्रका सङ्गठित निकायले पनि आफ्ना कामदार एवं कर्मचारीहरूका निमित्त संचय कोषको व्यवस्था कर्मचारी संचय कोषमार्फत गर्न सक्नेछन् । यस कोषअन्तर्गत कर्मचारी तथा कामदारहरूको पारिश्रमिकबाट कट्टी हुने रकम र रोजगारदाताको तर्फबाट थप हुने रकम निवृत्त कर्मचारीलाई वा सेवारत छँदा नै कर्मचारीको मृत्यु भएमा निजको हकवाला परिवारलाई भुक्तानी दिइनेछ । सोको अतिरिक्त कर्मचारी संचय कोषको सामाजिक सुरक्षण सुविधाहरूअन्तर्गत सेवाबाट अवकाश हुँदा कोषमा जम्मा मौज्दातको ०.७५ प्रतिशतका दरले अतिरिक्त सुविधा, भिडन्त वा दुर्घटनामा परी मृत्यु वा अङ्गभङ्ग भएमा तोकिए बमोजिमको दुर्घटना क्षतिपूर्ति र सेवाकालमा नै मृत्यु भएमा हकवालालाई काजकिरिया अनुदान दिने व्यवस्था गरिएको छ ।

निजामती कर्मचारीहरूको सामाजिक सुरक्षाका लागि उपदान तथा निवृत्तिभरण तथा अन्य सुविधाहरूको लागि २०१३ सालमा जारी भएको निजामती सेवा ऐनमा नै विशेष व्यवस्था गरिएको

थियो । निजामती सेवा ऐन, २०१३ लाई खारेज गरी २०४९ मा नयाँ निजामती सेवा ऐन जारी भएपछि उक्त ऐनमा भएका संशोधनहरूले निजामती कर्मचारीहरूको सामाजिक सुरक्षा सम्बन्धमा विभिन्न थप प्रावधानहरूलाई लागु गरिएको छ । जसअनुसार निजामती कर्मचारीहरूले अवकाश लिंदा तोकिएबमोजिम उपदान वा निवृत्तभरण प्राप्त गर्नेछन् । निवृत्तभरण पाउने कर्मचारीको मृत्यु भएमा निजको पति वा पत्नीले निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै निवृत्त कर्मचारीको मृत्यु भएकोमा सो अवधिसम्म पूरै र तत्पश्चात् जीवनभर निवृत्तभरणको आधा रकम पाउनेछ । साथै कामको सिलसिलामा दुर्घटनामा परी अशक्त भएमा पाउने अशक्त वृत्ति, अङ्गभङ्ग भए वा चोटपटक लागेबापत पाउने सुविधा तथा उपचार खर्च र कुनै कर्मचारी कामको सिलसिलामा मृत्यु भएमा वा काम गर्न नसक्ने भएमा पति वा पत्नीले पाउने असाधारण पारिवारिक वृत्ति र बढीमा दुई सन्ततिलाई शैक्षिक तथा सन्तति वृत्ति उपलब्ध हुनेछ । यसैगरी स्वास्थ्य ऐन, २०५३ तथा स्वास्थ्यसम्बन्धी नियमावली र शिक्षा ऐन, २०२८ तथा शिक्षासम्बन्धी नियमावलीबमोजिम स्वास्थ्य सेवा र शिक्षा सेवाअन्तर्गत कार्यरत कर्मचारी तथा शिक्षकहरूको सामाजिक सुरक्षा सम्बन्धमा निजामती कर्मचारीहरूसरहकै प्रावधानहरू कायम गरिएका छन् ।

नेपालमा संगठित निजी क्षेत्रका सार्वजनिक उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने प्रतिष्ठानहरूमा काम गर्ने कामदार तथा कर्मचारीहरूलाई संस्थागतरूपमा सामाजिक सुरक्षा प्रदान गर्ने सम्बन्धमा नेपाल कारखाना र कारखानामा काम गर्ने मजदुरसम्बन्धी ऐन, २०१६ मा केही प्रावधानहरू समावेश गरिएका थिए । उक्त ऐन खारेज गरी लागू गरिएको श्रम ऐन, २०४८ मा दश जना वा सोभन्दा बढी कामदार वा कर्मचारी काम गर्ने प्रतिष्ठानहरूका कामदार तथा कर्मचारीहरूको लागि कल्याणकारी व्यवस्थासम्बन्धी प्रावधानहरू समावेश गरिएका छन् । ती प्रावधानहरूलाई थप व्यवस्थित गर्न श्रम नियमावली, २०५० लागू गरिएको छ । यसैगरी बोनस ऐन, २०३० र बोनस नियमावली, २०३९ द्वारा कल्याणकारी कोषमा रकम जम्मा गर्ने र उपयोग गर्नेसम्बन्धी व्यवस्था उल्लेखित छ । ट्रेड युनियन ऐन, २०४९ ले कामदारहरूको हकहितको संरक्षण तथा सम्वर्द्धन र तिनीहरूको आर्थिक तथा सामाजिक समुन्नतिका लागि ट्रेड युनियनद्वारा सघाउ पुऱ्याइने प्रावधान राखिएको छ । यी व्यवस्थाहरू प्रतिष्ठानमा काम गर्ने कामदार तथा कर्मचारीहरूको सामाजिक सुरक्षाका लागि महत्वपूर्ण पक्षहरू हुँदा यसबारे थप स्पष्ट गर्नु सान्दर्भिक हुनेछ ।

उपर्युक्त बमोजिम नेपालमा संगठित क्षेत्रको प्रतिष्ठानहरूमा कार्य गर्ने कामदार तथा कर्मचारीहरूको सामाजिक सुरक्षासम्बन्धी कानुनी प्रावधानहरू निर्दिष्ट गरिएका छन् । तर एकातर्फ सामाजिक सुरक्षा सम्बन्धी विद्यमान कानुनी प्रावधानहरू यथार्थतामा कार्यान्वयन हुन सकेका छैनन् र अर्कोतर्फ कतिपय अवस्थामा श्रमिकवर्गको सामाजिक सुरक्षासम्बन्धी आवश्यकतालाई सम्वोधन गर्न सकेको पनि छैन । यसैगरी रोजगारदाता र ट्रेड युनियनको बीचमा सामाजिक सुरक्षा एउटा बहसको विषय भएको छ । अर्कोतर्फ नेपालको हालको कूल श्रम शक्ति एक करोड नाघिसकेको र सोको नब्बे प्रतिशतभन्दा बढी कामदार तथा कर्मचारीहरू असंगठित एवं अनौपचारिक क्षेत्रमा

कार्यरत रहेका छन् । तर तिनीहरूको सामाजिक सुरक्षा सम्बन्धमा कुनै पनि क्षेत्रबाट सम्वोधन हुन सकेको छैन । करिब आठ प्रतिशत औपचारिक क्षेत्रमा कार्यरत श्रमिकवर्गको सामाजिक सुरक्षा सुनिश्चित हुन नसकेको विद्यमान अवस्थामा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकवर्गको सामाजिक सुरक्षाको सम्भावना एकदमै न्यून रहेको छ । समग्रतामा भन्नुपर्दा विद्यमान स्थितिमा नेपालमा अत्यधिक कामदार तथा कर्मचारीहरूको सामाजिक सुरक्षाको विषयमा सोचविचार गर्नुपर्ने स्थिति छ ।

## ४.६ नेपालमा सामाजिक सुंरक्षा सम्बन्धी कार्यक्रमहरुः

**(क) कामदार कर्मचारीहरुको सामाजिक सुरक्षाः** श्रम ऐन तथा नियमावली र निजामती सेवा ऐन नियमहरूले कर्मचारी तथा श्रमिकहरूको सामाजिक सुरक्षाको व्यवस्थाहरू गरेको पाइन्छ, जसमा नोकरीको सुरक्षा, स्वास्थोपचार सुविधा, उपदान, पेन्सन, अशक्त भत्ता, पारिवारिक जीवन वृत्ति सुविधा लगायतका विषयहरू समावेश भएको पाइन्छ ।

**(ख) सामाजिक सुरक्षा अनुदानः** वि.सं. २०५१ सालबाट जेष्ठ नागरिक, विधवा तथा अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गर्न प्रारम्भ भएको सामाजिक सुरक्षा कार्यक्रम नेपालमा बृहत् कार्यक्रमको आरम्भ तथा कोशेढुङ्गाको रूपमा लिइन्छ । सरकारले जेष्ठ नागरिक, असहाय विधवा महिला तथा अपाङ्ग नागरिहरूलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्नका साथै जेष्ठ नागरिक उपचार कार्यक्रम लगायतका थुप्रै सामाजिक सुरक्षामूलक कार्यक्रमहरू सञ्चालन गरेको छ ।

**(ग) खाद्यान्न सहयोग कार्यक्रमः** यस भन्दा पहिला खाद्य उपलव्धता कमजोर भएको स्थानहरूमा कामको निमित्त खाद्यान्न जस्ता बस्तुगत कार्यक्रममा आधारित सामाजिक संरक्षणका कार्यक्रमहरू नेपालमा सञ्चालनमा आएको देख्न सकिन्छ । यसैगरी विद्यालयमा पौष्टिक आहार, दिवा खाना, बालिका शिक्षाको निमित्त तेल अनुदान जस्ता खाद्यान्न सहयोगका कार्यक्रमहरू सञ्चालनमा रहेकाछन् ।

**(घ) संरक्षणजनित कार्यक्रमः** बृद्धाश्रम, अनाथालय, लोपोन्मुख जाति जनजातिको संरक्षण, शरणार्थीहरूको आश्रय जस्ता संरक्षणजनित कार्यक्रमहरू सञ्चालनमा आएकाछन् ।

**(ङ) अप्रत्यक्ष सामाजिक सुरक्षाजन्य कार्यक्रमः** जेष्ठ नागरिक उपचार सुविधा, जेष्ठ नागरिकलाई निःशुल्क उपचार, जस्ता थुप्रै अप्रत्यक्ष तवरबाट सामाजिक सुरक्षामा योगदान प्रदान गर्ने कार्यक्रमहरू सञ्चालनमा रहेको पाइन्छ ।

नेपालमा सामाजिक सुरक्षा कार्यक्रमलाई मूलतः नगद हस्तान्तरणमुलक (Cash Transfer) कार्यक्रलाई बुझ्ने गरिन्छ । यसो हुनुमा यस्ता खास कार्यक्रमको नाम नै सामाजिक सुरक्षा कार्यक्रको रूपमा बजेट तथा कार्यक्रमबाट इङ्गित गरिनु र आमरूपमा यिनै कार्यक्रमलाई सामाजिक सुरक्षाको रूपमा चित्रीत गरिने परिपाटी मुख्य रहेको छ । समाजका ज्येष्ठ नागरिक, असहाय विधवा र अशक्त अपाङ्गता भएका नागरिकहरूको लागि न्यूनतम रूपमा भएपनि सामाजिक

सुरक्षा प्रदान गर्नको लागि आ.व. २०५१/०५२ देखि राज्यले सामाजिक सुरक्षा कार्यक्रम नियमित रूपमा सञ्चालन गर्दै आएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को मर्म र भावना अनुरूप एकल महिला, दलित, लोपोन्मुख आदिवासी/जनजाति एवं अशक्त अपाङ्गता भएका नागरिकको सामाजिक सुरक्षा सम्बन्धी मौलिक हकको संरक्षण अनुरूप सामाजिक न्याय प्रदानमा सहयोग गर्न र नेपालले ILO महासन्धी १६९ र अन्य अन्तराष्ट्रिय महासन्धीहरूमा अभिव्यक्ति गरेको प्रतिबद्धता अनुरूप यिनीहरूको मानवोचित जीवनयापनका लागि आवश्यक सहयोग गर्ने कार्यलाई उच्च महत्व दिँदै नेपाल सरकारले प्रत्येक वर्ष विनियोजन बजेटमा सामाजिक सुरक्षा बापत रकम उपलब्ध गराउँदै आएको छ । ज्येष्ठ नागरिक, असहाय विधवा र अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई मात्र राज्यबाट यो सुविधा प्रदान गरिदैं आएकोमा आ.व. ०६५/६६ देखि एकल महिला, लोपोन्मुख आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, कर्णाली अञ्चल र दलित नागरिकको उमेर समूह घटाई ज्येष्ठ नागरिकको लक्षित समूह कायम गरी सामाजिक सुरक्षा बापत सुविधा उपलब्ध गराइएको छ । चालु आ.व. ०६६/६७ मा जेष्ठ नागरिक, अशक्त अपाङ्गता, लोपोन्मुख जाति तथा एकल महिला सुरक्षा व्यवस्था कार्यक्रमको लागि कूल विनियोजित बजेटको २.९७ प्रतिशत अर्थात् रू ८ अरब ५० करोड विनियोजित गरिएको छ । यस बाहेक सामाजिक सुरक्षा कार्यक्रम विस्तारका लागि अन्य क्षेत्रहरूमा (उत्पीडित, उपेक्षित, मधेशी, मुस्लीम, सामाजिक समावेशीकरण आदि) समेत राज्यले बजेटको व्यवस्था गरेको छ ।

यस सामाजिक सुरक्षा कार्यक्रमका मुख्य उद्देश्यहरूमा लक्षित समूहको पहिचान गरी भत्ता/वृत्तिको सरल र सहज वितरण, अभिलेख तथा सूचना प्रवाह प्रणाली व्यवस्थापन, अद्यावधिकता तथा पारदर्शिता, प्रभावकारी अनुगमन प्रणालीको विकास, विपन्न तथा अत्यन्त पिछडिएका परिवारका बालबालिकाको पोषण स्थितिमा सुधार रहेको पाइन्छ भने लक्षित समुदाय सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वा वृत्ति पाउनेको लागि ज्येष्ठ नागरिक, लोपोन्मुख आदिवासी/जनजाति, ६० वर्ष उमेर पुगेका एकल महिला, अशक्त अपाङ्गता भएका व्यक्ति, बाल बालिका रहेकाछन् । आ.व. २०६६/०६७ को लक्षित समूहको अनुमानित संख्या यस प्रकार रहेको देखिन्छ ।

| क्र.सं. | विवरण | इकाई | अनुमानित संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | **ज्येष्ठ नागरिक** | संख्या | | |
| | ज्येष्ठ नागरिक ७०+ | संख्या | ५,२७,५९१ | |
| | ज्येष्ठ नागरिक दलित ६०+ | संख्या | ९१,९४१ | |
| | ज्येष्ठ नागरिक कर्णाली ६०+ | संख्या | १४,१०८ | |
| २ | **एकल महिला** | संख्या | २,६४,३०१ | |

| | | | | |
|---|---|---|---|---|
| ३. | **लोपोन्मुख/आदिवासी जनजाति** | संख्या | १५,६९० | |
| ४. | **अशक्त अपाङ्गता** | संख्या | | |
| | पूर्ण अशक्त अपाङ्गता | संख्या | १३,०७८ | |
| | आंशिक अशक्त अपाङ्गता | संख्या | ६,८७५ | |
| ५. | **बालसंरक्षण अनुदान पाउने ५ वर्ष मुनिका बालबालिका** | संख्या | ४,००,००० | |

## ४.७ नेपालमा सामाजिक सुरक्षा कार्यक्रममा संलग्न निकायहरु :

**(क) केन्द्र:**

१. स्थानीय विकास मन्त्रालय

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

३. महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय

४. श्रम तथा यातायात व्यवस्था मन्त्रालय

५. शिक्षा मन्त्रालय

६. शान्ति तथा पुनर्निमाण मन्त्रालय

७. समाजकल्याण परिषद्

८. केन्द्रीय बाल कल्याण समिति

९. कर्मचारी सञ्चयकोष

१०. कौषी तोषाखाना

११. नेपाली सेना तथा नेपाल प्रहरीहरूको कल्याणकारी कोष

१२. सार्वजनिक संस्थान

**(ख) स्थानीयत तह:**

१. जिल्ला विकास समिति

२. नगरपालिका तथा गाँउ विकास समितिहरू

३. गैर सरकारी संस्था

४. नागरिक समाज सामुदायिक संस्थाहरू

५. जिल्ला तहका विषयगत कार्यालयहरू

- शिक्षा कार्यालय
- महिला विकास कार्यालय
- स्थास्थ्य कार्यालय र स्वास्थ्य संस्थाहरु
- बालकल्याण समिति
- बालगृह/बृद्धाश्रम

## ४.८ नेपालमा सञ्चालित सामाजिक सुरक्षा र संरक्षणका मुख्य कार्यक्रमहरु:

| | स्वास्थ्य | शिक्षा | कृषि /आपूर्ति | सामाजिक सुरक्षा | कैफियत |
|---|---|---|---|---|---|
| सामाजिक सहयोग Social Assistance (Government financed) | • निशुल्क स्वास्थ्य सेवा (Free health)<br>• प्रजनन स्वास्थ्य सुत्केरी(Maternity) सुविधा<br>हिमाल \| १५००<br>पहाड \| १०००<br>तराई \| ५,००<br>जेष्ठ नागरिक स्वास्थोपचार कार्यक्रम :<br>प्रतिव्यक्ति \| ५०००।- सम्म \| प्रेस्क्रिप्सन बमोजिम<br>• १४ वर्ष मुनिका बालबालिकाको लागि निशुःल्क मुटुको भल्भ फेर्ने उपचार (Heart treatment -Vulve change)<br>• ७० वर्ष माथिका निशुल्क मुटु उपचार सेवा | • निशुल्क प्राथमिक शिक्षा (Free education)<br>• छात्रबृत्ति (Scholarships) बालिका तथा दलित<br>• विद्यालय दिवा खाजा कार्यक्रम<br>• छोरी विद्यालय पठाउनेको निमित्त बालिका शिक्षा प्रोत्साहन कार्यक्रम तेल, पोशाक तथा पोषण कार्यक्रम<br>• निशुल्क शिक्षा (Free education)<br>• छात्रबृत्ति (Scholarships) | • दुर्गम क्षेत्र खाद्यान्न ढुवानी अनुदान - आपूर्ति<br>• दुर्गम क्षेत्र नुन ढुवानी अनुदान- आपूति<br>• महिलालाई जग्गा जमिनको स्वामित्वमा रजिष्ट्रेसन २५ % छुट सुविधा<br>• विधवा विवाह, अन्तरजातिय विवाह प्रोत्साहन-गृह मन्त्रालय<br>• दलित तथा जनजातिहरूको निमित्त सीप मूलक तालिम श्रम र शिक्षा मन्त्रालय | • सामाजिक सुरक्षा अनुदान (Social Transfers)<br>• जेष्ठ नागरिक भत्ता (Senior citizens' allowance)<br>जेष्ठ नागरिक \| मुलुक भर \| ७० वर्ष<br>\| \|<br>जेष्ठ नागरिक \| कर्णाली \| ६० वर्ष<br>विधवा एकल \| \| ६० वर्ष<br>दलित \| देशभर \| ६० वर्ष<br>• अपांकता भएका (पूर्ण अशक्त अपाङ्गता भएका रू १,०००।- र | |

आंशिक अशक्त अपाङ्गता भएका रू ३००|-) व्यक्तिलाई प्रदान गरिने भत्ता (Disability llowance)

- बाल संरक्षण अनुदान (Child grant) २०६६ कार्तिक बाट लागु

| | | |
|---|---|---|
| कर्णाली अञ्चल | ५ वर्ष मुनिका | २००| |
| दलित बालबालिका | ५ वर्ष मुनिका | २०० |

- विशेष संरक्षण अनुदान

| | |
|---|---|
| लोपोन्मुख जाति कुसुन्डा, बनकरिया, सुरेल, हायू, राजी, किसान, लेप्चा, मेचे, कुशबडिया | सबै |
| राउटे | सबै |

- कामको निमित्त खाद्यान तथा नगद कार्यक्रम (Cash/food for work programmes)

- बृद्धाश्रम, बाल गृह, अनाथालय
- दैवीप्रकोप उद्धार तथा राहत
- खाद्यान्न ढुवानी अनुदान
- द्वन्द प्रभावित परिवार तथा बालबालिकालाई

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लाई राहत कार्यक्रम (६ जिल्ला)<br>• द्वन्द प्रभावित परिवारलाई शैक्षिक, अपाङ्गता क्षतिपूर्ति, बेपत्ताका तथा जीवन गुमाएका परिवारलाई आर्थिक सहयोग<br>• विपन्न आवास कार्यक्रम<br>• बालश्रम निवारण<br>• कमैया तथा हलिया मुक्ति तथा पुर्नवास | |
| **सामाजिक बीमा** (Social Insuranc w-Worker/employer financed) | • स्वास्थ्य बीमा (Health insurance) | | • | • सञ्चय कोष (Provident fund)<br>• निबृत्तिभरण (Civil service pension)<br>• बेरोजार बीमा (Unemployment insurance)<br>• प्रजनन स्वास्थ्य बीमा (Maternity insurance)<br>• बैदेशिक रोजगार कल्याणकारी कोष<br>• बैदेशिक रोजगार बीमा<br>• श्रमिक कल्याणकारी कोष प्रतिष्ठान स्तर र केन्द्रीय कल्याणकारी कोष | • |

| | | | | | |
|---|---|---|---|---|---|
| **सामाजिक सुरक्षा सञ्जाल** (Social Safety Net) | | • दलित, सीमान्तकृत तथा लोपोन्मुख जातिका विद्यार्थीलाई निशुल्क शिक्षा तथा विशेष छात्रवृत्ति कार्यक्रम । | • खाद्यान्न ढुवानी अनुदान, नुनु ढुवानी अनुदान, मट्टितेलमा दोहोरो मूल्य अनुदान | • सामाजिक सुरक्षा सञ्जाल ६ जिल्लामा (Social safety net)<br>• एक परिवार एक रोजगार कार्यक्रम (कर्णाली)<br>• लोपोन्मुख जातिका प्रत्येक सदस्यलाई सामाजिक सुरक्षा भत्ता ।<br>• लापोन्मुख कुसुण्डा जातिकालाई विवाह, घर निर्माण आदिमा राज्यबाट प्रदान गरिएको सहयोग<br>• अन्तरजातिय विवाह अनुदान | • |
| **श्रम कानून बमोजिमका व्यवस्था** (Labour Legislation-Employer financed) | • व्यवसयजन्य स्वास्थ्य Occupational health and safety | | | **(क) न्यून**तम ज्याला (Minimum wage?)<br>• **श्रमिक/मजदुर**- नेपाल सरकार श्रम ऐन<br>• **जुट मजदुर-** नेपाल सरकारश्रम ऐन<br>• **चिया मजदुर-** नेपाल सरकारश्रम ऐन<br>• **श्रमजिवी पत्रकार-** श्रम जिवी पत्रकार सम्बन्धी ऐन (नेपाल सरकार )<br>• **कृषि मजदुर-** जिल्ला विकास समिति ( स्थानीय स्वायत्त शासन ऐन नियम)<br>• **अन्य मजदुर-**प्रमुख जिल्ला अधिकारी ( आर्थिक प्रशासन नियम)<br>➢ कामदार कटौतिमा क्षतिपूर्ति<br>➢ चोटपटकमा क्षतिपूर्ति | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ➢ उपदान, संचयकोष<br>➢ औषधि उपचार<br>➢ विदा<br>➢ बोनस<br>➢ रोजगारीमा पुनः प्राथमिकता<br>➢ मजदुर कल्याणकारी कोष (केन्द्रीय र प्रतिष्ठान स्तर)<br>• निजामती कर्मचारीलाई<br>➢ पेन्सन, उपदान<br>➢ संचयकोष थप,<br>➢ अशक्तबृत्ति, शैक्षिकबृत्ति,<br>➢ जीवन बीमा,<br>➢ नागरिक लगानी कोष,<br>• अैषधोपचार, निजामती अस्पतालमा उपचारमा छुट, महंगी भत्ता | |
| अन्य<br>) शासकीय<br>ार | | | | • बाल मैत्री स्थानीय सरकार | |
| ) महत्वपूर्ण<br>माजिक<br>यास | | | | • मजदुर भलाई कोष<br>• कर्मचारी कल्याणकोष<br>• गुठी प्रणाली | |

समग्रतामा विश्लेषण गर्दा नेपालमा जेष्ठ नागरिक, असाहाय विधवा, अपाङ्गता भएका व्यक्ति, श्रमिक वर्ग र अतिगरिब विपन्नको सामाजिक सुरक्षाको निमित्त विगतमा विभिन्न प्रयासहरु गरिएको पाइन्छ ।

## ४.९ सामाजिक सुरक्षाको सन्दर्भमा नविन प्रयासहरु:

### १. श्रम बजार सुधार कार्यक्रम:

नेपाल सरकार श्रम तथा यातायात व्यवस्था मन्त्रालयले सन् २००७ बाट अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सहयोगमा श्रम बजार सुधार कार्यक्रमको प्रारम्भ गरेको छ । मूलतः श्रम लचकताबाट उपयूक्त लगानीको वातावरण निर्माण, श्रम लचकता बमोजिम मजदुरहरूमा पर्न सक्ने प्रभाव हटाउन सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था गर्न, विशेष आर्थिक क्षेत्रमा (SEF) खुल्ने उद्योग व्यवसायका सम्बन्धमा श्रम सम्बन्धी विशेष व्यवस्थाहरू मिलाउन, श्रम ऐन नियमहरूमा कामदार तथा लगानीकर्ताहरूको हितलाई सन्तुलित बनाउन, श्रम विवादहरूको निरूपण गर्न राष्ट्रिय श्रम आयोगको व्यवस्था मिलाउन, श्रम सम्बन्धी कानून नियमहरूलाई अन्तराष्ट्रिय मापदण्ड अनुसार

निरन्तर सुधारको तथा अध्यावधिक गर्न, नयाँ औद्योगिक नीति तर्जुमाका क्रममा रहेकाले यस नीतिलाई श्रम सम्बन्धी विधि-विधानबाट परिपोषण गर्न, अत्यावश्यक सेवा सम्बन्धी व्यवस्थालाई अन्तर्राष्ट्रिय मान्यता अनुसार अध्यावधिक गर्न यो श्रम बजार सुधार कार्यक्रम प्रारम्भ गरिएको हो ।




यस कार्यक्रमबाट हाल निम्न बमोजिम कानून सुधार तथा नयाँ कानून तर्जुमाको क्रममा रहेको छ ।

१. श्रम ऐन तथा श्रम नियमावली
२. बेरोजगार बीमा ऐन
३. राष्ट्रिय मजदुर आयोग ऐन
४. सामाजिक सुरक्षा संस्था ऐन
५. बोनस ऐन
६. बोनस नियमावली

विगत दुई वर्षको आधिकारिक मजदुर सङ्गठन, रोजगारदाताको प्रतिनिधि सङ्गठन नेपाल उद्योग बाणिज्य महासंघ र नेपाल सरकार बीच चरणबद्ध तथा निरन्तर छलफलको फलस्वरूप उपरोक्त चारवटै ऐन तथा नियमको प्रारम्भिक मस्यौदा तयार गर्ने कार्य भएको छ । यो श्रम बजार सुधार कार्यक्रम अन्तर्राष्ट्रिय श्रम सङ्गठनको त्रिपक्षीय (Tripartite) सहकार्यताको सिद्धान्त बमोजिम आधिकारिक मजदुर सङ्गठन, रोजगारदाता र नेपाल सरकारको संलग्नतामा) कानूनी सुधार

सम्बन्धी प्रारम्भिक कार्य सम्पन्न भई प्राप्त सुझाव बमोजिम परिमार्जन गरी प्रतिवेदन प्राप्त गर्ने प्रक्रियामा रहेको छ प्रतिवेदन प्राप्त हुने चरणमा पुगेको छ ।

### २. सामाजिक सुरक्षा कोष कार्यक्रम:

आफ्ना नागरिकहरूलाई सामाजिक सुरक्षा प्रदान गर्न कल्याणकारी राज्यको धारणा अनुसार सरकारले विभिन्न किसिमका सुरक्षा योजनाहरू सञ्चालन गर्ने गरेको पाइन्छ । समाजका सबै वर्ग र क्षेत्रको हितको लागि खासगरी जोखिममा परेका अशक्त वा अतिगरिबीको अवस्थामा रहेका नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु राज्यको प्रमुख दायित्व हुन्छ । जसको लागि राज्यले आफ्नो सङ्कलित राजस्वबाट ठूलो रकम (Huge Amount) लगानी गर्नुपर्ने हुन्छ । वृद्ध, असहाय, अपाङ्ग, किसान, मजदूर एवं विभिन्न क्षेत्रका राष्ट्रसेवकहरूलाई उनीहरूको सक्रिय जीवनपछिको जीवन पद्दती सहज र सुखमय बनाउन सरकारले गर्नुपर्ने लगानीलाई समयमै सामाजिक सुरक्षा कोषको माध्यमबाट प्रत्याभूत गर्न नेपाल सरकारले आ.व. २०६६।६७ को बजेट वक्तव्य मार्फत सामाजिक सुरक्षा कर लगाउने प्रस्ताव गरेको छ । उक्त आ.व.को बजेट वक्तव्यको बुँदा नं. २८५(क) मा वृद्धभत्ता, असहाय भत्ता जस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरू क्रमशः विस्तार गर्दै लगिएको र भविष्यमा यसलाई विस्तार गर्ने सन्दर्भमा सामाजिक सुरक्षा कर लगाउने तर्फ अध्ययन गरिने भनिएको छ । यसका साथै सामाजिक सुरक्षा करको व्यवस्था प्रारम्भ नगरिएसम्म पारिश्रमिक आय आर्जन गर्ने व्यक्तिहरूबाट करयोग्य आयको पहिलो स्ल्याबमा १(एक) प्रतिशत कर लगाउने समेत व्यवस्था प्रस्तुत बजेटले गरेको छ । प्रस्तुत १(एक) प्रतिशत सामाजिक सुरक्षाकरको सङ्कलन, व्यवस्थापन तथा यसको उपयोगका सम्बन्धमा अध्ययन गरी सुझाव दिन राजस्व सचिव श्री कृष्णहरि बास्कोटाको संयोजनकत्वमा सरकारी, रोजगारदाता र संयुक्त ट्रेडयुनियन समन्वय केन्द्रका प्रतिनिधिहरू सम्मिलित एक उच्चस्तरीय समितिको गठन भै यस समितिलाई सामाजिक सुरक्षा योजना तर्जुमाको जिम्मेवारी सुम्पिएको छ । उच्चस्तरीय समिति यस बमोजिम प्रारम्भिक प्रतिवेदन तर्जुमाको क्रममा रहेको छ ।

### ३. अनिवार्य पेन्सन कोषमा सुधार

नेपाल सरकारले निजामती सेवामा नियमावलीमा अध्यादेशद्वारा द्रोस्रो संशोधन मार्फत निजामती सेवा ऐन, २०४९ मा दफा ३९(ख) थप गरी निजामती सेवामा कार्यरत कर्मचारीहरू मध्ये २०६२ साल असार ३० गते पछि भर्ना भएका कार्मचारीको निमित्त योगदानमा आधारित पेन्सन कोषको कानूनी प्रक्रिया आरम्भ गरेको थियो । अध्यादेशको उक्त व्यवस्थालाई ऐन संशोधनमा समावेश नगरिएको र निजामती कर्मचारीहरूबाट यस प्रणालीमा दोहोरो व्यवस्था कयम भएकोमा असन्तुष्टि देखिएबाट नेपाल सरकारको मिति ०६६।४।८ को निर्णय बाट यस व्यवस्था खारेज गरी उक्त कोषमा सम्बन्धित कर्मचारीबाट दाखिला रकम र सो बाट आर्जित व्याज रकम समेत कर्मचारीलाई फिर्ता गरि नेपाल सरकारको योगदान सर्वसंचित कोषमा दाखिला भएको देखिन्छ । अब सबै निजामती कर्मचारीले समान रूपमा राज्य कोषबाट निबृत्तिभरण पाउने छन् ।

**४. सामाजिक संरक्षणको राष्ट्रिय प्रारुप (Frame work) तर्जुमा :**

राष्ट्रिय योजना आयोगले आगामी अन्तरिम योजनामा सामाजिक संरक्षणमूलक कार्य र रोजगारी सिर्जनालाई अत्यन्त महत्वपूर्ण पाटोको रूपमा लिएको छ । यस क्रममा नेपालमा सञ्चालित सामाजिक संरक्षण कार्यक्रमको समग्र विश्लेषण गरी आगामी दिनमा सञ्चालन हुने सामाजिक संरक्षण कार्यक्रमको खाका निर्माणको कार्य प्रारम्भ भएको छ । आयोगका सदस्य सचिवको संयोजकत्वमा गठित राष्ट्रिय समितिले मूलतः आगामी योजना, मध्यकालिन तथा दीर्घकालीन किसिमा सामाजि संरक्षणको राष्ट्रिय प्रारूप सिफारिश गर्नेछ । यसमा आगामी योजना तथा समयक्रममा अवलम्बन गर्नु पर्ने सामाजिक संरक्षणका नीति, कार्यनीति विषयगत निकायका कार्यक्रमहरूको अन्तरसम्बन्ध र यसमा गर्नु पर्ने सुधार सहितको सामाजिक संरक्षणका Visonery दृष्टिकोण समेत प्राप्त हुने अपेक्षा गरिएको छ । राष्ट्रिय योजना आयोगको अगुवाइमा तयार हुने यस सामाजिक संरक्षणको ढाँचाले मुलुकले अवलम्बन गर्ने समाजिक सुरक्षाका कार्यक्रमहरूलाई फलिभूत बनाउन समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## ४.१० समस्याः

**१. नीतिगतः**

- सामाजिक सुरक्षा संरक्षण सम्बन्धी कार्यक्रमहरूको नीतिगत स्पष्टता छैन, सामाजिक संरक्षण र सामाजिक सुरक्षाका कार्यक्रमहरू मिसमास हुँदा राज्यको दायित्व निर्धारणमा समेत समस्याहरू देखिएकाछन् ।
- गरिबी र अभाव भन्दा अन्य सूचकमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको बाहुल्यता रहेको छ ।
- Cash Transfer base social security मा कूल वार्षिक बजेटको करिब ३% भन्दा बढीको विनियोजन भएपनि कार्यक्रम सञ्चालन गर्ने जनशक्तिको केन्द्रदेखि स्थानीयस्तरसम्म कम प्राथमिकताको रूपमा रहेकाछन् ।

**२. कार्यक्रमको ढाँचा तथा दायराः**

- सरकारी कार्यक्रम नगद वितरणमुखी रहेको छ ।
- विद्यमान सामाजिक सुरक्षा कार्यक्रम Supply Oriented रहेका छन् । स्थानीय आवश्यकता र प्राथमिकता भन्दा सरकारको चाहनाबाट निर्देशित देखिएका छन् ।
- सामाजिक सुरक्षा कार्यक्रमले छोडेको सीमित संख्या दलित, पिछडिएको वर्ग र अति विपन्न हुने गरेको जुन उक्त वर्गको ठूलो हिस्सा हुँदा सामाजिक सुरक्षाले कमजोरलाई उकास्न उचित योगदान दिन नसकेको अनुभुति भएको छ ।

- लक्षित समूहको पहिचानमा कठिनाई (उमेर गणना, नागरिकता नभएको आदि, दलित, जनजाति आदि),

- प्रशासनिक बजेटको व्यवस्था नगरिनुले यसको उचित कार्यान्वयनमा स्थानीय निकायहरू उदासिनता बढेको पाइन्छ

- बोनस ऐन बमोजिम बोनस वितरण गरी बाँकी रहेको रकमको ३० प्रतिशत रकम केन्द्रीय कल्याणकारी कोषमा दाखिला गर्नु पर्नेमा सबै प्रतिष्ठानले त्यस्तो योगदान दाखिला नगरेको, कोषको प्रभावकारी अनुगमन हुन नसकेको र प्रभावकारी कार्यक्रम समेत तर्जुमा हुन नसकेकोले यसमा जम्मा भएको एक अर्ब भन्दा बढी रकम श्रमिकको हितमा उपयोग हुन नसकेको ।

**३. संगठनात्मक:**

- सामाजिक सुरक्षाका कार्यक्रमहरू अधिकांशतः स्थानीय निकाय तथा सेवा तहका कार्यालयहरूबाट वितरण हुने हुन्छ । तर यस्तो सामाजिक सुरक्षाको कार्यक्रमलाई प्रभावकारी बनाउने एकिकृत तथा समन्वयात्मक सङ्गठनात्मक संरचना तथा यस अनुसारको प्रशासनिक संरचना, वित्तीय स्रोत र व्यवस्थापन क्षमताको विकासमा ध्यान जान सकेको छैन फलतः कार्यक्रम प्रभावकारी नहुने, समयमा नपाउने, चुहावट र जन गुनासाहरू धेरै आउने गरेका छन् ।

- स्थानीय निकायमा सेवा प्रवाहका जनप्रतिनिधि नै जनताप्रति जवाफदेही हुने विकेन्द्रीत शासनको ढाँचा भएतापनि लामो समयदेखि जनप्रतिनिधि नहुँदा यसको वास्तविक कार्यान्वयन, पारदर्शिता र लक्षितमा पुऱ्याउन समस्याहरू देखिएकाछन् ।

- शान्तिसुरक्षाको अभावमा स्थानीय निकाय तथा सेवा प्रवाह तहमा कर्मचारीको अभाव रहेका र भएका गाँउ विकास समितिका सचिवहरू समेत सदरमुकाम केन्द्रीत हुँदा कार्यक्रम तथा वितरण प्रणाली प्रभावकारी हुन नसेको स्थिति छ ।

- सामाजिक सेवाको कार्यक्रमका बारेमा स्थानीय सेवा प्रदायकहरूलाई प्रशिक्षित नगरिंदा यसले उचित महत्व नपाउने र अतिरिक्त कामको रूपमा हेरिने गरेको छ ।

**४. वित्तीय स्रोत साधन:**

- आर्थिक वर्ष ०६२/६३ बाट सामाजिक सुरक्षामा विनियोजनमा उल्लेख्य वृद्धि भएको छ तथापि कार्यक्रम अनुसार आवश्यक रकमको पर्याप्त विनियोजनको अभावमा वास्तविक रूपमा उपलब्ध गराउन कठिन रहने गरेको सम्बन्धित पदाधिकारीहरूले बेलाबखतमा टिप्पणी हुने गरेको छ ।

- सामाजिक सुरक्षा कार्यक्रमलाई लोकप्रिय कार्यक्रमको रूपमा उद्घोषण गरिएको छ । आ.व. ०६४।०६५ को लागि रू. १ अरब २० करोड आवश्यक पर्नेमा रू. ९५ करोड विनियोजन भएकोले नपुग रू. २५ करोड थप निकासा माग भएको अवस्था देखिन्छ ।

- सामाजिक सुरक्षाका निमित्त अवलम्बन गरिएका व्यवस्थाहरूमा केही कमी रहेको महशुस हुन्छ । जस्तै विधवा भत्तालाई पनि उमेरमा आवद्ध गरिएको छ ।

- सामाजिक सुरक्षा कार्यक्रमलाई लोकप्रियतामूलक राजनीतिक लाभका दृष्टिले उपयोग गर्ने सौच व्याप्त रहेको छ । कर्णाली रोजगार कार्यक्रम घोषणा भएको लामो समयसम्म प्रभावकारी ढङ्गले कार्यान्वयनमा आउन सकेको छैन ।

- श्रम तथा यातायात व्यवस्था मन्त्रालयले सन् २००९ सम्म बँधुवा बालश्रमिक, खाते बालबालिका, बाल भरिया, घरेलु बालश्रमिक, खानीमा बाल मजदुर, गलैंचा बालमजदुर, अवैध ओसार पसार र बेचबिखनमा परेका बालबालिका गरी ७ किसिमका निकष्ट बाल श्रम उन्मुलन गर्न महत्वाकांक्षी बाल श्रम निवारण गुरूयोजना तर्जुमा भएको छ । तर यस बमोजिम लक्ष हाँसिल हुन सकेन ।

- अर्थमन्त्रालयको टोलीले कौशिका उच्च मा.वि. ग्वालटार सिन्धुलीको अनुगमन गर्दा विद्यार्थीको संख्याको आधारमा सिमान्तिकृत र दलित छात्रवृत्तिको रकम निकासा नहुने भएकोले दामासाहीले बाँडेको पाइयो ।मा.वि तहमा सिमान्तीकृत छात्रवृत्ति प्रतिविद्यार्थी वार्षिक रू १४७।- का दरले बाँडेको जानकारी पाइयो । (देशान्तर-केदार सुवेदी, मिति ०६६ फागुन १६)

- अपाङ्गता भएका व्यक्तिलाई भत्तादिने लोकप्रिय उद्घोषण भएतापनि भत्ता पाउनेको संख्या कोटामा सिमित गर्ने प्रणालीका कारण सबै अपाङ्गले भत्ता पाउन नसकेको र समान स्तरका कसैले भत्ता पाउने कसैले नपाउने अवस्था सिर्जना भएको टिप्पणी सुनिएको छ ।

५. **समन्वयः**

- विभिन्न निकायहरूका बीच सामाजिक सुरक्षाका उस्तै उस्तै कार्यक्रमको दोहोरापना रहने र एकद्वारको अभाव तथा अन्तर निकाय समन्वय प्रणाली कमजोर छ ।

- सरकारको र दाताका बीच कार्यक्रमको ढाँचा तथा कार्यान्वयन प्रणालीमा एकरूपता को अभाव छ ।

- केन्द्र र सेवा प्रवाह निकायका बीच पर्याप्त समन्वय नहुँदा समयमा विवरण प्राप्त नहुने, कार्यप्रगतिको अवस्था जानकारी नहुने र कतिपय अवस्थामा स्रोतको प्रयोगको अवस्था

समेत अन्यौल हुने र आगामी वर्षको स्रोत विनियोजन आंकलन गर्न समेत कठिन हुने गरेको छ ।

**६. प्रक्रियागत :**

- सामाजिक संरक्षणका कार्यक्रमहरू विभिन्न निकायहरूमा छरिएर कार्यान्वयन भएकाछन् कतिले दोहोरो पाउने र कति वञ्चित अवस्थामा रहने गर्दछन् ।
- कार्यक्रमको प्रशासनिक प्रक्रिया झञ्झटिलो र कार्यान्वयन गर्ने प्रशासननिक संयन्त्र कमजोर छ । कमजोर तथा शैक्षिक जागरण नभएको वर्गले प्रक्रिया पुरा गर्न कठिन भई यस्तो सुविधाको पहुँचबाट टाढा रहने जोखिम विद्यमान छ ।

**७. अनुगमन तथा मूल्यांकन:**

- सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरूको उचित अनुगमन तथा लक्षित वर्गले के कति लाभ हासिल गर्न सकेकाछन् त्यसको मूल्यांकन  नहुने वा परम्परागत छ ।
- कार्यक्रमले विपन्न वर्ग तथा जोखिममा परेका कतिलाई जोखिमबाट बाहिर निकाल्न सहयोग गर्‍यो र गरिवी निवारणमा कस्तो योगदान पुर्‍याएको छ लेखा जोखा हुन सकेको छैन ।
- अनुगमन सूचकहरूको निर्माण नहुनु, प्रभावकारी अनुगमन मूल्यांकन पद्धतिको व्यवस्था नहुनु (केन्द्र - स्थानीय स्तरसम्म),

**८. सूचना तथा तथ्यांक:**

- सामाजिक सुरक्षाको कार्यक्रमको निमित्त आधारभूत तथ्यांक, त्यसमा पनि उमेरगत, जाती क्षेत्रगत तथा लैङ्गिक खण्डिकृत तथ्यांकको अभाव रहेको छ ।
- सामाजिक सुरक्षा कार्यक्रमहरू मूलतः गरिब तथा कमजोर समक्ष पुग्नु पर्नेमा भरपर्दो तथ्यांकको अभावमा लक्षित वर्ग पहिचान हुन नसक्दा लक्षित वर्गले कति फाइदा पाए भन्ने यकिन हुने अवस्था नै छैन । उदाहरणकोलागि बृद्ध भत्ता सबैलाई वितरण भएको छ फलतः करिब ३१ प्रतिशत गरिवमा गएको अनुमान गर्दा बाँकी अन्य वर्गमा गएको स्पष्ट हुन्छ ।
- लक्षित समूहको लगत कट्टाको विवरण प्राप्त हुन कठिनाई,  लक्षित समूहको संख्यात्मक विवरण अर्थात तथ्यांक गा.वि.स./न.पा. बाट जि.वि.स.मा र जि.वि.स.बाट मन्त्रालयमा समयमा प्राप्त गर्दासम्म समस्या भईरहनु ।

## ४.११ चुनौती:

१. **बजेटमा बढ्दो चाप र वितरण:**

- बजेटमा उच्च चाप पारेको छ, यसको क्रम दिनानुदिन बढ्दो छ ।
- विद्यमान स्थानीय निकायको संरचना तथा उपलब्ध जनशक्तिको कारण छरिएर रहेको बस्तीहरूमा घर दैलोमा नै सामाजिक सुरक्षाको रकम तथा कार्यक्रम पुऱ्याउनु निकै चुनौतिपूर्ण बनिरहेको छ ।
- कार्यक्रमको राम्रो प्रचार प्रसार नहुनु तथा प्रक्रियागत समस्याले सामाजिक सुरक्षा कार्यक्रमलाई सबैको पहुँचमा पुऱ्याउन सकिएको छैन, छुटेकोमा दलित, पिछडिएको वर्ग तथा जोखिममा परेकाहरूको संख्या बढी रहेको अनुसन्धानहरूबाट औंल्याइनु यस कार्यक्रमको गम्भिर चुनौति बनेको छ ।

२. **प्रभावको आंकलन:**

- कार्यक्रमको प्रभावको अध्ययन हुन नसक्दा यसको वास्तविक फाइदा आंकलन हुन सकेको छैन, लक्षितवर्गले अधिकाधिक फाइदा पाएको सुनिश्चित हुनु महत्वपूर्ण चुनौति बनेको छ ।

३. **राजनीतिकरण:**

- सामाजिक सुरक्षाका वितरणमुखी कार्यक्रम राजनीतिक लोकप्रियता उन्मुख भएकाछन्, दायरा र दबाब दिनानुदिन बढीरहेको छ जसले समता र स्रोत व्यवस्थापन बीचको सन्तुलनमा समेत चुनौती श्रृजना गरेको छ ।

४. **उपयूक्त सूचना प्रणालीको अभाव:**

- देश भरमा सञ्चालनमा रहेका सामाजिक सुरक्षा सम्बद्ध कार्यक्रमहरूको लक्षित संख्या, लाभान्वितको संख्या, पहुँच नपुगेकाहरूको विवरण, आगामी वर्षको निमित्त प्रक्षेपण जस्ता आधारभूत विषय वस्तुको सूचना प्रणाली स्थापना हुन नसक्नु ।
- विषयगत मन्त्रालय तथा केन्द्रीय सरोकार निकायहरूसँग व्यवस्थापन सूचना प्रणालीमा आबद्ध हुन नसक्दा प्रभावकारीता आउन नसकेको ।
- ब्यक्तिगत घटना दर्ता कार्यक्रमसँग एकिकृत गर्न नसकिएकोले अभिलेख अद्यावधिक गर्न कठिनाई हुनु ।

५. **परनिर्भरताको प्रवृत्ति :**

- राज्यको सहायताबाट पर निर्भरताको सिर्जना भई आलसी र अकर्मन्यताको विस्तार हुने जोखिम रहेको छ ।

**६. सेवाग्राहीको दायराः**

- एक दशकको द्वन्दको कारण विस्थपित तथा जोखिममा परेकाहरू छरिएर रहेका, उनीहरूको पहिचानमा समस्या, लगतमा राजनीतिकरूपमा भइरहने हेरफेर आदिबाट यस्ता जोखिमयूक्त अवस्थाका परिवारलाई विशेष सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न निकै चुनौतिपूर्ण रहेको ।
- खाद्यान्न सङ्कट तथा वातावरणीय परिवर्तनले यसको आकार र प्रक्रितिमा परिवर्तन आउन सक्दछ ।

## भाग ५

# नेपालमा सामाजिक सुरक्षा योजना

## ५.१ विषय प्रवेशः

नेपालले कमजोर आर्थिक बृद्धिका बाबजुद सबै नागरिकले समानरूपमा उपभोग गर्न पाउने खालका सामाजिक सुरक्षाका कार्यक्रमहरू राम्रो सँग प्रारम्भ गरेको छ । २०५१ सालमा प्रारम्भ भएको वृद्धभत्ताले सामाजिक सुरक्षाको क्षेत्रमा नयाँ आयाम थप गरेको मात्र नभई अन्य सामाजिक संरक्षण मूलक कार्यक्रमहरू विस्तारका वातावरणको निर्माणमा समेत कोशेढुङ्गा बन्यो ।

तर समयक्रममा कुनै दीर्घकालीन दृष्टिकोण बिना छरिएर रहेका तथा हचुवाकोभरमा सामाजिक सुरक्षाका कार्यक्रमहरू विस्तार हुने प्रक्रियाको विस्तार हुन थालेको छ । यसले भविष्यमा कार्यक्रमको दायित्व र जिम्मेवारी सुनिश्चित हुन कठिन हुन्छ । यसैले सामाजिक सुरक्षा सम्बन्धमा नीतिगत स्पष्टता कायमगरी क्रमस सबैलाई सामाजिक सुरक्षा प्रदान गरिनु पर्दछ ।

समग्र सामाजिक संरक्षणको एक मुख्य हिस्सा सामाजिक सुरक्षा योजना भएकोले मुलुकको सामाजिक संरक्षण सम्बन्धी नीति तथा Frame Work ले सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई निर्देशित गर्दछ । सामाजिक सुरक्षा योजनाले राष्ट्रिय नीतिको परिपूर्ति तथा कार्ययोजनाको कार्यान्वयनमा सहयोग पुऱ्याउने गरी सामाजिक सुरक्षा योजनाको मार्गचित्र तयार हुनु पर्दछ । यस्ता नीति तथा योजनालाई कार्यान्वयनको निमित्त आर्थिक तथा वित्तीय संभावनाहरू खदिलो हुन आवश्यक हुन्छ ।

## ५.२ नेपालको सन्दर्भमा सामाजिक सुरक्षाको परिभाषाः

नेपालको सन्दर्भमा सामजिक सुरक्षाको परिभाषा गर्दा यसका दुई पक्षहरू उजागर हने देखिन्छ । पहिलो सामाजिक सुरक्षाको बृहद् दृष्टिकोण र दोस्रो श्रम बजारमूलक सामाजिक सुरक्षा कार्यक्रम ।

**(क) सामाजिक सुरक्षाको बृहद् दृष्टिकोणः** सामाजिक सुरक्षाले कमजोर तथा सहायता आवश्यक भएको अवस्थामा सुरक्षाको सुनिश्चित गराई व्यक्तिलाई उसको भविष्यको जोखिमप्रति आश्वस्त हुन सहयोग पुऱ्याउँदछ । जसले मानिसहरूलाई गरिबी र अभावको जोखिमबाट बचाउन तथा यस्ता जोखिमबाट हुन सक्ने क्षतिको सामना गर्ने क्षमता विकास गर्न सहयोग गर्दछ । सामाजिक सुरक्षाले मानव पूँजीको संरक्षण र विकास गर्न सहयोग पुऱ्याउँदछ । यसले बेरोजगार, जेष्ठ नागरिक कमजोर तथा जोखिममा रहेका व्यक्ति, घर परिवार तथा समुदायलाई जोखिमको राम्रो व्यवस्थापन गर्न सहयोग पुऱ्याउँदछ । यस अवधारणा अनुसार मानवीय सुरक्षा र संरक्षणको महत्वपूर्ण पक्षको रूपमा सामाजिक सुरक्षालाई लिनुपर्ने हुन्छ ।

**(ख) श्रम बजारमूलक कामदारको सामाजिक सुरक्षा**: श्रम बजारमा आधारित सामाजिक सुरक्षा प्रणालीले "सामाजिक बीमा कार्यक्रम जसले गरिवी, वृद्धावस्था, असक्तता, बेरोजगारी आदिका कारण सामाजिकरूपमा अग्राह्य अवस्थामा रहेका नागरिकहरूको संरक्षण गर्दछ" । कामदारहरू लक्षित सामाजिक सरक्षामा मुख्यतः

१. सामाजिक बीमा (Social insurance) जसका योगदानकर्ता सदस्यहरूले पेन्सन, असक्तता बीमा, (survivor benefits), बेरोजगार बीमा जस्ता सुविधा पाउन सक्दछन् ।

२. आयको निरन्तरता (Income maintenance): मुख्यतः रोजगारी गुमेको अवस्था, निवृत्त अवस्था अशक्तता र बेरोजगारीको अवस्थामा नगद सहायता गरिने कार्यक्रम ।

३. सेवा (Services): सामाजिक सुरक्षा सम्बद्ध सङ्गठनबाट प्रदान हुने स्वास्थोपचार, सामाजिक कार्य तथा औद्योगिक सम्बन्ध आदि ।

४. आधारभूत मानवीय सुरक्षा (Basic necessties security): यदाकदा समाजमा आधारभूत मानवीय आवश्यकताहरू जस्तै खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा र स्वास्थ्य सुविधाआदिलाई पनि सामाजिक सुरक्षाको दायरामा समाविष्ट गर्ने गरेको पाइन्छ ।

यस्तो सामाजिक सुरक्षाका कार्यक्रमले श्रम बजारको कुशल प्रबर्द्धन गरेर, आर्थिक जोखिमहरू घटाएर, आम्दानीमा हुने घाटा, व्यवधान तथा अन्य अप्ठयारो परिस्थितिबाट बच्न सक्ने क्षमता विस्तार गर्दै गरिबी तथा विपन्नताको जोखिमपूर्ण अवस्थाबाट सुरक्षित भविष्यको सुनिश्चितता प्रदान गर्दछ ।

## ५.३ सामाजिक सुरक्षा योजनाको महत्वः

सामाजिक सुरक्षाको विषय आधारभूत मानव जीवन यापनसँग गाँसिएको मानवीय पक्ष हो । यो समाजमा व्याप्त गरिबी र अन्य जीवनको असुरक्षाको महत्वपूर्ण साधनको रूपमा विकास भइरहेको छ । हुनपनि आज कोहि पनि मानिस समग्र समाजबाट अलगिएर एक्लै जीउने कल्पना पनि गर्न सक्दैन । प्रत्येक परिवारलाई जोखिमको सामना गर्न सामाजिक सुरक्षाको चाहिन्छ वा आवश्यकता पर्न सक्दछ । यथार्थ यो मात्र हो कि केही समूहहरू जस्तै अति विपन्न, कृषि मजदुर, बालबालिका, वृद्धवृद्धा आदिलाई यसको बढी आवश्यकता पर्ने गर्दछ । सामाजिक सुरक्षाले जोखिमको अवस्थामा आयको सुरक्षा, स्वास्थ्य सेवामा पहुँच आदिको सुनिश्चितता प्रदान गर्नछ । यसैले सामाजिक सुरक्षाका कार्यक्रमले व्यक्ति वा परिवारमा रहेको जोखिमलाई समुदाय वा मुलुकको तहमा संरक्षणको सुनिश्चितता प्रदान गर्दछ । आजको समयमा देशको आर्थिक क्रियाकलापलाई द्रुत रूपमा विकास गर्न पनि सामाजिक सुरक्षाका कार्यक्रमहरू अत्यावश्यक मानिने गरिन्छ, जसले लगानीकर्ता तथा उद्यमीहरूलाई जोखिम बहन गर्न सक्षम र भविश्य प्रति आवश्वस्त बनाउन सहयोग पुऱ्याउँदछ ।

- Social security benefits/transfers are a powerful tool to combat poverty and insecurity,
- Nobody is an island. Every person and every family need protection from social risks and resulting insecurities. Risks have to be shared on a group or national basis to ensure effective protection,
- Some groups are more vulnerable than others, e.g. the chronically poor, agricultural workers, children, the elderly and have special needs,
- It is clear that guaranteeing income security and access to health would allow all people to deal with most significant risks,
- Social security systems are an economic necessity to unblock the full economic potential of a country,
- Social security systems are economic stabilisers in times of crisis,

नेपालले समयक्रममा विभिन्न किसिमका सामाजिक सुक्षाका कार्यक्रमहरू अवलम्बन गर्दै आएको पनि छ । तर, आधा शताव्दी लामो योजनाबद्ध विकासका बाबजुद २५ प्रतिशत नेपाली गरिबीको रेखामुनी रहनु, बृद्ध अशक्त अपाङ्गता भएका व्यक्तिहरूको जीविकोपार्जनको अवस्था कमजोर रहनु, वञ्चितीकरणमा परेका दलित तथा लोपोन्मुख जाति जनजातिहरूको संरक्षणका लक्षित कार्यक्रमहरूबाट अपेक्षित तथा अनुभूत प्रतिफल हासिल हुन नसक्नु आदि नेपालको सामाजिक विकासका आधारभूत समस्याको रूपमा दखिदै आएको छ । यी कार्यक्रमहरू मूलतः देशमा व्याप्त उच्च गरिबीको आकारलाई कम गर्न, मानवीय जीविकोपार्जनको अवसरको सुनिश्चितता प्रदान गर्न, सुरक्षा र संरक्षणका आधारभूत अवधारणाबाट परिचालित छन् । लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था अवलम्बन गरेको नेपालले जनतालाई अधिकारमा आधारित आधारभूत मानव अधिकारको प्रत्याभूति गर्नका साथै कमाजोर तथा जोखिममा परेका वर्गको संरक्षण तथा कल्याणकारी अवधारणालाई आत्मसात गरेको छ । यिनै परिवेशमा नेपालले सामाजिक सुरक्षामूलक कार्यक्रमलाई आंकलन गर्दै राष्ट्रिय विकासको एक अंगकै रूपमा सञ्चालन गर्नु पर्ने आवश्यकता महशुस भएको छ । यस क्रममा राष्ट्रिय योजना आयोगले नेपालको समग्र सामाजिक संरक्षणको खाका तर्जुमा गरी समग्र विकासमा सामाजिक संरक्षणलाई आबद्ध गर्ने प्रयास प्रारम्भ समेत गरेको छ । यसैले नेपालको दिगो शान्ति स्थापना तथा सबै नेपालीहरूलाई सामाजिक, आर्थिक विकासमा सहभागी गराई भविष्य प्रति आश्वास्त बनाउन समेत हस्तक्षेपकारी सामाजिक सुरक्षाका कार्यक्रमहरूको आवश्यकता महशुस हुन थालेको छ । यिनै सन्दर्भमा नेपालमा सामाजिक सुरक्षा कार्यक्रमको महत्वलाई निम्न बमोजिन चित्रण गर्न सकिन्छ ।

**(क) मानवीय जीवनयापनः**

सामाजिक सुरक्षण मानवीय आधारभूत आवश्यकता तथा मर्यादापूर्वकको जीविकोपार्जनका लागि आवश्यक सुरक्षाको प्रत्याभूति हो । गरिब, बञ्चितिमा परेका वा पारिएका, सिमान्तीकृत तथा पिछडा वर्ग र समुदायलाई राज्यको तर्फबाट सुरक्षा र संरक्षणको प्रत्याभूति गर्दछ । सबै मानवको खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षालाई मानवीय जीवन यापनको न्यूनतम आवश्यकताको रूपमा परिभाषित गर्दै उक्त मानवीय आधारभूत आवश्यकताको परिपूर्तिको रूपमा सामाजिक संरक्षणलाई अधिकारको रूपमा लिने गरिन्छ । सामाजिक सुरक्षामा व्यक्तिको व्यक्तिगत सुरक्षाका विषय बस्तुमा पर्दछन् । यी व्यक्तिगत वस्तुमा Dignity, Property, Right to life रोजगारीको अधिकार, न्यूतनम पोषणयूक्त खाना, आधारभूत शिक्षा, आधारभूत स्वस्थ्य सेवा आदि विषय सामाजिक सुरक्षाका विषय वस्तुहरू हुन् । यो कमजोर, असक्षम तथा आवश्यकता पर्नेलाई प्रदान गरिन्छ र सामान्यत न्यूनतम विन्दुमा प्रवाह गर्ने गरिन्छ । यसले मानिसलाई आधारभूत मानवीय आवश्यकताको परिपूर्तिगरी जीवनोयापनको जोखिम घटाउन महत्वपूर्ण सहयोग गर्दछ ।

**(ख) भविष्यको सुरक्षाः**

सामाजिक सुरक्षाले नागरिकहरूलाई भविष्यको जोखिमको निमित्त बीमा, पेन्सन तथा भत्ता आदिको वितरण एवं कल्याणकारी कार्यक्रमहरू लगायताका सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरू मार्फत भावी जोखिमको सामना गर्न सक्षम बनाएको हुन्छ जसले भविष्यको सुरक्षाको सुनिश्चितताले विधिको सम्मान र इमान्दारिताको प्रबर्द्धनमा समेत योगदान पुऱ्याउँदछ ।

**(ग) सहस्राव्दी विकास लक्ष्य हासिल गर्नः**

राष्ट्रिय सरकार तथा अन्तर्राष्ट्रिय समुदाय सामाजिक संरक्षणको महत्वलाई उजागर गर्दै सहस्राव्दी विकास लक्ष हासिल गर्न यसमा कार्य गर्न उत्प्रेरित भइरहेकाछन् । यसले आयको गरिबीबाट अक्रान्तहरूलाई सहयोग पुऱ्याउने कार्य मात्र नगरी मुलुकको समग्र विकासमा प्रभावकारी योगदान पुऱ्याउदछ । किनकि अधिकांश गरिब मुलुकमा यस्तो सामाजिक संरक्षणको सहयोग वापत प्राप्त सहयोग सर्वप्रथम खाद्य उपलब्धता र पोषणको निमित्त खर्च हुने गर्दछ । अधिकांश देशहरूमा सामाजिक सुरक्षाको रकम महिलाको जिविकोपार्जन, उनीहरूको सशक्तिकरण तथा लैङ्गिक समविकासका क्षेत्रमा विनियोजन भएको पाइन्छ जसको अर्थ परिवारको शिक्षा र स्वास्थ्यमा सुधार हुनु हो । यसैगरी यस्तो सहयोगले HIV /AIDS, मलेरीया लगायतका महामारीबाट बच्न पनि सहयोग पुग्दछ । यी नै सहस्राव्दी विकासका मुख्य लक्षहरू हुन् । यसकारण पनि समग्रतामा सामाजिक संरक्षणको विकास सँग आबद्धता रहेको स्पष्ट हुन्छ ।

**(३) आर्थिक लक्ष तथा उच्च आर्थिक बृद्धि हासिल गर्नः**

विश्वका विकसित तथा उच्च आर्थिक बृद्धि भएका मुलुकहरूलाई हेर्ने हो ती मुलुकहरूमा भने धेरै पहिलादेखिनै सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू सञ्चालन भएका पाउँदछौ । जहाँ उपयूक्त सामाजिक सुरक्षाको व्यवस्था छैन, त्यस्तो मुलुकमा भविष्यको सुरक्षाको अभावमा आर्जित

रकमबाट आफू र आफ्ना बाल बच्चाको पोषण, शिक्षा, स्वास्थ्य आदिमा गरिने लगानी कटौती गरी भविष्यको सञ्चितिको जोहो गर्ने प्रयास गर्दछ । यसले स्वभावतः मानवीय विकासमा असर गर्दछ । सामाजिक संरक्षणको कार्यक्रमले मानिसहरूमा भविष्यप्रति आश्वस्त बनाउँदा जीवनको उत्पादक उपयोग गर्ने प्रबृत्ति बढने, बजारमा मागको बृद्धि, उत्पादनमा बृद्धि र लगानीमा बृद्धिको चक्रिय प्रभावले अर्थतन्त्रमा गतिशीलता सिर्जना गर्दछ जसले द्रुत आर्थिक विकासमा समेत सहयोग पुऱ्याउदछ ।

**(ङ) रोजगारीको सृजनाः**

सामाजिक संरक्षणको मजबुत आधार भएका मुलुकहरूमा रोजगारीको सृजना उच्च हुनका साथै सुमधुर श्रम सम्बन्धको निमित्त समेत योगदान दिने गरेको छ । खासगरी बेरोजगार भत्ताको अभावमा रोजगार गुम्ने जोखिम तथा भविष्यको सरक्षाको अनिश्चितताले मजदुर अशान्ति बढाउने तर यस विपरित रोजगारीको अभावको जोखिममा सामाजिक सुरक्षा तथा भविष्यको सुनिश्चितताको निमित्त राज्य व्यवस्थित स्किमले उनीहरूलाई लगन र कामप्रति प्रतिबद्धताको विकास गराउदछ । सुमधुर औद्योगिक सम्बन्धले एकातर्फ उत्पादकत्व बृद्धि हुने, फलतः उद्यमको विकास भई रोजगारीको सिर्जना हुने हुन्छ भने लगानी समेत आकर्षित भई अर्थतन्त्र उच्च रोजगारी र तथा उत्पादनको सकारात्मक चक्रमा गतिशील हुने गर्दछ ।

**(च) गरिवी निवारणः**

विश्वमा गरिबीको समस्याको सामना गर्न एक उत्तम उपायको रूपमा सामाजिक सुरक्षाको कार्यक्रमलाई लिने गरिन्छ । यसले प्रगतिशील करको माध्यमबाट प्राप्त आर्थिक स्रोतको पुनर्वितरण गरी जोखिममा रहेका र स्रोत साधनको आवश्यक भएको वर्गमा स्रोत स्थान्तरण गर्दछ । गरिबीको रेखामुनी विपन्नताको जीवन विताई रहेका व्यक्ति, परिवार तथा समुदायलाई न्यूनतम मानवीय आवश्यकताको प्रत्याभूतिले व्यक्ति पुस्तादर पुस्ताको गरिवीको दुष्चक्रबाट उन्मुक्त भई आफ्नो विकासको अवसर हासिल गर्न सक्षम हुन सक्दछ । यस अलावा कतिपय मानिसहरू गरिवीको रेखाको नजिकै जोखिममा रहेका हुन्छन् । खासगरी विकासोन्मुख मुलुकहरूमा यस्तो जोखिममा रहेको समुदायको आकार निकै ठूलो हुने गरेको पाइन्छ । यस्तो जोखिमको दायरामा रहेको वर्गलाई समेत सामाजिक सुरक्षाका कार्यक्रमहरू बाट प्रदान हुने सामाजिक संरक्षणले गरिवीमा जान बाट रोक्न सहयोग गर्दछ ।

**(छ) सामाजिक सौहार्दता र मेलमिलापको निमित्तः**

मानिसका खास तथा सिमान्त आवश्यकताहरू परिपूर्तिको अभावमा अशान्ति, हिंसा तथा अव्यवस्थाको विकास हुने, समाजिक संघर्षको स्वरूप सिर्जना हुन मद्धत गर्दछ । जोखिममा रहेका तथा विपन्न वर्गका आवश्यकतामा राज्यले उचित ध्यान पुऱ्याई सम्बोधन गर्न सकेको खण्डमा समाजमा सामाजिक सहष्णुताका र सौहार्दताको विकास हुन सक्दछ । यसैले सामाजिक

सुरक्षालाई सामाजिक सौहार्दता र मेलमिलापको निमित्त एक महत्वपूर्ण पक्षको रूपमा ग्रहण गरिने गरिन्छ ।

**(ज) गरिब र धनीबीचको खाडल घटाउन:**

आर्थिक तथा सामाजिक समविकासको अवसरको अभाव तथा विपन्नताको कारणबाट गरिबीको दुष्चक्रमा रहेका नागरिकहरूलाई उचित सम्बोधन हुन नसके धनी र गरिब बीचको खाडल झनै फराकिलो हुन पुग्दछ । कतिपय विकासोन्मुख मुलुकहरूमा विकसित मुलुकको भन्दा धनी र गरिब बीचको फासला बढी देखिन थालेको छ । नेपालको सन्दर्भमा समेत यो उत्तिकै महत्वपूर्ण विषय रहेको छ जहां विगतमा धनी र गरिब बीचको फासला ०.३४ बाट बढेर ०.४७ पुगेको छ । सामाजिक सुरक्षाको व्यवस्था र यस बाट हुने स्रोतको वितरण तथा पुनर्वितरणले धनी र गरिवबीचको फासला (Gini- Coefficient) घटाउन मद्धत गर्दछ ।

**(झ) दिगो शान्ति निर्माण (Sustenable Peace Building):**

नेपाल एक दशक लामो हजारौं मानवीय जीवन गुमाउनु परेको कष्टपूर्ण आन्तरिक द्वन्दबाट भरखर शान्ति निर्माणको प्रक्रियामा रहेको छ । विगतको यो घाउलाई स्थायी शान्तिमा रूपान्तरण गर्न आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका तथा द्वन्दको कारण कष्टपूर्ण जीवनमा रहेका सबैलाई सामाजिक सुरक्षाको मलहम लगाए भविष्य प्रति आश्वस्त बनाउन आवश्यक छ । यसको निमित्त पनि सामाजिक सुरक्षाले एक महत्वपूर्ण पाटो समेटेको हुन्छ ।

## नेपालमा सामाजिक सुरक्षा योजनाको मार्गचित्र:

नेपालले सामाजिक सुरक्षाका क्षेत्रमा राज्यकोषमा व्ययभार हुने (Horizental) क्षेत्रहरूलाई उच्चप्राथमिकता साथ कार्यान्वयनमा ल्याएको छ । यस अलावा योगदानमूलक सामाजिक सुरक्षाका विषयहरू अत्यन्त अव्यवस्थित र छरिएको अवस्थामा रहेको देखिन्छ ।



सामाजिक सुरक्षाका आधारभूत पक्षहरू हाम्रो जस्तो आर्थिक सामाजिक दृष्टिले पछि परेको, गरिवी र जोखिममा रहेको जनसंख्या उच्च रहेको मुलुकमा Horizontal क्षेत्रहरूमा नै सरकारको लगानी उच्च केन्द्रीत गर्नु पर्दा समाजका सबै वर्ग सुरक्षित हुने सामाजिक सुरक्षाका योजनाहरूले उचित प्राथमिकता पाउन नसकिरहेको हुन्छ । यसै विषयलाई मध्यनजर गर्दै आर्थिक वर्ष २०६६/६७ को बजेटबाट योगदानमा आधारित सामाजिक सुरक्षाको Vertical Strategy लाई समन्वयात्मकरूपमा अगाडि ल्याइएको छ । यी दुईको समन्वयात्मक कार्यान्वयनले सामाजिक सुरक्षाको क्षेत्रमा Synergic प्रतिफल हासिल गर्न सकिने हुन्छ ।

## ५.५ सामाजिक सुरक्षाको छातामा सामाजिक बीमाः

आगामी अन्तरिम योजनामा श्रम सम्बन्धी कानूनको परिमार्जन तथा तथा सामाजिक सुरक्षा सम्बन्धी विषयसहित विपन्न, जोखिममा परेका लक्षित वर्गको संरक्षण को समग्रतालाई राष्ट्रिय नीति तथा योजनागत ढंाचाको विकास गर्न राष्ट्रिय योजना आयोगमा अन्तरमन्त्रालय राष्ट्रिय निर्देशन समिति (Social Protection-National Steering Committee ) समिति क्रियाशील रहेको छ । राष्ट्रिय योजना आयोगका सदस्य सचिवको संयोजकत्वमा गठित यस अन्तर मन्त्रालय राष्ट्रिय निर्देशक समितिमा अर्थमन्त्रालय, शिक्षा मन्त्रालय, कषि तथा सहकारी मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, स्थानीय विकास मन्त्रालय र महिला बालबालिकता तथा समाजकल्याण मन्त्रालयको प्रतिनिधित्व रहेको छ ।

यस निर्दशन समितिको मुख्य उद्देश्य सामजिक संरक्षणको प्रारूप तयार गर्नु रहेको छ । यस समितिको कार्यक्षेत्रमा नेपालको निमित्त एकिकृत तथा समष्टिरूपमा सामाजिक संरक्षणको रूपरेखा तयार गर्ने क्रममा विद्यमान सामाजिक संरक्षणका (Social Protection) व्यवस्थाहरूको लेखाजोखा, सभाव्य वित्तीय स्रोतको आंकलन तथा यसको सेवा प्रवाह प्रणाली समेतको मूल्यांकन गरी उपयूक्त उपाय तथा विकल्पहरू तयार गर्नु रहेको छ । यस समिति मूलतः मुलुकको दीर्घकालिन योजनामा समष्टिगत तथा एकिकृत स्वरूपको समाजिक संरक्षण योजनाको Frame work विकास गर्न केन्द्रीत हुने देखिन्छ, जसमा भावी योजनाको सन्दर्भमा सामाजिक संरक्षणको स्वरूपको सन्दर्भमा उपयूक्त रणनीतिहरूको समेत सुझाव गर्ने जिम्मेवारी रहेको छ । यस निर्देशक समितिले देशकोलागि कार्यान्वयन योग्य सामाजिक संरक्षणको स्वरूप तयार गरी योजनाबद्ध कार्यरूपको सिफारिश गर्ने र सामजिक संरक्षण सम्बन्धी योजना कार्यान्वयनमा उपयूक्त दातृ निकाय तथा सहयोगी संस्थाहरूको पहिचान गरी सिफारिश समेत गर्ने छ ।

यस सन्दर्भमा राष्ट्रिय सामाजिक संरक्षण सम्बन्धी राष्ट्रिय सञ्चालन समितिको कार्य क्षेत्र, दायरा र भूमिका बृहत् हुने हुंदा यस समितिबाट निर्देशित दीर्घकालीन नीति तथा योजनागत अवधारणाहरू मध्ये सामाजिक सुरक्षाका पक्षहरूलाई यस समितिले अवलम्बन गरी कार्यान्वयनमा

ल्याउनु पर्ने हुन्छ । अतः  यी दुई समितिको कार्यक्षेत्र र कार्यसम्बन्धलाई निम्न बमोजिम रेखांकित गर्न सकिन्छ ।




## ५.६ नेपालको प्रस्तावित सामाजिक सुरक्षा योजना :

| | निजामती सार्वजनिक सेवा तथा निजी क्षेत्रका कर्मचारीहरू | चरणहरू |
|---|---|---|
| सामाजिक बीमाबाट हुने कार्यक्रमहरू | आश्रित परिवार सुविधा | |
| | अशक्तता सुविधा | |
| | सुत्केरी (मातृत्व संरक्षण) सुविधा | ३ |

| | | |
|---|---|---|
| | परिवार र बालबच्चाको हेरचाह सुविधा | |
| | रोजगारीमा घाइते सुविधा | २ |
| | बृद्धावस्था सुविधा | |
| | बेरोजगारी सुविधा | १ |
| | विरामी सुविधा | |
| | औषधोपचार सुविधा | ३ |
| राज्यकोषले प्रदान गर्ने | <u>सबैलाई स्वास्थ्य उपचार:</u> आधारभूत तथा प्राथमिक उपचार, सुरक्षित प्रसुति, निशुल्क बाल उपचार, गम्भिर रोगको उपचार | |
| | ***बेरोजगार तथा गरिवहरूलाई सहयोग:*** सामजिक सुरक्षा अनुदान, माध्यामिक तह सम्म निशुल्क शिक्षा, तीन महिनासम्मको रोजगार प्रदान गर्ने सीपमूलक तथा व्यवसायिक तालिम, असहाय एकल महिला तथा लोपोन्मुख विपन्न समुदायलाई सहयोग । | |
| | ***बालबालिकालाई सुविधा :*** बाल संरक्षण अनुदान, प्रारम्भिक बाल संरक्षण, पोषणयूक्त दिवा खाजा, खोप तथा अन्य प्रतिरोधात्मक स्वास्थ्य सेवा, निशुल्क पाठ्यसामाग्री, | |
| | ***जेष्ठ नागरिक तथा अपाङ्गता सुविधा:*** जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलाई न्यूतम जिविकोपार्जन यूक्त सुविधा | |

## ५.७ नेपालको सामाजिक सुरक्षा योजनाका चरणहरु :

अर्न्तराष्ट्रिय श्रम सङ्गठनको सहयोगमा नेपाल सरकारबाट राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयमा गठित सामाजिक संरक्षण तथा सामाजिक सुरक्षा सम्बन्धमा गठित समितिका पदाधिकारी तथा सरोकारवालाहरूका निमित्त आयोजित कार्यशालामा त्रिपक्षीय सहभागितमा सामाजिक सुरक्षाका विषयलाई देशको श्रमकानून सुधारको समग्र प्रक्रियाको मुख्य अवयवको रूपमा एक साथ अगाडि बढाउनु पर्ने धारणा साथ सामाजिक सुरक्षा योजनामा निम्नबमोजिम चरणबद्ध प्रक्रिया अवलम्बन गर्न सहमति कायम भएको थियो:







औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत कर्मचारी कामदारको आय आर्जनमा ह्रास आएको अवस्थामा, रोजगार गुमेको, शारिरिक तथा स्थास्थ्य जोखिममा परेको अवस्था वा निवृत्त भएको

अवस्थामा निज वा निजको परिवारलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको सञ्चालन गर्न, योगदानको सङ्कलन तथा प्रभावकारी रूपमा सामाजिक सुरक्षाको सेवा उपलव्ध गराउन कार्ययोजना तयार गरी चरणबद्ध रूपमा कार्यान्वयन हुन आवश्यक हुन्छ ।

## ५.८ सामाजिक सुरक्षा योजना तर्जुमामा ध्यान पुऱ्याउनु पर्ने पक्षहरुः

मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, तथा संरचनागत व्यवस्था अनुसार विभिन्न प्रकारका सामाजिक हस्तान्तरणका कार्यक्रमहरू सञ्चालनमा आएको पाईन्छ । सामाजिक संरक्षणको कार्यक्रमको सञ्चालन गर्न यस पक्ष बाहेका प्राविधिक पक्ष पनि उत्तिकै महत्वपूर्ण रहन्छ किनकि वास्तविक कार्यान्वयन हुन सक्ने यस्ता कार्यक्रमहरूको मात्र अर्थ रहन्छ । उदाहरणकोलागि राजनीतिक निर्णयबाट कुनै सामाजिक सुरक्षाको कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता प्रदर्शन भयो, देशको आर्थिक आकार अनुसार त्यसको निमित्त रकम विनियोजन गरियो भने पनि त्यसको लाभान्वित वर्गको पहिचान, त्यसको आकार निर्धारण, सबैलाई त्यो कार्यक्रमले समेट्न नसक्ने अवस्थामा प्रत्ययक्ष लाभान्वित वर्गको पुनः परिभाषा, वितरणको प्रणाली र अन्तर निकाय समन्वय जस्ता प्राविधिक पाटोहरू उत्तिकै महत्वपूर्ण हुन पुग्दछन्, जसमा निम्न पक्ष महत्वपूर्ण रहन्छन्ः

**(क) नीतिगत प्राथमिकताः** सरकारको विद्यमान नीति प्राथमिकता के रहेको छ ? सरकारलाई सार्वजनिक नीति दवाव कस्तो छ ? सरकारको प्रतिबद्धताको स्तर कस्तो हो ? गरिवी निवारणको सरकारी प्रतिबद्धताका सन्दर्भमा यस नीतिले पार्न सक्ने राजनीतिक जोखिम कस्तो हुन सक्दछ ? आदि पक्ष उचित आंकलन गर्नु पर्ने हुन्छ ।

**(ख) सरकारको नेतृत्व र प्राथमिकतामा आधारित हुनु पर्नेः** देशको सामाजिक सुरक्षा योजना सरकारको नेतृत्व/अगुवाईमा सबै सरकोकारवालाहरूको सहभागितामा प्रक्रियाबाट तर्जुमा गर्नु पर्दछ र योजना निर्माणको क्रममा मुलुकको आवश्यकतालाई बाह्य पक्षले दुस्प्रभावित नहुने तर्फ सजगताको आवश्यकता रहन्छ ।

**(ग) गरिवीको बस्तुगत विवरण** (Poverty Profile): गरिबीको आकार र जोखिमको स्तर, गरिवीको रेखामुनी पर्ने मुख्य समुदाय, गरिबहरूको जीवन स्तर उकास्न यसले पुऱ्याउने योगदान, गरिवी निवारणका अन्य कार्यक्रमहरूमा पर्ने असर तथा गरिबीको रेखा बाहिरका जनतामा पर्ने प्रभाव आदिको बारेमा समेत आंकलन हुन आवश्यक हुन्छ । सामाजिक सुरक्षा कार्यक्रमको चयन तथा कार्यान्वयन प्रणालीको निर्धारणमा व्यवस्थित तथा अध्यावधिक सूचना तथा जानकारीहरूको उत्तिकै जरूरी हुन्छ ।

**(ग) स्रोतको उपलव्धता :** सरकारले सामाजिक सुरक्षामा गर्न सक्ने विनियोजन, स्रोत परिचालनमा राजनीतिक इच्छाशक्ति, दातृ निकायको सहायताको संभावना, दातृ निकायको स्रोतको दिगोपना, सुनिश्चितताको हद र आधार तथा शर्तहरूको बारेमा मूल्यांकन हुन जरूरी हुन्छ । दातृ

निकायहरूको  पनि आफ्नै प्राथमिकता हुन्छ, उनीहरू कार्यक्रमा निश्चित अवधि सहयोग गरेपछि सम्बद्ध मुलुकले त्यसको दिगो सञ्चालन गर्न सकोस् भन्ने चाहना राख्दछन्, उनीहरूको प्राथमिकतामा समय समयमा परिवर्तन आइरहन्छ । सामाजिक संरक्षणमूलक कार्यक्रमको तर्जुमा गर्दा मुलुकको राजस्वका स्रोतहरूको अवस्था यसको उच्चतम् परिचालन गर्न सक्ने क्षमता र न्यून स्रोत परिपूर्तिको निमित्त दातृ निकायको सहयोग र कार्यक्रमको निमित्त स्रोतको दिगो व्यवस्थापन जस्ता सबै पक्षहरूको राम्ररी मुल्यांकन हुन आवश्यक हुन्छ ।

**(ङ) सरकारको प्रशासनिक क्षमताः** सामाजिक संरक्षणमूलक कार्यक्रमको सञ्चालन, वितरणप्रणालीको व्यवस्थापन गर्न सरकारको विद्यमान प्रशासनिक क्षमता (सङ्गठनात्मक, मानव संसाधन, नेतृत्व, अनुभव, कार्यप्रणाली, साधन स्रोत आदि) कति सक्षम छ यो अर्को महत्वपूर्ण पक्ष हो । प्रशासनिक क्षमताको र पूर्वाधार विना गरिने कार्यक्रम घोषणा नीति उद्घोष मात्र हुन जान्छ । सरकारको संरचना र प्रशासनिक क्षमताबाट प्रभावकारी कार्यान्वयन हुन नसक्ने तर कार्यक्रममा सरकारको दृढ प्रतिबद्धता रहेमा बैकल्पिक कार्यान्वयनका उपायहरूको खोजी पनि हुन सक्दछ ।

**(ङ) नागरिकमा अकर्मण्यता विकास हुन दिन नहुनेः** कामको वातावरणमा निरूत्साहन नहुने : सामाजिक सुरक्षा योजना तर्जुमा गर्दा गरिबी तथा जोखिममा रहेका वर्गलाई राज्य बाट प्रदान हुने सहज सामाजिक सुरक्षाका सुविधाले नयाँ प्रयत्न गर्न वा सदा राज्यको मुख ताक्ने किसिमको अकर्मन्यताको विकास नगर्ने किसिमको दृष्टिकोणमा समेत उचित ध्यान पुग्न सक्दछ । सामाजिक सुरक्षा कार्यक्रमको उद्देश्य समाजका Needy वर्गलाई सहयोग पुऱ्याउनु भएतापनि यसले उनीहरूको आत्मनिर्भर, स्वावलम्बी तथा अगाडि बढ्ने प्रयत्नमा मद्दत पुऱ्याउने खालको ढांचाको छनौट ज्यादै महत्वपूर्ण विषय हुन्छ ।

**(च) जीवनस्तरमा अभिबृद्धिमुखी हुनु पर्ने** : सामजिक सुरक्षाको योजनाको अन्तिम लक्ष्य मानिसहरूको जीवनस्तरमा अभिबृद्धिगरी नागरिकहरूलाई खुसहाल जीवन प्रदान गर्नु हो । यसको निमित्त सामाजिक संरक्षण, उनीहरूलाई जिविकोपार्जनको जोखिमको अवस्थामा जान बाट रोक्ने, जीवनस्तरको अभिबृद्धि गरी सम्बृद्ध मानवीय जीवनयापन गर्न सहयोग पुऱ्याउनु हुनु पर्दछ । यस तहगत श्रृङ्खला अनुसार अगाडि बढ्न सुरक्षा, संरक्षण, कल्याणकारी, आर्थिक बृद्धि उन्मुख योजनाबद्ध कार्यक्रमहरूको छनौट र कार्यान्वयन आवश्यक हन्छ ।

**(छ) सरकारको नेतृत्व र प्राथमिकतामा आधारित हुनु पर्ने :** देशको सामाजिक सुरक्षा योजना सरकारको नेतृत्व/अगुवाईमा सबै सरकोकारवालाहरूको सहभागितामा प्रक्रियाबाट तर्जुमा गर्नु पर्दछ र योजना निर्माणको क्रममा मुलुकको आवश्यकतालाई बाह्य पक्षले दुष्प्रभावित नहुने तर्फ सजगताको आवश्यकता रहन्छ ।

**(ज) प्रभावकारी र निरन्तर अनुगमन प्रणालीको स्थापना :**सामाजिक सुरक्षा योजनाको अभिन्न अंगको रूपमा अनुगमन र मूल्यांकनलाई स्थापित गरिनु पर्दछ । खासगरी मुलुकको जोखिममा रहेका तल्ला  तहसम्म जाने यस्ता कार्यक्रमहरूमा हुन सक्ने चुहावट र अधिक झञ्झटिला

प्रशासनिक प्रक्रियाबाट लक्षित वर्गले लाभ प्राप्त गर्न सकेनसकेको सम्बन्धमा निरन्तर अनुगमनको आवश्यकता पर्दछ ।

**(झ) सरलीकृत कार्यक्रम ढाँचाः** सामाजिक सुरक्षाको कार्यक्रमहरू सञ्चालन गर्दा लक्षित वर्गको सहज पहुंच हुन उनीहरूले बुझ्ने र प्रशासन गर्न समेत सहज र सरलीकृत प्रक्रियको अवलम्बन गरिनु पर्दछ । कार्यक्रमको उद्देश्यलाई ध्यानमा राखी यसको प्रक्रिया र प्रशासनिक लागतमा सन्तुलन आवश्यक हुन्छ ।

**(ञ) थोरै कार्यक्रमबाट धेरै सेवा प्रवाहः** सामाजिक सुरक्षाका कार्यक्रमहरू राज्यको व्यवस्थापन क्षमता अनुसार सीमित संख्यामा हुनु पर्दछ जसले व्यवस्थापन गर्न सहज र दोहोरो सुविधा लिने अवसर प्राप्त नहुने अवस्था सिर्जना होस् । खासगरी विभिन्न निकायहरूबाट एकै प्रक्रितिका कार्यक्रमहरू सञ्चालन हुने हुँदा सीमित स्रोत छरिन जाने, अनुगमन गर्न कठिन, कसैले एक भन्दा बढी सुविधाको अवसर पाउने कोही आधारभूत सुविधाबाट बञ्चित हुने अवस्था आउने हंदा थोरै र एकिकृत कार्यक्रमबाट धेरै सेवा प्रवाह गर्ने तर्फ ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

**(ट) सामाजिक सुरक्षा योजनामा लचकताः**

सामाजिक सुरक्षाको प्राथमिकता र आवश्यकतामा समयानुकुलित परिवर्तन गरी आवश्यक व्यक्ति तथा वर्गमा पुऱ्याउन लचकताको आवश्यकता पर्दछ । खास नाम वा खास  कार्यक्रम प्रतिको आग्रह पूर्वाग्रहले अवधारणात्मक परिमार्जनमा जटिलता सिर्जना गर्ने हुँदा लक्षित वर्गको हितमा केन्द्रित रही अवधारणात्मक लचकता आवश्यक हुन्छ ।

**(ठ) लोकप्रिय र करदातामैत्रीः**

सरकारले सञ्चालनमा ल्याउने सामाजिक सुरक्षाका कार्यक्रमहरू आम जनताका बीच लोप्रिय हुने र दृढ जनसमर्थन प्राप्त गर्ने किसिमका हुनु पर्दछ । सामाजिक सुरक्षाका कार्यक्रमहरूले सदा यस्तो सुविधामा बस्न प्रसय दिने भन्दा चाँडो भन्दा चाँडो राज्यको सहयोगबाट बाहिर निस्केर जिविकोपार्जन गर्न प्रेरित र सक्षम गराउने हुनु पर्दछ जसले करदाता मैत्री वातावरण सिर्जनामा सकेत सहयोग पुग्दछ ।

**(ड) वित्तीय हिसाबले दिगोपनाः** सामाजिक सुरक्षा योजना अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरू देशको वित्तीय हिसाबले समेत धान्न सकिने खालको हुनु आवश्यक पर्दछ । एक आर्थिक वर्षमा त्यस्तै कठिन अवस्थाबाट गुज्रेको नागरिकले खास किसिमको सामाजिक सुरक्षा हासिल गर्ने तर अर्को वर्ष वित्तीय स्रोत साधनको अभावबाट त्यस्तै कठिनतामा परेका अन्यले नपाउने अवस्था सिर्जना हुन हुँदैन । नेपालमा हाल सञ्चालित अपाङ्गता भएका व्यक्तिलाई दिइने सुविधामा अघोषित कोटा प्रणालीका कारण कतिपय पूर्ण अपाङ्गता भएका व्यक्ति यस सुविधाबाट बञ्चित रहेका छन् भने कम अपाङ्गताको श्रेणीमा पर्नेले समेत यस सुविधा हासिल गर्न सक्षम रहेकाछन् । अतः सामाजिक सुरक्षा योजनाको तर्जुमा गर्दा नै कार्यक्रमहरूको निमित्त दिगो स्रोत व्यवस्थापन हुन सक्ने कुरामा सुनिशिचतता आवश्यक देखिन्छ ।

**(ढ) सामाजिक सौहार्दतालाई अभिवृद्धिकारकः** सामाजिक सुरक्षा योजनाको निर्माण गर्दा गरिव, जोखिममा परेका सहयोगको आवश्यक व्यक्ति वा परिवारले पाउन सक्ने किसिमले निर्माण गरिनु पर्दछ । यस्तो कार्यक्रममा स्थानीय ठालुहरूको दाउपेच र राजनीतिकरणले समाजमा विद्यमान सामाजिक सौहार्दतालाई प्रभावित गर्न सक्दछ । अतः सामाजिक सुरक्षाका योजनाहरू दीर्घकालमा सामाजिक सौहार्दतालाई अभिवृद्धि कारक हुन आवश्यक हुन्छ ।

**(ण) अनुभवमा आधारित कार्यक्रममा जोडः**

बर्तमान विगतको जगमा बनेको श्रृङ्खला र यसैमा आधारित रही भविष्य सिर्जनाहुने यथार्थतालाई दृष्टिगत गरी सामाजिक सुरक्षाका कार्यक्रमहरू मुलुकले विगतमा हासिल गरेका अनुभव तथा समाजमा विद्यमान प्रणाली सँग तादात्म्यता कायम गर्ने भएमा बढी प्रतिफलदायक हुने हुन्छ ।

**(त) सामाजिक बीमा र सामाजिक सहायता कार्यक्रमहरु बीच उचित सन्तुलनः**

सामाजिक सहायतामूलक कार्यक्रमको सञ्चालन गर्दा बीमा प्रणालीमा आधारित सामाजिक सुरक्षा परियोजनालाई प्रभाव नपर्ने गरी सञ्चालन गरिनु आवश्यक हुन्छ । दीर्घकालमा सामाजिक बीमाका सदस्यहरूलाई समग्र सामजिक सुरक्षा उपलव्ध हुन सक्ने हुँदा राज्यद्वारा प्रवाह हुने सामाजिक सुरक्षा सहायता शुन्य हुन गई राज्यको दायित्व घटाउन सहयोग पुग्दछ ।

## ५.९ सामजिक सुरक्षा योजना सम्बन्धी तयारी प्रक्रियाः

नेपालमा समाजिक सुरक्षा योजनाको खाका तर्जुमाको निमित्त यस सम्बन्धी पूर्व प्रयासहरूको अध्ययन, सरोकारवालाहरूसँग छलफल, अवधारणाको विकास, स्रोतको आंकलन र व्यवस्थापन, नीतिगत स्पष्टता, सङ्गठनात्मक पक्षहरूको आंकलन, कानूनी प्रावधानहरूको सिर्जना जस्ता महत्वपूर्ण कार्यहरू गर्नु पर्ने हुन्छ । यस क्रममा यस समितिलाई परामर्श सेवा तथा प्राविधिक सहयोग समेत आवश्यक हुने देखिन्छ । यसको व्यवस्थापन समेत गर्दै जानु पर्ने हुंदा निस्चय पनि समय लाग्ने हुन्छ । अतः यस समितिको प्रस्तावित कार्यतालिका अनुसूची १ मा प्रस्ताव गरिएको छ ।

## सामाजिक सुरक्षा योजनाको चरणबद्ध स्वरूप



# भाग ६

## सामाजिक सुरक्षा कोषको गठन तथा व्यवस्थापन

### ६.१ सामजिक सुरक्षा कोषः

सामाजिक सुरक्षा र सदाचार अभिवृद्धि गर्ने हेतुले समाजका सबै वर्ग र पक्षलाई राज्यद्वारा सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यका साथ नेपाल सरकारले आ.व. २०६६।६७ को बजेट वक्तव्य मार्फत सामाजिक सुरक्षा कर लगाएको छ । यस बमोजिम चालु आर्थिक वर्षको प्रारम्भ देखिनै पारिश्रमिक आय आर्जन गर्ने व्यक्तिहरूबाट करयोग्य आयको पहिलो स्ल्याबमा १(एक) प्रतिशत कर कट्टी गरी सञ्चितकोष दाखिला गरिने छ । उक्त करारोपणको क्रममा सरकारबाट भविष्यमा सामाजिक सुरक्षा प्रणाली विस्तार गर्ने सन्दर्भमा अध्ययन गरिने प्रतिबद्धता समेत व्यक्त भएअनुरूप यो प्रतिवेदन तयार गरिएको छ ।

नागरिकलाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यका साथ नेपाल सरकारबाट चालु आर्थिक वर्षबाट प्रारम्भ भएको सामाजिक सुरक्षा करको रकमलाई व्यवस्थित गरी योगदानमा आधारित तथा राज्यकोषको माध्यामबाट समेत विभिन्न किसिमका सामाजिक सुरक्षाका कल्याणकारी योजनाहरू सञ्चालन गर्नु पर्ने हुन्छ ।  यस्ता कार्यक्रमले बजेट वक्तव्यबाट औंल्याइए बमोजिम समाजका सबै वर्ग र क्षेत्रको हितको लागि खासगरी जोखिममा परेका अशक्त वा अतिगरिबीको अवस्थामा रहेका नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु सामाजिक सुरक्षा कोषको ध्येय रहेको छ ।

विद्यमान कार्यप्रणालीमा नेपालमा सामाजिक सुरक्षा र सामाजिक संरक्षणलाई पर्यायवाची रूपमा हेरिने गरेकोमा अन्तर्राष्ट्रिय अभ्यास तथा कार्यसहजता समेतलाई दृष्टिगत गरी सामाजिक संरक्षणका कार्यक्रमहरूलाई योगदानमा आधारित र सरकारी कोषबाट सञ्चालन हुने आधारमा विभाजन गरी तदअनुरूपको कार्यनीति अवलम्बन हुनु पर्ने देखिन्छ । प्रस्तुत सामाजिक सुरक्षा कोष औपचारिक तथा अनौपचारिक क्षेत्रमा तलवजीवीको रूपमा कार्यरत कामदारको पारश्रमिकमा योगदानमूलक करको रूपमा सङ्कलित रकम उनीहरूको समग्र सुरक्षाका योजना सञ्चालन गर्ने ध्येय साथ अगाडि बढेको हुँदा प्रस्तावित कोषलाई  योगदानमा आधारित सामाजिक सुरक्षाको रूपमा विकास गर्न आवश्यक छ । यस बाहेकका अन्य सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरूको हकमा राष्ट्रिय योजना आयोगको "***सामाजिक सरक्षा योजना अध्ययन कार्य समिति***" को प्रतिवेदन बमोजिम कार्यान्वयन योजना तर्जुमा हुनु पर्ने हुन्छ ।

### ६.२ अंशदानमा आधारित सामाजिक सुरक्षा कोषः

बजेट बक्तव्यमा सामाजिक सुरक्षाकोष मुलुकको समग्र सामजिक सुरक्षा सहितको सामाजिक संरक्षणको स्वरूपमा व्यक्त भएतापनि यस सम्बद्ध सरोकारवालाहरू आधिकारिक ट्रेड यूनियन ( मजदुर सङ्गठन), रोजगारदाता (नेपाल उद्योग वाणिज्य महासंघ) र नेपाल सरकार (उच्च स्तरीय समिति) बीच प्रारम्भिक सहमती भएको छ । अतः नेपाल सरकारबाट नबीन अवधारणा साथ आारम्भित सामाजिक सुरक्षा करलाई समग्र योगदानकर्ताको सामाजिक सुरक्षामा प्रत्याभूत गर्ने गरी सामाजिक सुरक्षा योजनाको विकास गर्न आवश्यक भएको छ ।

## ६.३ सामाजिक सुरक्षा कोषको संरचना :

### (क) अन्तरिम संरचना :

सामाजिक सुरक्षा अन्तर्गत के कस्ता विषयहरूलाई समावेश गर्ने भन्ने सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनद्वारा स्वीकृत गरिएको सामाजिक सुरक्षाका न्यूनतम मापदण्डहरु सम्बन्धी अभिसन्धि नं. १०२ र उक्त अभिसन्धिलाई सघाउ पुऱ्याउने गरी विषयगत आधारमा पारित भएका पूरक अभिसन्धिहरु नं. १०३, १२१, १२८, १३० र १६८ लाई आधार लिन सकिन्छ । यस अवधारणाले कामदारको सुरक्षाका साथै योगदानमा आधारित सामाजिक सुरक्षाका विषयहरूलाई समेटेको हुंदा सामाजिक सुरक्षाको समग्र विषय अनुरूप सामाजिक सुरक्षा कोषको संरचना निर्माण हुनु पर्नेछ । नेपाल सरकारबाट चालु आर्थिक वर्षबाट प्रारम्भित यस करको सङ्कलन, दाखिला, सरकार र रोजगारदाताको योगदानको बारेमा स्पष्टता आई नसकेको र दिर्घकालिन आर्थिक हितसँग समेत यो विषय सम्बद्ध भएको र ***"सामाजिक सुरक्षा योजना अध्ययन कार्य समिति"*** को नेतृत्व अर्थ सचिवज्यू (राजस्व) बाट नै भइरहेको सन्दर्भमा उक्त समितिले कार्य सम्पन्न नभए सम्म यसको प्रारम्भिक तथा संक्रमणीय व्यवस्थापनको नेतृत्व अर्थ मन्त्रालयबाट हनु उपयुक्त रहेको छ । यसर्थ अर्थ मन्त्रालयको राजस्व सचिवको संयोजकत्वमा यसको देहाय बमोजिम अन्तरिम संरचना तयार गरी सामाजिक सुरक्षा कोषको सचिवालय गठनको प्रक्रिया प्रारम्भ हुनु पर्ने देखिन्छ । सचिवालयको गठन र यस सम्बन्धी ऐन तर्जुमा नभएसम्मकोलागि सामाजिक सुरक्षा कोष सञ्चालन नियमावलीको तर्जुमा गरी (प्रस्तावित कार्यविधि-अनुसूची २) तत्कालै कार्यान्वयन प्रक्रिया आरम्भ गर्न आवश्यक छ

### (ख) दीर्घकालीन संरचनाः

कामदारको समाजिक सुरक्षा श्रम तथा रोजगार सँग सम्बद्ध विषय हो । नेपाल सरकार कार्य विभाजन नियमावलीले श्रम तथा यातायात व्यवस्था मन्त्रालयको कार्यक्षेत्रमा यसलाई समाविष्ट गरेको छ । यसै अनुसार श्रम तथा यातायात व्यवस्था मन्त्रालयले अन्तराष्ट्रिय श्रम सङ्गठनको सहयोगमा अन्तराष्ट्रिय मापदण्ड अनुसार त्रिपक्षीय (आधिकारिक ट्रेड यूनियन रोजगारदाता तथा सरकारी प्रतिनिधि) छलफल र सहमतीका आधारमा श्रम कानून सुधार कार्यक्रम प्रारम्भ गरेको छ जसअन्तर्गत सामाजिक सुरक्षा संस्था ऐन, २०६६ को प्रारम्भिक मस्यौदा तयार भएको छ । उक्त मस्यौदालाई यस "***सामाजिक सरक्षा योजना अध्ययन कार्य समिति***" को सामाजिक सुरक्षा योजना

सम्बन्धी ऐन तथा राष्ट्रिय योजना आयोगमा रहेको ***"सामाजिक संरक्षण सम्बन्धि राष्ट्रिय प्रारूप तयारी समिति"*** को प्रतिवेदन समेतको आधारमा परिमार्जन गरी अन्तिम स्वरूप प्रदान गरी विधायन प्रक्रियामा लानु पर्ने समेतको प्रयास गर्दा व्यवहारीक हुने देखिन्छ । तर समितिले प्रस्तुत विधेयकको मस्यौदालाई परिमार्जन गरी प्रस्तावित गर्नेछ ।

दीर्घकालमा यस कोषको सञ्चालनमा tripartite प्रणालीको अवधारणा अनुसार श्रमिक सम्बन्धी आधिकारिक ट्रेड यूनियन, निजामती कर्मचारीहरूका आधिकारिक ट्रेड यूनियन, रोजगारदाता नेपाल सरकार तथा नेपाल उद्योग बाणिज्य महासंघ, र नेपाल सरकारको प्रतिनिधित्व सहित सञ्चालन हने गरी यसको सङ्गठनात्मक तथा कानूनी पूर्वाधारहरू विकास हुनु पर्ने देखिन्छ ।

## ६.४ सामाजिक सुरक्षा सम्बन्धी कानूनी व्यवस्था :

औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत कर्मचारी/श्रमिकको सामाजिक सुरक्षाको प्रत्याभूति गरी उनीहरूलाई आफ्नो कार्यसम्पादनमा पूर्णरूपमा समर्पित हुने वातावरणको सिर्जना गर्नका सथै आय आर्जन गर्ने क्षमतामा कुनै कारणले ह्रास आएको अवस्थामा श्रमिक तथा निजका आश्रित परिवारलाई योगदानमा आधारीत सामाजिक सुरक्षा प्रदान गर्न तथा निवृत्त जीवनको सुरक्षाको लागि विभिन्न सामाजिक सुरक्षा योजनाको सञ्चालन गर्न, योगदानको सङ्कलन तथा प्रभावकारी रूपमा सम्बन्धित श्रमिकलाई सुविधा उपलब्ध गराउनको लागी सामाजिक सुरक्षा कोषको स्थापना तथा सञ्चालन गर्न सामाजिक सुरक्षा संस्था ऐन तर्जुमा गर्नु पर्ने हुन्छ । श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट श्रम बजार सुधार विशेष कार्यक्रम अन्तर्गत उक्त ऐन तर्जुमाको क्रममा रहेकोले एकै काममा दोहोरो कार्य नगरी उक्त ऐनमा यस ***"सामाजिक संरक्षण सम्बन्धी राष्ट्रिय प्रारूप तयारी समिति"*** बाट आवश्यक पृष्ठपोपाण तथा सुझावहरू प्रदान गरी अन्तिम स्वरूप प्रदान गर्न सहयोग पुऱ्याउन उपयूक्त हुन्छ ।

## ६.५ कोषका सामाजिक सुरक्षा योजना:

कोषले औपचारिक तथा अनौपचारिक क्षेत्रका कर्मचारी/श्रमिकको लागी प्राथमिकताका आधारमा क्रमशः देहायमा उल्लेख भए वमोजिक एक वा एकभन्दा बढी सामाजिक सुरक्षा योजना तर्जुमा गरी लागु गर्नु पर्ने हुन्छः

(क) बिरामी सुविधा योजना,

(ख) वृद्धावस्था सुविधा योजना

(ग) व्यवसाय जन्य स्वास्थ्य तथा रोजगारीमा घाइते सुविधा योजना

(घ) बेरोजगारी बीमा योजना

(ङ) प्रसुती सुविधा योजना

(च) औषधोपचार सुविधा

(छ) अशक्तता सुविधा योजना

(ज) आश्रित सुविधा योजना ।

कोषले सञ्चालक समितिको स्विकृतिमा माथि उल्लेखित योजनाको अतिरीक्ति अन्य योजनाको घोषणा गर्न र कार्यन्वयनमा ल्याउन सक्दछ ।

### ६.६ सामाजिक सुरक्षाका कार्यक्रमहरुको समष्टिगत ढाँचाः

नेपालमा संचालित सामाजिक सुरक्षा योजनाहरूका लक्षित व्यक्ति, वर्ग र समुदायका दृष्टिले ज्यादै विभिन्नतामूलक रहेको अवस्था विद्यमान छ । अतः उद्देश्यका आधारमामात्र यी कार्यक्रमहरूलाई एकिकृत गर्न सकिने अवस्था छ । अतः सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई मूलत तीन भागमा विभाजन गरेर सङ्गठनात्मक विकास आवश्यक देखिन्छ ।




**(क) कल्याणकारी सामाजिक सुरक्षाका कार्यक्रमहरुः**

कल्याणकारी सामाजिक सुरक्षाका अधिकांश कार्यक्रमहरू स्थानीय विकास मन्त्रालय मातहत सञ्चालनमा रहेका र यिनको प्रकृति वित्तीय हस्तान्तरणमूलक (Cash Transfer) भएकोले तल्लो तह सम्म सङ्गठन रहेको स्थानीय निकायहरू नै यसको व्यवस्थापनका निमित्त उपयूक्त संरचना हुन सक्दछ । यसैगरी कल्याणकारी तर्फका आंशिक कार्यक्रमहरू महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय मातहत रहेका छन् । भावी राज्यको पुर्नसंरचनाबाट नै कस्तो प्रशासनिक संरचनाको विकास हुन्छ पर्खेर मात्रै यी दुई निकायबाट सञ्चालनमा आएका कार्यक्रमहरूलाई छलफलमा ल्याउन सकिन्छ ।

**(ख) विषयगत सामाजिक संरक्षणका कार्यक्रमहरुः**

खासगरी अधिकारमा आधारित सामाजिक संरक्षणका कार्यक्रमहरू विषयगत मन्त्रालयहरूबाट सञ्चालन भइरहेकाछन् । यसमा सबैलाई आधारभूत शिक्षा, स्वास्थ्य, छात्रवृत्ति, खाद्य सुरक्षा आदि मुख्य रहेको छन् । यी विषयहरूको सेवा प्रदायक विषयगत निकायहरू नै भएकोले भिन्न सङ्गठनात्मक संरचनाको आवश्यकता भन्दा एउटै केन्द्रीय समन्वय प्रणालीको आवश्यकता देखिन्छ । अतः राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा सामाजिक सुरक्षा राष्ट्रिय

समन्वय समितिको गठन गरी अन्तर मन्त्रालय सञ्चालित सबै सामाजिक सुरक्षाका कार्यक्रमहरूको केन्द्रीय समन्वयको व्यवस्था हुन उपयूक्त देखिन्छ ।

**(ग) योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रमहरुः**

मूलतः औपचारिक क्षेत्रका कामदार, कर्मचारी/श्रमिकको  सामाजिक सुरक्षाको प्रत्याभूति गरी आय आर्जन गर्ने क्षमतामा कुनै कारणले ह्रास आएको अवस्थामा कर्मचारी/श्रमिकका तथा निजका आश्रित परिवारलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रदान गर्न यस कार्यक्रमको मुख्य ध्येय रहेको छ । यस अलावा कर्मचारी/श्रमिकको निवृत्त जीवनको सुरक्षाको लागि विभिन्न सामाजिक सुरक्षा योजनाको सञ्चालन गर्ने, योगदानको सङ्कलन तथा सम्वन्धित योगदानकर्तालाई उक्त सुविधा प्रभावकारी रूपमा उपलव्ध गराउनु यसको उद्देश्य हुन्छ । अतः यस्तो सामाजिक सुरक्षा कोष कार्यक्रलाई तीनै पक्षको प्रतिनिधित्व रहेको सञ्चालक समितिको माध्यमबाट सञ्चालन हुन आवश्यक हुन्छ । प्रारम्भमा औपचारिक क्षेत्रका कर्मचारी श्रमिकबाट प्रारम्भ भएतापनि क्रमसः अनौपचारिक क्षेत्रका कामदार समेत समावेश हुने र योगदानमा अधारित विभिन्न कार्यक्रमहरू समेत विस्तार हुंदै जाने भएकोले यो मुलुकको एक बृहत् सामाजिक सुरक्षा कार्यक्रमको रूपमा विकास हुन सक्दछ । यसर्थ प्रारम्भ देखिनै यस कोषको उचित व्यवस्थापन सहित अगाडि बढाउन एक विभागको गठन गरी कार्य सम्पादन सुव्यवस्थित हुन आवश्यक देखिन्छ । हाल अर्थमन्त्रालयको सचिवको (राजस्व) सयोजकत्वमा गठित ***"सामाजिक सरक्षा योजना अध्ययन कार्य समिति"*** लाई सामाजिक सुरक्षा योजनाको खाका तर्जुमा पछि श्रम तथा यातायात व्यवस्था सचिवको सयोजकत्वमा हस्तान्तरण गर्नका साथै हाल परिकल्पना गरिएको अन्तरिम सचिवालयलाई **"श्रम, रोजगार तथा सामजिक सुरक्षा"** मन्त्रालय मातहतमा एक विभागको गठन गरी साविकका कामदार/श्रमिक सम्बद्ध सबै कल्याणकारी कार्यक्रमहरूलाई समेत एकिकृत गरी सम्पादन हुनु पर्ने देखिन्छ ।

# भाग ७

# सिफारिश तथा निष्कर्ष

नेपाल करिब एक दशकको आन्तरिक द्वन्द तथा लामो राजनीतिक अस्थिरताबाट गुज्रन पुगेका कारण देशको आर्थिक सामाजिक अवस्था कमजोर बनेको छ । गरिवी र अभावमा करिब एक तिहाई जनसंख्या जकडिएको यथार्थतामा आम जनताहरूको मानवोचित जीवनयापन तथा उनीहरूलाई जोखिमको घेराबाट बाहिर निकाली अवसरको नजिक पुऱ्याउन सामाजिक सुरक्षाको महत्वपूर्ण भूमिका रहन्छ । यसमा खासगरी आधारभूत शिक्षा, प्राथमिक स्थास्थ्य सुविधा, खाद्य सुरक्षा, बृद्ध तथा असक्तहरूलाई सुरक्षा जस्ता विषयहरू महत्वपूर्ण रहेकाछन् ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनले यूनिसेफ नेपालको अनुरोधमा गरेको नेपालको सामाजिक संरक्षणको बर्तमान क्षेत्र र बालसंरक्षण लगायतका संभाव्य स्किमहरूको दायित्व समेतका विश्लेषणमा सन् २००७ मा सामाजिक संरक्षणको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा अनुदान तथा संरक्षणमुलक क्षेत्रमा (Non Contributory) हाल कुल गार्हस्थ उत्पादनको करिब १६.३ प्रतिशत लगानी भएको र सन् २०३४ सम्मको आर्थिक विश्लेषणमा ८ प्रतिशतको हुने प्रारम्भिक अनुमान गरेको छ । सामाजिक सुरक्षाका कार्यक्रमहरूमा दीर्घकालिन रणनीतिक दृष्टिकोण विना रसञ्चालन गर्दा दीर्घकालीनमा धान्न कठिन हुने किसिमका दायित्व सृजना गर्न सक्दछ । अतः सामजिक सुरक्षा योजनलाई प्रभावकारी कार्यान्वयन हुने गरी कार्यक्रमहरूको विकास र सञ्चालनको क्रममा निम्न बमोजिम सिफारिश गरिएको छ ।

## ७.१ सुधारकालागि गर्नु पर्ने दीर्घकालिन कार्यहरुः

### १. कानूनी पूर्वाधारः

१.१ सामाजिक सुरक्षा संस्था ऐन तर्जुमा गरी योगदानमा आधारित सामाजिक सुरक्षाका एकिकृत कार्यक्रमको प्रारम्भ गर्ने ।

१.२ विभिन्न निकायबाट सञ्चालन हुने सामाजिक सामाजिक सुरक्षाका कार्यक्रमलाई एकिकृत रूपमा सञ्चालन गर्ने गरी कानूनी व्यवस्था मिलाउने ।

### २. दीर्घकालिन अवधारणाको विकासः

२.१ सामाजिक सुरक्षाका संभाव्य क्षेत्र, लागत, कूल गार्हस्थ उत्पादनमा यसको सिरोभार दायित्व, मुलुकको आर्थिक क्षमताअनुसार धान्न सक्ने संभाव्य क्षेत्रहरू र क्षमता समेत विश्लेषण गरी दीर्घकालिन अवधारणाको तर्जुमा गर्ने ।

**३. एकिकृत कोषः**

३.१ बोनस ऐन बमोजिम प्रतिष्ठानहरूले बोनस वितरण गरी बाँकी रहेको रकमबाट सिर्जना हुने केन्द्रीय कल्याणकारी कोष समेतलाई यसै सामाजिक सुरक्षाको एकिकृत छाता भित्र एक भिन्न स्किमको रूपमा विकास गर्ने ।

३.२ सामाजिक सुरक्षाको यस  कोषलाई कर्मचारी, मजदुर, श्रमिकहरूको वृहत् सामाजिक सुरक्षा कोषको रूपमा विकास गर्ने ।

**४. बृहत् संगठनात्मक संरचनाः**

**४.१** सामाजिक सुरक्षाका कार्यक्रमलाई राष्ट्रव्यापीरूपमा विस्तार गरी औपचारिक तथा अनौपचारिक क्षेत्रलाई समेत समेटी योगदानकर्ताको निकटमा सेवा प्रवाह गर्न सामाजिक सुरक्षा सम्बन्धी सङ्गठनको संस्थागत सञ्जाल समेत त्यसै अनुरूप विस्तार हुन आवश्यक रहन्छ । यसलाई राज्यको पुर्नसंरचनाको खाका बमोजिम राज्य तह र सेवा तह गरी जिल्ला तथा मुख्य शहर केन्द्र सम्म विस्तार गरिन आवश्यक हुन्छ ।

**५. समन्वय र अनुगमनः**

५.१ स्थानीय तहका सबै सामाजिक संरक्षण कार्यक्रम स्थानीय निकायको मातहतमा एकिकृत गरी सञ्चालन गर्ने ।

५.२ सामाजिक सुरक्षाका कायक्रमहरूको प्रभावकारी अनुगमन प्रणालीको विकास गर्ने,

५.३ स्थानीय निकायमा प्रदान गरिने सामजिक सुरक्षा अनुदानमा प्रशासनिक खर्चको समेत व्यवस्था गर्ने ।

**६. कार्यप्रणाली व्यवस्थापनः**

६.१ नागरिक परिचय पत्रको आधारमा यस्तो सुविधा दिने व्यवस्था गर्ने र जुनसुकै स्थानबाट पनि सुविधा लिन पाउने व्यवस्था गर्ने ।

६.२ केन्द्रस्तरदेखि स्थानीयस्तरसम्म अभिलेख व्यवस्थापन, वितरण सहजीकरणको लागि जनशक्ति र आवश्यक भौतिक सामग्रीको व्यवस्था गरिनुपर्ने ।

**७. अभिलेख तथा व्यवस्थापन सूचना प्रणालीः**

७.१ सामाजिक सुरक्षाको निमित्त प्रत्येक नागरिकलाई सामाजिक सुरक्षा नम्बर प्रदान गर्ने ।

७.२ देशमा सामाजिक सुरक्षा दिनु पर्ने जेष्ठ नागरिक, अपाङ्ग, अस्वस्थ मानिस, बालबालिका, असाहाय महिला, एकल महिला, पेन्सन पाउने कर्मचारी तथा देशलाई ठूलो योगदान गर्ने तर आर्थिकरूपमा अक्षम नागरिकहरूको सूचना सङ्कलन अभिलेखबद्ध गर्ने ।

७.३ सामाजिक सुरक्षाको सुविधा पाउनेको संख्या नघट्ने अनुभव रहेकोले यस्तो सुविधा पाउनेको संख्या समयबद्धरूपमा (प्रत्येक वर्ष वा तीन वर्षमा) अद्यावधिक गर्ने ।

७.४ ब्यक्तिगत घटना दर्तासँग हाल सञ्चालनमा रहेको सामजिक सुरक्षा कार्यक्रमको आबद्धता गराई पारिवारिक अभिलेखको साथै लगत कट्टाको स्थानीयस्तरदेखि नै अभिलेख व्यवस्था गरिनुपर्ने ।

## ८. पारदर्शिताः

८.१ स्थानीयस्तरमा-जिल्ला/गा.वि.स./न.पा.स्तरमा कार्यक्रमको पारदर्शिता र लक्षित समूहको पहिचान जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने,

८.२ प्रभावकारी अनुगमन, अनुगमन सूचक र संयन्त्रको विकास गरी सरोकारवालाहरूको ( ट्रेड यूनियन, राजनीतिक दल, सरकारी तथा गैरसरकारी संघसंस्था ) संलग्नतामा अनुगमन गर्ने कार्य प्रणाली अवलम्बन गर्ने ।

## ९. सुरक्षित बसोबास तथा जोखिम न्यूनिकरणः

९.१ हाम्रो देशमा व्यवस्थित आवास तथा भूउपयोग योजनाको अभावमा अव्यवस्थित शहरीकरण बढिरहेको छ, कुनै पनि बेला प्राकृतिक प्रकोपको विपत्ति पर्न सक्दछ आम नागरिकको सामाजिक सुरक्षा जस्ता संवेदनशील विषय योजनादेखि नीति निर्माणसम्म राम्ररी आत्मसात हुने गरी स्थानीय निकायहरूले भू-उपयोग योजना तयार गरी सामाजिक जीवनको सुरक्षामा ध्यान दिनु पर्दछ ।

## १०. कार्यक्रमको दायरा विस्तारः

१०.१ सामाजिक सुरक्षाको व्यवस्था राज्य वा सरकारको क्षमतामा भर पर्दछ । प्रत्येक नागरिकको भविष्य सुरक्षित रहेको सुनिश्चता नगरी मुलुकले वास्तविक परिवर्तन पाउन कठिन हुन्छ, जुन सामाजिक सुरक्षाका स्किमहरूले प्रदान गर्न सक्दछ । यसैले दीर्घकालमा सामाजिक सुरक्षाका कार्यक्रमहरूले अनौपचारिक तथा स्वरोजगार क्षेत्रलाई पनि समेटने गरी रणनीतिहरूको विकास हुन आवश्यक देखिन्छ ।

१०.२ मुलुकको ठूलो जनशक्ति बैदेशिक रोजगारमा संलग्न रहेकाछन् । वैधानिक तवरबाट वैदेशिक रोजगारीमा गएकाहरूको हकमा कल्याणकारी कोष र जीवनबीमा सम्मको व्यवस्था भएतापनि स्वदेश फर्किएपछिको अवस्थामा उनीहरूलाई समाजिक सुरक्षा प्रवाह गर्ने कुनै व्यवस्था हुन सकेको छैन । अतः वैदेशिक रोजगारीमा रहेका अनुमानित २५ लाख भन्दा बढीको ठूलो जनसंख्यालाई स्वदेश आगमन पश्चात् सामाजिक सुरक्षाको प्रबन्ध हुने गरी विशेष सामाजिक सुरक्षाको स्किमको आवश्यकता रहेको छ ।

१०.३ स्वास्थ्योपचारको लागत र यसको सुनिश्चिततताको निमित्त आम नागरिकहरूकोलागि स्वास्थ्य बीमा कार्यक्रमहरूको स्किमहरू विकास गरी लागू गर्न आवश्यक देखिएको छ

। स्वास्थ्य बीमाको परीक्षणको रूपमा नियमित आम्दानी भएका तर स्वास्थ्य उपचारको निमित्त पर्याप्त स्रोत जुटाउन समस्या रहने गरेका कम वेतन प्राप्त गर्ने निजामती कर्मचारी र शिक्षकबाट आरम्भ गर्न सकिन्छ ।

**११. भविष्य प्रति आश्वस्त बनाउने:**

११.१ Universal Cash Transfer (UCT) System ले नागरिकहरूमा बिना मेहनत लाभ प्राप्त गर्ने अवसर प्रदान गर्ने भएकोले काम प्रति नैराश्यता उत्पन्न गर्न सक्ने भएकोले Conditional Cash Transfer (CCT) System लागू गर्नुपर्ने जसले गर्दा गरिबी निवारण मा पनि सहयोग पुग्न सक्ने ।

११.२ सामाजिक सुरक्षाको निमित्त असिमित दायित्व राज्यले बहन गर्न कठिन हुन्छ अतः सामाजिक सुरक्षाको निमित्त बीमा कार्यक्रम सर्वथा उपयुक्त विधि भएको र नेपालमा ग्रामिण तहसम्म वित्तीय संस्थाको विस्तारको क्रमसँगै सामाजिक बीमा कार्यक्रमहरूलाई व्यवस्थित रूपमा प्रारम्भ गरिनु पर्दछ । विशेषगरी स्वास्थ्य विमाको कार्यलाई तुरून्तै सञ्चालनमा ल्याउनुपर्दछ ।

## ७.२ तात्कालिन कार्य र कार्यान्वयन कार्य योजनाः

१. **सचिवालय खडा गर्ने:** सामाजिक सुरक्षा योजनाको प्रतिवेदन तर्जुमा सम्बन्धी कार्य सघन रूपमा गर्न करिब १ वर्षको कार्यतालिका आवश्यक पर्ने हुन्छ । नेपाल सरकारले सामाजिक सुरक्षा करको रकम सङ्कलनको प्रक्रिया चालु आर्थिक वर्षदेखिनै प्रारम्भ गरिसकेको र सम्बद्ध योगदानकर्ताहरूबाट यस कोषको संस्थागत प्रक्रिया सिघ्र  प्रारम्भ गर्न सुझावहरू प्राप्त भइसकेको अवस्थामा सचिवालयको (प्रस्तावित सङ्गठनात्मक संरचना अनुसूची ३) गठन गरी तत्कालिन तथा दीर्घकालीन सामाजिक सुरक्षा योजनाको खाका तर्जुमाको व्यवस्था मिलाई बजेटको प्रतिबद्धतालाई कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ ।

२. **सामाजिक सुरक्षा कार्यक्रम संचालनार्थ स्वायत्त निकाय गठन गर्ने:** कामदारको सामाजिक सुरक्षाका समग्र विषयलाई सम्वोधन गर्ने गरी नेपाल सरकार अन्तर्गत एक विभागस्तरको स्थायी निकायको गठन गरिनु पर्दछ ।

३. **आगामी आर्थिक बर्षको बजेटमा सचिवालयको बजेट विनियोजन गर्ने:** आगामी आर्थिक वर्ष ०६७/६८को निमित्त श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट सामाजिक सुरक्षा कोषको सचिवालय सञ्चालन सम्बन्धी बजेट प्रस्ताव गर्नु पर्ने देखिन्छ ।

४. **सामाजिक सुरक्षा सम्बन्धी कानून ऐन संसदमा पेश गर्ने:** सामाजिक सुरक्षाको विषय व्यापक र विस्तृत योजना भएको र यसमा प्रवाह हुने स्रोत साधन र प्रणालीलाई विधिसम्मत तवरबाट सञ्चालन गरी योगदानकर्तालाई सुनिश्चितता गराउन सामाजिक सुरक्षा सम्बन्धी नियमावली तर्जुमा गरी दीर्घकालामा सामाजिक सुरक्षा (कोष) संस्था ऐनको तर्जुमा गरिनु पर्दछ ।

५. **बीमा ऐनमा संशोधन गरी सामाजिक सुरक्षा कोषलाई विमा अधिकार प्रदान गर्ने :** सामाजिक सुरक्षा योजनाको एक महत्वपूर्ण पक्ष सामाजिक सुरक्षामूलक बीमा कार्यक्रमहरू रहेको र हालको बीमा समिति सम्बन्धी ऐनले बीमा गर्नको निमित्त बिमा कम्पनीहरूलाई मात्र अनुमती प्रदान गरेकोले सन्दर्भमा हाल उक्त बीमा समिति ऐन संशोधनको क्रममा रहेकोले अर्थ मन्त्रालयबाट नै उक्त ऐन सामाजिक सुरक्षा योजनासँग अनुकुल हुने गरी प्रावधानहरूको व्यवस्थापन हुनु जरूरी देखिन्छ ।

६. **आगामी आ.व.बाट वेरोजगार बीमा, दुर्धटना विमा, प्रजनन् स्वास्थ्य र स्वास्थ्य उपचार बीमा प्रारम्भ गर्ने:** चालु आर्थिक वर्षको बजेटबाट प्रारम्भिक सामाजिक सुरक्षा कोषको अवधारणालाई सामाजिक सुरक्षा योजना अध्ययन कार्य समितिको प्रतिवेदन अनुसार आर्थिक वर्ष ०६७/६८ को बजेट, नीति तथा कार्यक्रमबाट *"सामाजिक सुरक्षा र औद्योगिक सुसम्बन्धको आधार* " को रूपमा प्रस्तुत तथा परिपोषण गरिनु पर्दछ । यसको निमित्त *"आगामी आर्थिक वर्षमा सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई सुदृढ र एकिकृत गरी प्रभावकारी कार्यान्वयन गर्न साविक सामाजिक सुरक्षा कोषको सचिवालयलाई विभागको रूपमा स्थापना गरी योगदानमा आधारित बेरोजगार बीमा, रोजगार/कार्यस्थल दुर्घटना बीमा, प्रजनन स्वास्थ्य सुरक्षा र स्वास्थ्य उपचार बीमा जस्ता स्किमहरूको चरणबद्धरूपमा कार्यान्वयन गर्दै लगिने छ यस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरूले भविष्यमा संभाव्य जोखिमको सामना गर्न आधारभूत सुरक्षा र संरक्षण प्राप्त हुने भएकोले समाजमा आर्थिक सदाचारको विकास गर्न समेत योगदान पुग्ने देखिन्छ ।यसको निमित्त  सामजिक सुरक्षा अध्ययन कार्य समितिको सिफारिश कार्यान्वयन गरिने छ"* भनी उद्घोषण हुन आवश्यक देखिन्छ ।

७. **आ.व. २०६६।६७ मा कट्टी गरिएको १ प्रतिशत रकम छुट्टै खातामा तत्काल दाखिला गर्ने:** हाल पारश्रमिक कर लगायतका अन्य करहरू सँगै सामाजिक सुरक्षा कर समावेश हुंदा यसको योगदान तथा हिसाब मिलानमा समस्या परेकोले चालु वर्षको हकमा निकायगतरूपमा विवरण माग गरी वा अन्तरिम सूत्रको आधारमा सामाजिक सुरक्षाको रकम यकिन गरी सामाजिक सुरक्षा कोषमा दाखिला गरिनु पर्दछ ।

८. **आगामी आ.व. देखि सामाजिक सुरक्षा करको भिन्दै राजश्व शीर्षकको व्यवस्था गर्ने:** आगामि आर्थिक वर्षदेखि सामाजिक सुरक्षा करको निमित्त भिन्दै राजश्व शिर्षकको व्यवस्था गरिनु पर्दछ ।

९. **सामाजिक सुरक्षा योजना सम्बन्धी अध्ययन भ्रमण**: सामाजिक सुरक्षा योजनाका प्रस्तावित स्किमहरूको कार्यान्वयन ढाँचा तथा रणनीतिको विकास गर्न यस सम्बन्धी सघन कार्यान्वयन भएका मुलुकहरूको अध्ययन भ्रमण गरी अवधारणागत स्पष्टता, स्किमहरूको विस्तृत खाकाको तर्जुमा तथा व्यवस्थित कार्यान्वयन सुनिश्चित गरिनु पर्दछ । प्रतिवेदनका प्रस्तावित तीन चरणका स्किमहरूलाई अन्तिम स्वरूप प्रदान अगावै थाइल्याण्ड/भियतनाम तथा कुनै नोर्डिक मुलुकको अध्ययन भ्रमण गरी स्पष्ट खाका तथा कार्ययोजनाको निर्माण गरिनु पर्दछ ।

१०. **मन्त्रिपरिषद्बाट सामाजिक सुरक्षा योजना सञ्चालनार्थ कार्यकारी आदेश जारी गर्ने:** चालु आर्थिक वर्षको ०६७ जेष्ठ मसान्त भित्र कोष सञ्चालन सम्बन्धी नियमावली/निर्देशिका वा गठन आदेश जारी गरी सचिवालको कार्य प्रक्रिया आरम्भ गरिनु पर्दछ ।

११. **सदस्यता कार्ड वितरण गर्ने**: २०६७ श्रावण १ देखि कोषमा योगदान कर्ता सहभागीहरूको पञ्जिकरण गरी सदस्यता कार्ड वितरण प्रणाली आरम्भ गर्ने । यस कोषमा सहभागी हुने व्यक्तिको व्यक्तिगत स्थाई लेखा नम्बर अनिवार्य गर्ने व्यवस्था मिलाउने ।

१२. **योगदानको सुनिश्चितता:** नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रमको सन्दर्भमा सरकार (Government), रोजगारदाता (Employer) र योगदानकर्ता (Employee) को तर्फबाट हुने योगदानको समेत सुनिश्चित गरी आगामी आर्थिक वर्ष ०६७/६८ को बजेट अगावै यकिन गर्ने र चालु आर्थिक वर्ष देखिनै यस्तो योगदान अंशको दाखिला प्रक्रिया अगाडि बढाउने ।

## ७.३ निष्कर्ष:

सामाजिक संरक्षण कार्यक्रम गरिब तथा जोखिममा परेकाहरूको सुरक्षा, संरक्षण तथा जीविकोपार्जनमा सहयोगको दृष्टिले सञ्चालनमा ल्याइएको भएतापनि वास्तवमा गरिब तथा जोखिममा परेकाहरूले कति फाइदा हासिल गर्न सकेकाछन् त्यो मुख्य विषय हो । सुव्यवस्थित तथा व्यवहारिक सामाजिक सुरक्षाका योजनाले गरिवी निवारणमा योगदान दिनकासाथै विश्व समुदायको प्रतिबद्धताको रूपमा लिइएको सहस्राव्दी विकासका लक्षहरूका सूचक पुरागर्न समेत एक महत्वपूर्ण आधार बन्न सक्दछ ।

सामाजिक सुरक्षा मुलुकको स्रोत साधनमा पनि भरपर्ने कुरा हो । भरखरै नेपालले नि:शुल्क प्राथमिक स्वास्थ्यको घोषणा गरेको छ जसको प्रत्यक्ष सम्बन्ध सामाजिक न्याय सँग रहेको छ । यसैगरी सामाजिक सुरक्षाको सीमितै भएपनि आर्थिक सुविधा वितरण प्रारम्भ भएको छ भने गाँउ विकास समितिलाई समेत सामजिक सेवाको क्षेत्रमा लगानी प्रवाह गर्न निर्देशित भएको अवस्था छ । यसैगरी गरिबीमुखी नीति र सामाजिक परिचालन मार्फत ग्रामिण सशक्तिकरण कार्यहरू, महिला

निःशुल्क कानूनी उपचार, समुदायमा आधारित प्यारालिगल कमिटीबाट घरेलु हिंसा नियन्त्रण अभियान आदि सामाजिक सुरक्षाका दृष्टिले ज्यादै महत्वपूर्ण रहेका छन् । दीर्घकालिन दृष्टिले सामाजिक सुरक्षालाई राज्यको दायित्व सँगै बीमालगायतका उपायहरूद्वारा प्रबर्द्धन गर्न आवश्यक देखिन्छ । राज्यका साधन स्रोतको सीमितता, वृहत् दायित्व तथा लाभान्वित वर्गको सहभागितामा आधारित कार्यक्रमहरूलाई प्रोत्साहित गर्न आवश्यक भएको छ । यसक्रममा सामाजिक सुरक्षा योजनाले राज्यको दायित्व भित्र पर्ने तथा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमहरूको स्पष्ट रेखांकन गरेको छ । यस अध्ययन प्रतिवेदनले भविष्यमा नेपाल सरकारलाई सामाजिक सुरक्षाका कार्यक्रमहरूको निमित्त सहज हुने अपेक्षा गरिएको छ ।

### ७.४ **सन्दर्भ सामाग्री :**


१. नेपालको अन्तरिम संविधान, २०६३

२. श्रम ऐन,

३. श्रम नियमावली,

४. बोनस ऐन,

५. बोनस नियमावली,

६. स्थानीय स्वायत्त शासन ऐन, २०५५

७. स्थानीय स्वायत्त शासन नियमावली, २०५६

८. कामदार तथा कर्मचारीहरूको सामाजिक सुरक्षाः स्थिति विश्लेषण तथा सुधारका क्षेत्रहरू- अध्ययन प्रतिबेदन, श्रम तथा यातायात व्यवस्था मन्त्रालय

९. आर्थिक वर्ष २०६६/६७ को बजेट बक्तव्य, नेपाल सरकार अर्थ मन्त्रालय - २०६६

१०. नेपाल श्रम शक्ति सर्वेक्षण - दोस्रो २०६४/६५

११. श्रमिक खवर, नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) का विभिन्न अंकहरू

१२. Social Security, A New Consensus International Labour Offfice, Geneva

१३. Techinal Note, Affordable and not an illusion. Costing of basic social protection benefit for Nepal 2007-2034, 2008 Social Security Department, International Labour Offfice, Geneva

१४. Social Security Policy Briefing Paper-3, Canlow-income Countries afford basic social Security? Social Security Department, International Labour Offfice, Geneva

१५. Social Security Policy Briefing Paper-6, Asia Pasific Regional High- Level Meeting on Socially Inclusive Strategies to Extend Social Security Coverages NewDelhi India, 2008 Social Security Department, International Labour Offfice, Geneva

१६. Social Security Policy Briefing Paper-7, Social Security for All, Living in Social Justice and Economic Development, Social Security Department, International Labour Offfice, Geneva

१७. Strategies to Extend Social Security Coverages NewDelhi India, 2008 Social Security Department, International Labour Offfice, Geneva

१८. Intrnational Labour and Social Policy Review internationa Organization of Employers, Geneva

१९. Convention no 102 International Labour Confrance, International Labour Offfice, Geneva

२०. Recomendation concerning Income Security, International Labour Offfice, Geneva

२१. Social Protection in Nepal, Human development Unit South Asia Region, World Bank (Un Published) June -2009

# अनुसूचिहरु

## अनुसूची १

### सामाजिक सुरक्षा योजना सम्बन्धी कार्ययोजना

| क्र.सं | क्रियाकलाप | कार्यान्वयन समय तालिका (महिना) | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | *कार्तिक* | *मंसिर* | *पौष* | *माघ* | *फागुन* | *चैत्र* | *बैषाख* | *जेष्ठ* | *आषाढ* | *श्रावण* | *भाद्र* | |
| १ | प्रारम्भिक बैठक | | | | | | | | | | | | |
| २ | सरोकारवालाको अधारणा विकास प्रस्तुति | | | | | | | | | | | | |
| ३ | सामाजिक सुरक्षा कर सम्बन्धी सञ्चार | | | | | | | | | | | | |
| ३ | अवधारणागत कार्यशाला | | | | | | | | | | | | |
| ४ | प्रारम्भिक अवधारणाको प्रस्तुति | | | | | | | | | | | | |
| ५ | अवधारणागत छलफल | | | | | | | | | | | | |
| ६ | कोष व्यवस्थापन अवधारणाको विकास | | | | | | | | | | | | |
| ७ | सामाजिक सुरक्षा कोष व्यवस्थापन नियमावलीको तर्जुमा | | | | | | | | | | | | |
| ८ | सामाजिक सुरक्षा सम्बन्धी अवलोकन | | | | | | | | | | | | |
| ९ | सरोकारवाला सँग अन्तरक्रिया | | | | | | | | | | | | |
| १० | सामाजिक सुरक्षा | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | योजनाको प्रतिवेदन हस्तान्तरण | | | | | | | | | | | | |
| ११ | सामाजिक सुरक्षा सङ्गठन ऐनको मस्यौदा तर्जुमा | | | | | | | | | | | | |
| १२ | नीति/बजेटमा योजनाको अवधारणा प्रस्तुती | | | | | | | | | | | | |
| १३ | सङ्गठनात्मक विकास | | | | | | | | | | | | |
| १४ | ऐनको स्विकृति | | | | | | | | | | | | |
| १५ | सामाजिक सुरक्षा योजनाका स्किमहरूको कार्यान्वयन प्रारम्भ | | | | | | | | | | | | |

## अनुसूची २

# सामाजिक सुरक्षा कर नियमावली, २०६७

**१. परिचय :**

नेपालको अन्तरिम संविधान, २०६३ को मर्म र भावना अनुरूप नेपालका नागरिकहरूको सामाजिक सुरक्षा सम्बन्धी मौलिक हकको संरक्षण गर्न राज्यका दायित्व, संविधानका निर्देशक सिद्धान्त तथा नीतिहरूले निर्देशन गरे बमोजिम नेपाल सरकारले सहभागितामा आधारित सामाजिक सुरक्षा कार्यक्रम लागु गर्ने अभिप्रायले आर्थिक वर्ष २०६६/६७ को आर्थिक ऐन बमोजिम पारश्रमिक आय आर्जन गर्ने व्यक्तिबाट करयोग्य आयको स्लावमा लगाएको करलाई सङ्कलन तथा व्यवस्थापन गर्न ............... दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहाय बमोजिमको नियमावली स्वीकृत गरी लागू गरेको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस नियमावलीको नाम सामाजिक सुरक्षा कर सञ्चालन तथा व्यवस्थापन नियमावली २०६७ रहने छ ।

(२) नेपाल सरकारबाट निर्णय भई राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको मितिबाट यस नियमावलीको प्रारम्भ हुने छ ।

**३. परिभाषा :**

(क) "ऐन" भन्नाले आर्थिक ऐन २०६७ संभmनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले सामाजिक सुरक्षा कर सञ्चालन तथा व्यवस्थापन नियमावली-२०६७ संभmनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले अर्थ मन्त्रालय भन्ने संभmनु पर्दछ ।

(घ) "कोष" भन्नाले सामाजिक सुरक्षा कर सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०६७ बमोजिम गठित कोष संभmनु पर्दछ ।

(ङ) "समिति" भन्नाले सामाजिक सुरक्षा कर सञ्चालन तथा व्यवस्थापन सञ्चालक समिति संभmनु पर्दछ ।

(च) "सदस्य सचिव" भन्नाले सामाजिक सुरक्षा कर सञ्चालन तथा व्यवस्थापन समितिका सदस्य सचिव तथा कोषको कार्यकारी निर्देशकको रूपमा काम गर्ने पदाधिकारीलाई संभmनु पर्दछ ।

**४. उद्देश्य** : (१) यस नियमावलीको उद्देश्य यस प्रकार रहने छ :

(क) सामाजिक सुरक्षा करलाई सुव्यवस्थित रूपमा सङ्कलन गर्ने ।

(ख) सङ्कलित रकमलाई कोषमा जम्मा गरी सुरक्षित गर्ने ।

(ग) कोषको सामान्य सञ्चालन र व्यवस्थापन गर्ने ।

(घ) सहभागितात्मक सामाजिक सुरक्षाको अवधारणाको व्यवस्थित अध्ययन अनुसन्धान गरी संस्थागत व्यवस्था गर्न सहयोग पुऱ्याउने ।

**५. सम्पर्क मन्त्रालय :** कोषले नेपाल सरकारसँग सम्पर्क गर्दा अर्थ मन्त्रालय मार्फत गर्नु पर्ने छ ।

## परिच्छेद १
## कोष सञ्चालक समिति

**६. सञ्चालक समितिको गठन :** (१) यस कोषको सञ्चालनको निमित्त नेपाल सरकारले सरकार, रोजगारदाता र आधिकारिक श्रम सङ्गठनको प्रतिनिधिमूलक ट्रेड यूनियन महासंघको प्रतिनिधित्व हुने गरी (Tripartite) देहाय बमोजिमको "सामाजिक सुरक्षा कर सञ्चालन तथा व्यवस्थापन सञ्चालक समिति" गठन गर्ने छ ।

| | | |
|---|---|---|
| (क) | सचिव, अर्थ मन्त्रालय (राजस्व) | अध्यक्ष |
| (ख) | सह सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य |
| (ग) | सह सचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| (घ) | सह सचिव, कानून तथा न्याय मन्त्रालय | सदस्य |
| (ङ) | प्रतिनिधि, नेपाल उद्योग बाणिज्य महासंघ | सदस्य |
| (च) | नेपाल उद्योग परिसंघ | सदस्य |
| (छ) | प्रतिनिधि, नेपाल चेम्बर अफ कमर्श सदस्य | सदस्य |
| (ज) | ट्रेड यूनियन समन्वय केन्द्रका प्रतिनिधि (३ जना) | सदस्य |
| (झ) | नेपाल सरकारले तोकेको राजपत्राीत प्रथम श्रेणीको अधिकृत | सदस्य सचिव |

**७. संचालक समितिको पदावधि :** (१) सञ्चालक समितिमा पदेन प्रतिनिधित्व गर्ने बाहेकका सदस्यहरूको पदावधि २ वर्षको अवधि हुने छ ।

(२) यस्ता सदस्यहरूले सम्बन्धित संस्थाको मनोनयनमा पुनः प्रतिनिधित्व गर्न सक्नेछन् ।

**८. कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** (१) कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

(क) कोषको बजेट, योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

(ख) कोषको आम्दानी र खर्च सम्बन्धी विवरण तथा लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी आवश्यक निर्णय लिने र सचिवालयलाई निर्देशन दिने ।

(ग) सामाजिक सुरक्षाकोषको अवधारणा तथा विकास सम्बन्धमा अध्ययन गरी गराई नेपाल सरकारलाई सुझाव प्रदान गर्ने /गराउने ।

(घ) सामाजिक सुरक्षा (कोष) सङ्गठनसम्बन्धी ऐन तर्जुमा गर्न नेपाल सरकारलाई परामर्श दिने ।

(ङ) कोषको बार्षिक कार्यसम्पादन प्रतिवेदन अर्थ मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पेश गर्ने ।

## परिच्छेद २

## बैठक सम्बन्धी कार्यविधि

**९. बैठक बस्ने स्थान र समयः** (१) कोष सञ्चालन समितिको बैठक अध्यक्षले तोकेको स्थान र समयमा बस्ने छ ।

**१०. छलफलको विषयः** (१) अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठकको कार्यक्रम लिखित रूपमा तयार गर्ने छन् । यस्तो छलफलको विषय बैठकको निर्धारण गरेको तीन दिन अगावै सम्बन्धित सदस्यको जानकारीको निमित्त पठाउनु पर्नेछ । समितिको बैठक सम्बन्धी प्रयोजनको निमित्त बैठक सम्बन्धी पत्र सदस्यको कार्यालय वा सदस्य आबद्ध रहेको तोकिएको कार्यालय निकाय वा संस्थामा बुझाएको अवस्थामा उक्त पत्र सम्बन्धित सदस्यले प्राप्त गरेको मानिनेछ ।

**११. उपस्थितिः**(१) बैठकमा उपस्थित प्रत्येक सदस्यले उपस्थिति पुस्तिकामा आफ्नो नाम लेखी हस्ताक्षर गर्नु पर्नेछ ।

**१२. बैठकको सुव्यवस्थाः** (१) बैठकमा सुव्यवस्था गर्ने काम बैठकको अध्यक्षता गर्ने व्यक्तिले गर्ने छन् । बैठक सञ्चालनको क्रममा संयोजकको आदेशको सम्मान र आदर गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

**१३. बोल्ने पालोः** (१) बैठकको छलफलमा भाग लिने सदस्यहरूले बोल्ने पालो तथा बोल्न पाउने समयको अवधि बैठकको अध्यक्षले निर्धारण गरे बमोजिम हुने छ बोल्नु पर्ने अवस्थामा अध्यक्षता गर्ने व्यक्तिसँग समय मागेर पालै पालो आफ्नो विचार राख्नु पर्ने छ ।

**१४. प्रस्ताव राख्ने:** (१) बैठकमा छलफलकालागि कुनै विषय प्रस्तुत गर्न चाहने सदस्यले बैठकको एजेण्डा प्राप्त भएको एक दिन भित्र आफ्नो प्रस्ताव समेत सामावेश हुन अध्यक्षलाई लेखी पठाउनु पर्ने छ । यस्तो प्रस्ताव सदस्य सचिव समक्ष पेश भएमा दर्ता भएको मानिने र त्यसमा अध्यक्षको आदेश बमोजिम हुनेछ ।

(२) प्रस्ताव राख्ने विषय कार्यदलको कार्यक्षेत्र भित्रको र उठाइएको विषय स्पष्ट र व्यवहारिक भएको हुनु पर्ने छ ।

(२) प्रस्तावलाई छलफलको निमित्त अध्यक्षले स्वीकृति दिएको हुनु पर्नेछ ।

**१५. प्रस्तावमा छलफलको प्रक्रिया:** (१) बैठकको निमित्त अध्यक्षबाट स्वीकृत विषयहरू पेश गर्न अध्यक्षता गर्ने व्यक्तिले अनुमति प्रदान गर्नेछ ।

## खण्ड ३

## बैठकको गणपूरक संख्या र निर्णय प्रकृया

**१६. बैठकको गणपुरक संख्या:** (१) कोष सञ्चालक समितिको बैठकमा देहाय बमोजिमको प्रतिनिधित्व सहित दुई तिहाई सदस्य उपस्थित भएको अवस्थामा गणपूरक संख्या पुगेको मानिनेछ ।

(क) ट्रेड यूनियन महासंघको तर्फबाट समितिमा प्रतिनिधित्व भएको कम्तिमा एक जना सदस्य ।

(ख) रोजगारदाताको तर्फबाट समितिमा प्रतिनिधित्व भएको कम्तिमा एक जना सदस्य ।

(ग) नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्ने संयोजक बाहेकको कम्तिमा दुई जना सदस्य ।

**१७. प्रस्तावमाथि निर्णय:** (१) छलफलमा तोकिएको विषय (एजेण्डा) मा बोल्ने क्रम समाप्त भएपछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले सो प्रस्ताव निर्णयको निमित्त बैठक समक्ष प्रस्तुत गर्नेछ ।

**१८. निर्णयको तरिका:** (१) बैठकमा सहमतीको आधारमा निर्णय गरिने छ । सहमति जुट्न नसकेको अवस्थामा निम्न प्रक्रिया अवलम्बन गरिनेछः

(क) सहमतिको निमित्त अध्यक्षता गर्ने व्यक्तिले पर्याप्त समय र पहल गर्दा समेत सहमती हासिल हुन नसकेमा उक्त विषय निर्णयको निमित्त बैठकमा पेश हुनेछ ।

(ख) यसरी पेश भएको प्रस्ताव बहुमतको आधारमा निर्णय हुनेछ ।

तर यस्तो अवस्थामा असहमत पक्षले आफ्नो धारणा (Note of Decent) निर्णय पुस्तिकाको उक्त दिनको निर्णय लेखिएपछि लिखित रूपमा अभिलेख गर्न पाउनेछ ।

(ग) मत बराबर भएको अवस्थामा मात्र  अध्यक्षले आफ्नो मत व्यक्त गर्न सक्ने छन् ।

**१९. निर्णयको अभिलेखः** (१) अध्यक्षता गर्ने व्यक्तिले बैठकमा भएको निर्णयलाई निर्णय पुस्तिकामा अभिलेख गराई उपस्थितको सही गराई राख्नु पर्नेछ ।

**२०. निर्णय प्रमाणितः** (१) सदस्य सचिवले बैठकको निर्णय प्रमाणति गर्ने छन् ।

## खण्ड ४

## सामाजिक सुरक्षा योजनाको संचालन

**२१. सामाजिक सुरक्षा योजनाः** (१) कोष सञ्चालक समितिले सामाजिक सुरक्षा योजनाको तर्जुमा गरी नेपाल सरकाबाट स्वीकृत भएपछि उक्त योजनाहरू सचिवालयले लागू गर्नेछ ।

(२) कोष सञ्चालक समितिले चरणबद्ध रूपमा सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

(३) पहिलो चरणमा योगदान वा अंशदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रमहरू दोस्रो चरणमा कार्यस्थलमा दुर्घटना बीमा स्किम र तेस्रो चरणमा कामदारको प्रजनन् स्वास्थ्य तथा स्वास्थ्य उपचार बीमाका स्किमहरू सञ्चालन गर्नेछ ।

**२२. सामाजिक सुरक्षा योजनाका सहभागिताः** (१) योगदानमूलक सामाजिक सुरक्षाका कार्यक्रमहरूमा संलग्न हुन चाहने निकाय, बोर्ड, समिति, केन्द्र, सार्वजनिक संस्थान तथा निजी क्षेत्रका प्रतिष्ठानहरूलाई सावर्जजनिक सूचना प्रकाशित गरी जानकारी गराइनेछ । यस्तो सूचनाका म्याद भित्र इच्छापत्र सहित अनुरोध गर्ने निकायहरू कार्यक्रममा सहभागि हुन सक्नेछन् ।

(२) नेपाल सरकारको सेवामा रहेका निजामती, प्रहरी सेवा शसस्त्र प्रहरी, नेपाली सेना तथा शिक्षक/प्राध्यापकको हकमा नेपाल सरकारले निर्णय गरी यस्तो कार्यक्रममा सहभागि हुने व्यवस्था मिलाउन सक्नेछ ।

## खण्ड ५

## आर्थिक कार्यप्रणाली

**२३. कोषमा रहने रकमः** (१) सामाजिक सुरक्षा समितिको एउटा "सामाजिक सुरक्षा कोष" रहने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा हुने छ :

(क) सामाजिक सुरक्षा करको रूपमा पारश्रमिकको स्लावमा कट्टा भएको रकम ।

(ख) नेपाल सरकारबाट प्राप्त हुने विनियोजन तथा अनुदान रकम ।

(ग) कोषको रकम लगानीबाट प्राप्त लाभाम्स वा व्याजको रकम ।

(घ) कोषको सम्पत्ति स्वरूप प्राप्त हुने रकम ।

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

**२४. कोषमा योगदानः** (१) नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार यस कोषका आबद्ध हुने सरकारी निकाय, सार्वजनिक संस्थान, समिति, बोर्ड, बिद्यालय तथा निजी क्षेत्रका प्रतिष्ठानका पारिश्रमिक प्राप्त गर्नेले कर योग्य आयको १ प्रतिशत ।

(२) नेपाल सरकारले तोके बमोजिमको योगदान रकम ।

(३) यस कोषमा आबद्ध भएका सार्वजनिक संस्थान, समिति, बोर्ड तथा निजी क्षेत्रका प्रतिष्ठानहरू लगायतका रोजगारदाताहरूले नेपाल सरकारले तोके बमोजिमको समपुरक योगदान रकम ।

**२५. कोषको रकम निकासा प्रक्रियाः** (१) कोषले दफा २२ बमोजिमको आय रकम नेपाल राष्ट्र बैंकमाा खोलिएको कोष खातामा जम्मा गर्नेछ ।

(२) कोषको दफा २४ बमोजिमको खाता Non-operative हुने छ र उक्त कोष खाता बाट कार्य सञ्चालन खातामा निकासा प्राप्त गरी खर्च गर्नु पर्नेछ ।

**२६. सामाजिक सुरक्षा कोषको रकम दाखिला गर्ने तरिकाः** (१) कोषको खातामा सामाजिक सुरक्षा कर स्वरूप प्राप्त हुन आएको रकम नेपाल सरकारले चौमासिक रूपमा दाखिला गर्नेछ ।

(२) यस कोषमा आबद्ध भएका सार्वजनिक संस्थान, समिति, बोर्ड, शैक्षिक संस्था तथा निजी क्षेत्रका प्रतिष्ठानहरूले नेपाल सरकारले तोके बमोजिमको योगदान रकम सम्बन्धित कर्मचारी कामदारको तलव भुक्तानी गरेको मितिले पन्ध्र दिन भित्र दाखिला गरि सक्नु पर्नेछ ।

(३) आर्थिक वर्ष ०६६/६७ मा नेपाल सरकारले उठाएको सामाजिक सुरक्षा करको रकम यो कार्यविधि स्वीकृत भएको ३० दिन भित्र सामाजिक सुरक्षा कोष खातामा दाखिला गर्नु गराउनु पर्नेछ ।

(५) आर्थिक वर्ष ०६६/६७ मा नेपाल सरकारले उठाएको सामाजिक सुरक्षाकर र रोजगारदता वा प्रतिष्ठानहरूले समायोजन गर्नु पर्ने रकमको यकिन गर्न एक त्रिपक्षीय कार्यदल गठन गरी हिसाव यकीन गरिने छ । यस्तो यकीन हुन आएको रकम ३० दिन भित्र सम्बन्धित सरकारी निकाय, संस्था, बोर्ड, समिति, वा प्रतिष्ठानले दाखिला गर्नु पर्नेछ ।

**२७. कोषको रकम खर्च कार्यविधिः** (१) सामाजिक सुरक्षा कोषको व्यवस्थापन सम्बन्धी निम्न बमोजिम कार्यको निमित्त नेपाल सरकारले विनियोजन गरे बमोजिम खर्च गर्न सकिने छ :

(क) सामाजिक सुरक्षा कोषको सचिवालयको प्रशासनिक खर्च ।

(ख) सामाजिक सरक्षा (कोष) सङ्गठन सम्बन्धी ऐनको तर्जुमा ।

(ग) सामाजिक सुरक्षा कोष तथा स्किमहरू सम्बन्धी अध्ययन कार्य ।

(घ) सामाजिक सुरक्षा कोषको दीर्घकालिन योजना तर्जुमा तथा अवधारणात्मक विकास सम्बन्धी कार्य ।

(ङ) कोष सञ्चालक समितिबाट गठित उपसमिति/कार्यदलको बैठक भत्ता ।

(२) सामाजिक सुरक्षा कोषको रकम सञ्चालक समितिबाट स्वीकृत बार्षिक कार्यक्रम तथा स्किमहरूको कार्यान्वयनमा खर्च गर्नु पर्ने छ ।

**२८. कोषको सञ्चालनः** (१) कोषको सञ्चालन सदस्य सचिव र सञ्चालक समितिले तोकेको लेखा अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) दफा २६ को दायरा भित्र रही कोषको निर्णय तथा स्वीकृत आर्थिक कार्यविधि निर्देशिका अनुसार कोषको रकम खर्च गर्नु पर्नेछ ।

**२९. लेखा र लेखा परीक्षणः** (१) कोषको खाता नेपाल सरकारको प्रचलित प्रणाली बमोजिम सञ्चालन गरिनेछ ।

(२) कोषको रकमको आन्तरिक लेखा परीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय बाट हुनेछ ।

(३) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(४) प्रत्येक आर्थिक वर्ष सम्पन्न भएको पहिलो चौमासिक अवधि भित्र गत वर्षको आर्थिक कारोवारको अन्तिम लेखा परीक्षण सम्पन्न गरीसक्नु पर्नेछ ।

**३०. आय व्ययको विवरण सार्वजनिकीकरणः** (१) सचिवालयले प्रत्येक चौमासिक अवधि व्यतित भएपछि उक्त अवधिको आम्दानी र खर्चको विवरण समितिमा पेश गर्नु पर्नेछ ।

(२) सचिवालयले प्रत्येक आर्थिक वर्ष व्यतित भएको ३० दिन भित्र बार्षिक आय व्ययको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

## खण्ड ६

## कोषको सचिवालय सम्बन्धी व्यवस्था

**३१. सचिवालयको गठनः** (१) कोषको सचिवालय काठमाडौ उपत्यकामा रहनेछ । समितिले सञ्चालक समितिको निर्णयबाट उपत्यका बाहिर समेत आवश्यकता अनुसार क्षेत्रीय/शाखा कार्यालय खोली कार्यसञ्चालन गर्न सक्ने छ ।

(२) उक्त सचिवालयको सञ्चालनको कार्य सदस्य-सचिवले गर्नेछ ।

**३२. सचिवालयको संगठनात्मक संरचनाः** (१) सचिवालयको सङ्गठनात्मक संरचना अनुसूची ३ बमोजिम हुनेछ ।

(२) नेपाल सरकारले खटाउने बाहेकका कर्मचारी सचिवालयले करारमा सेवा लिन सक्नेछ ।

**३३. सदस्य सचिवको कामः** (१) कोषको अध्यक्षको सामान्य निर्देशनमा रही सदस्य सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कोष सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने ।

(ख) कोषको रकम आवधिक रूपमा जम्मा गर्न लगाउने ।

(ग) कार्यकारी प्रमुखको हैसियतले कोषको नियमित दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने ।

(घ) कोषका स्किमहरूको विकास गरी सञ्चालक समितिको निर्णयमा कार्यान्वयन गर्ने ।

(ङ) कोषको चल अचल तथा जिन्सी सम्पत्तिको अभिलेख राख्ने, संरक्षण र मर्मत सम्भार गर्न गराउने ।

(च) कोषको निर्णय माइन्यूट गर्ने/गराउने, माइन्यूट प्रमाणित गर्ने ।

(छ) कोषको आम्दानी खर्चको फाँटवारीहरू तयार गर्ने गराउने ।

(ज) कोषको आर्थिक विवरण सञ्चालक समिति समक्ष पेश गर्ने ।

(झ) कोषको लेखा परीक्षण गर्ने गराउने ।

(२) सदस्य सचिवले सामाजिक सुरक्षा कोषको सम्बन्धमा देहायका बूंदाहरू उल्लेख गरी समिति समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने छः

(क) सामाजिक सुरक्षा योजना लागु गर्न सचिवालयले अपनाएका उपायहरू ।

(ख) समीक्षा वर्षमा विभिन्न सामाजिक सुरक्षा योजना अन्तर्गत बीमितहरूको संख्या र बीमा वापतको सुविधा प्राप्त गर्नेहरूको संख्या ।

(ग) संस्थाको कोषको स्थिति र कोषको समीक्षा ।

(घ) यस नियमावलीको लक्ष्य प्राप्त गर्न अवलम्बन गर्नुपर्ने उपायहरू ।

(ङ) अन्य आवश्यक कुरा, यदि कुनै भए ।

**३४. कर्मचारीको सेवा र सुविधाः** (१) नेपाल सरकारबाट खटिने कर्मचारीहरूको सेवा सुविधा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(२) करारमा नियूक्त कर्मचारीको सुविधा कर्मचारी प्रशासन निर्देशिकाबाट निर्धारण भए बमोजिम हुने छ । कर्मचारी प्रशासन निर्देशिका स्वीकृत भई लागू नभएसम्म नेपाल सरकारको करार सेवा सम्बन्धि निर्देशिकाले तोकेबमोजिम हुनेछ ।

(३) कोषमा कार्यरत कर्मचारीलाई कोष सञ्चालक समितिको निर्णयले नेपाल सरकारको समान तहका कर्मचारीको शुरू तलब स्केलको १०० प्रतिशतमा नबढ्ने गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता दिन सक्ने छ ।

## खण्ड ७

## विविध

**३५. उप समितिको गठनः** (१) समितिले कुनै खास विषय सम्बन्धमा बैठकमा लिखित प्रतिवेदन साथ पेश गर्न आधिकारिक ट्रेड यूनियन, रोजगार दाता र नेपाल सरकारका कर्मचारीको प्रतिनिधित्व रहेको उप समिति गठन गर्न सक्नेछ । यस्तो उपसमितिमा विशेषज्ञलाई समेत सदस्यको रूपमा तोक्न सक्नेछ ।

**३६. प्राविधिक तथा विशेषज्ञ सहयोगः** (१) खास विषयमा कार्यदल वा कार्यदलबाट गठित उप समितिमा प्राविधिक तथा विशेषज्ञको सहयोग आवश्यक भएमा त्यस्तो व्यक्ति वा सङ्गठनलाई आमन्त्रण गरी वा सहयोगको निमित्त अनुरोध गरी सहायता लिन सकिनेछ ।

**३७. बैठक भत्ताः** (१) कोषको सञ्चालक समितिको बैठक भत्ता रू. २,५००।- हुनेछ । यस्तो बैठक भत्ता बैठकमा आमन्त्रित विशेषज्ञ वा पदाधिकारीलाई समेत प्रदान गर्न सकिनेछ ।

(२) सञ्चालक समितिबाट गठित उप समिति वा कार्यदलको बैठकको बैठक भत्ता सञ्चालक समितिलाई तोकिएको बैठक भत्ताको ७५ प्रतिशतले हुन आउने रकम हुनेछ । बैठकमा संयोजकबाट आमन्त्रित विज्ञ, सरोकारवाला तथा विशेषज्ञलाई समेत कार्यदलका सदस्यले पाउने सरहको बैठक भत्ता प्रदान गरिनेछ ।

(३) कोष सञ्चालन समितिले बजेट विनियोजन भित्र रही विशेषज्ञको सेवा करारमा लिन सक्ने छ ।

३८. **विवाद व्यवस्थापनः** (१) सामाजिक सुरक्षा कोष सञ्चालनको क्रममा उत्पन्न विवाद तथा गुनासाहरूको व्यवस्थापन गर्न नेपाल सरकार, रोजगारदाता तथा ट्रेड यूनियनको त्रिपक्षीय प्रतिनिधित्व रहेको विवाद व्यवस्थापन उप समिति रहने छ ।

(२) उप समितिले सहमतीको आधारमा निर्णय गर्ने छ ।

(३) विवादका सम्बन्धमा उप समितिका सदस्यहरू बीच एकमत कायम हुन नसकेमा आआफ्नो धारणा सहित सञ्चालक समितिमा पेश गर्नु पर्ने छ र समितिको निर्णय बमोजिम हुने छ ।

(४) उप समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्ने छ ।

३९ **निर्देशिका तथा कार्यविधिः** (१) कोषको आर्थिक कार्य सञ्चालन, प्रशासनिक व्यवस्था सम्बन्धमा नेपाल सरकारले निर्देशिका जारी गर्न सक्नेछ ।

(२) यस नियमावली र निर्देशिकाको अधिनमा रही सञ्चालक समितिले आफ्नो कार्यविधि तर्जुमा गरी लागू गर्न सक्ने छ ।

४० **व्याख्या गर्ने अधिकारः** यस कोषको कुनै प्रावधान वा विषयमा द्विविधा सिर्जना भएमा त्यसको व्याख्या गर्ने अधिकार अर्थ मन्त्रालयमा रहनेछ ।

४१ **बाधा अट्चन फुकाउः** यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्चन देखिएमा कोष सञ्चालक समितिको सिफारिशमा अर्थ मन्त्रालयको निर्णयले आवश्यक व्यवस्था गर्न सकिनेछ ।

## अनुसूची ३

## कोष सचिवालयको संगठनात्मक संरचना र दरबन्दी

| क्र.सं | पदको नाम | तह | सवाको प्रकार | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यकारी प्रमुख | सहसचिव (पूरा समय काम गर्ने गरी) | नेपाल सरकार | १ | कोष सञ्चालक समिति, सदस्य सचिव । |
| २ | निर्देशक | उपसचिव | नेपाल सरकार | २ | योजना तथा प्रशासन र कोष व्यवस्थापन । |
| ३ | निर्देशक (प्रा) | चार्टड एकाउण्टेन्ट | करार | १ | तलव तथा सुविधा बार्ताबाट निर्धारण हुन सक्ने । |
| ४ | निर्देशक | विज्ञ | करार | ३ | सामाजिक सुरक्षा विज्ञ । |
| ५ | अधिकृत तह | शाखा अधिकृत | नेपाल सरकार | ४ | प्रशासन (सामान्य प्रशासन) । |
| ६ | अधिकृत तह | लेखा अधिकृत | नेपाल सरकार | १ | |
| ७ | अधिकृत तह | कम्प्युटर इन्जिनियर | करार | १ | |
| ८ | अधिकृत तह | सूचना तथा अभिलेख अधिकृत | करार | १ | सूचना तथा अभिलेख व्यवस्थापन । |
| ९ | सहायक कर्मचारी | ना.सु | करार/सरकारी | ४ | शाखागत । |
| १० | ड्राइभर | | करार | २ | |
| ११ | सहायक कर्मचारी | कम्प्युटर अपरेटर | करार | २ | |
| १२ | सहायक कर्मचारी | प्रोग्राम सहायक | करार | १ | |
| १३ | कार्यालय सहयोगी, | कार्यालय | करार | २ | |
| १४ | कार्यालय सहयोगी, | सरसफाई | करार | १ | |
| १५ | सुरक्षा सहयोगी | सुरक्षा गार्ड | करार | ३ | |
| **जम्मा** | | | | **२९** | |